सर्वाधिक बिक्री हुने
# साप्ताहिक
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सबैको लागि सम्पूर्ण पत्रिका




● वर्ष १६ ● अंक ९ ● काठमाडौं, शुक्रबार, असार ३२, २०६७ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, July 16, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १२/-

साप्ताहिकको यो अंकमा प्लसटु शिक्षा र विश्वकप फुटवल विशेष सामग्री समावेश छ ।

# विश्व कीर्तिमानी दीपक



शिव मुखिया



मानिसहरू ज्यानलाई दाउमा थापेर नामको पछाडि दगुर्छन् । आखिर नाममा के छ ? ललितपुर तिखिंदेवलका दीपक शर्मा बजगाईं संक्षिप्तमा भन्छन्- 'आत्मसन्तुष्टि ।' हो, यही आत्मसन्तुष्टिका लागि उनले पटक-पटक ज्यानको बाजी लगाएका छन् । यसबाट उनलाई सफलता नमिलेको होइन, तर उनी अझै अघाएका छैनन् । २५ वर्षीय यी तन्नेरीले तीनवटा विधामा विश्व कीर्तिमान बनाएका छन् । गिनिज वुक अफ वर्ल्ड रेकर्डबाट विश्व कीर्तिमानको प्रमाणपत्र समाएपछि उनको हौसला थप बढेको छ । दीपक भन्छन्- 'सन् २०११ सम्ममा विश्वकै टप टेन कीर्तिमानीका रूपमा नाम राख्न चाहन्छु ।' नेपालमा भने सर्वाधिक विधामा विश्व कीर्तिमान राख्ने आफू एक्लो भएको उनी दाबी गर्छन् । सबै भन्दा लामो समय आवाज निकालेर पढ्ने, टेबुलटेनिस बललाई ब्याटले खेलाउँदै हावामा लामो समय नियन्त्रणमा लिने र छोटो अवधिमा बढी लसुनको पोटी खाने काममा उनले विश्व कीर्तिमान बनाएका हुन् । बेलायतका एड्रिन हिल्टनले २४ वर्षअघि

शेष पृष्ठ २३ मा जारी






## ● क्यासेट ●

### तिम्रो आँचल




गीतकार आलोक कर्णका आधुनिक गीतहरूको संग्रह 'तिम्रो आँचल' बजारमा आएको छ। संग्रहका सबै गीतलाई शक्ति बल्लभले संगीतबद्ध गरेका छन्। यो संग्रहमा स्वरूपराज आचार्य, आनन्द कार्की, अञ्जु पन्त, अशोक कर्ण, जगदीश समाल, माण्डवी त्रिपाठी, सुमित खड्का, शिव परियार तथा शिशिर योगीले स्वर दिएका छन्।

### यात्रा




गीतकार योगेन्द्रमणि दाहालका आधुनिक गीतहरूको संग्रह 'यात्रा' श्रोतामाझ आएको छ। वरिष्ठ गायक दीप श्रेष्ठले संग्रहका गीतमा स्वर दिएका छन्। संगीतकार राजु सिंहद्वारा संगीतबद्ध यो संग्रहलाई म्युजिक डटकमले बजारमा ल्याएको हो।

### प्रशंसा




गायिका प्रशंसा श्रेष्ठका पपगीतहरूको संग्रह 'प्रशंसा' श्रोतामाझ आएको छ। रियाज म्युजिकले बजारमा ल्याएको यो संग्रहका गीत सुरेश अधिकारी, सचिन सिंह, सत्य-स्वरूप, बिजु बज्र, खेमराज गुरुङ, न्हयू बज्राचार्य तथा शान्तिराम राईले संगीतबद्ध गरेका छन्। संग्रहका सबै गीत प्रतिमा श्रेष्ठले रचना गरेकी हुन्।

## ● रंगमञ्च ●

### गुरुकुलमा सपनाको साविती

आज शुक्रबारदेखि आगामी साउन १५ गतेसम्म सोमबार एक दिन बाहेक हरेक साँझ ठीक साढे पाँचबजे पुरानो बानेश्वर, सेतोपुल नजिकै आरोहण थियटर गुरुकुलमा नाटक 'सपनाको साविती' मञ्चन हुँदैछ। सिके लालद्धारा रचित यो नाटकको निर्देशन सुनिल पोखरेलले गरेका छन्। एउटी महिला ट्राफिकको दैनिकीबाट सुरु हुने नाटकले उनको विगतलाई पछ्याउँछ। त्यसपछि नाटकले देशको समसामयिक राजनीति तथा सामाजिक कूरीतिलाई केलाउन थाल्छ। नारी अस्मितामा हिंसाको राजनीतिले पारेको प्रभाव तथा जीवन दर्शनका कुराहरू पनि नाटकमा समेटिएको छ। नाटकमा नीशा शर्मा पोखरेल, पशुपति राई, डा. सञ्जिव उप्रेती, चन्द्रबहादुर कार्की, अनिल पोखरेल (ठूलो), सरीता गिरी, कमलमणि नेपाल, भोलाराज सापकोटा, प्रमिला कटुवाल, सरस्वती थारू, रामहरि ढकाल, विपिन कार्की, जानकी चौधरी, सज्जन थापा मगर आदि दर्जनभन्दा बढी कलाकारले अभिनय गर्नेछन्।

### वीरगन्जमा सगुन पन्छी

आइतबार साँझ वीरगञ्जस्थित मण्डला थियटरले स्थानीय उद्योग वाणिज्य संघको हलमा नाटक 'सगुन पन्छी' मञ्चन गर्‍यो। भारतको वरौदास्थित एसएस युनिभर्सिटीका नाट्य विद्यार्थीहरूले प्रस्तुत गरेको नाटकलाई समुना केसीले निर्देशन गरेकी थिइन्। लक्ष्मीनारायण लालद्धारा लिखित नाटकमा केसी आफैं मुख्य भूमिकामा थिइन्। राजनैतिक प्रलोभनका लागि सामाजिक सद्भाव बिथोल्न खोजिएको अवस्थामा मौलाएको प्रेम नाटकको मूल कथा थियो। नाटकको शैली 'फिल्मी' भएकाले पनि स्थानीय दर्शकले यसलाई रोचकतापूर्वक अवलोकन गरेका थिए।

## ● लाइभ ●

### उज्यालो गाउँका लागि व्याटल अफ ब्यान्ड्स



हङकङमा आउँदो बिहीबार आयोजना हुने सांगीतिक कार्यक्रमले मनोरञ्जनसँगै ठोस उद्देश्य पनि बोकेको छ। हङकङका स्थानीय ब्यान्डहरूबीच प्रतिस्पर्धा गराइने उक्त प्रतियोगिता राजधानीबाट करिब ७५ किलोमिटर टाढा धादिङ जिल्लास्थित उज्यालो गाउँमा स्कुल निर्माण सहयोगार्थ आयोजित हुन लागेको हो। स्कुल नेपालमा बनाइने भए पनि कार्यक्रममा यहाँ बसोबास गर्ने नेपाली, पाकिस्तानी तथा फिलिपिनो युवाहरू सम्मिलित एक दर्जन ब्यान्डको सहभागिता रहने सेजकी अध्यक्ष संगीता गुरुङले बताइन्। करिब २ सय २५ घरपरिपार बसोबास गर्ने उक्त गाउँमा जातीय भेदभावका कारण दर्जनौं दलित बालबालिका शिक्षाबाट वञ्चित रहेको अध्यक्ष गुरुङले बताइन्।

### एपी शेर्पा सोलो नाइट

गायक एपी शेर्पा एकल गायन कार्यक्रममा सहभागी हुँदैछन्। आगामी बुधबार राजधानीमा हुने 'एपी शेर्पा सोलो नाइट' मा गायक शेर्पाले कर्णप्रिय गीत-संगीत प्रस्तुत गर्नेछन्। दरबारमार्गस्थित मालिङ्गो रेष्ट्रो बार एन्ड गजलमा बुधबार साँझ ७ बजेपछि सांगीतिक कार्यक्रम प्रारम्भ हुनेछ।

### वृत्तचित्र प्रदर्शनी

केहीअघि सम्पन्न फिल्म साउथ एसिया महोत्सवमा उत्कृष्ट स्थान हासिल गर्ने दसवटा वृत्तचित्र पाटनको यलमाया केन्द्रमा पुनः प्रदर्शन गरिँदैछ। हिजो बिहीबार प्रारम्भ भएको प्रदर्शनी पर्सि आइतबारसम्म चल्नेछ।

## ● पुस्तक ●

### बिसे नगर्चीको बयान

कवि श्रवण मुकारुङ केही समयअघि 'बिसे नगर्चीको बयान' शीर्षकको कविता लेखेर चर्चाको शिखरमा थिए। त्यही कविता बिसे नगर्चीको बयानसहित ५५ थान कविता समेटेर कवि मुकारुङले आफ्नो पछिल्लो कृति 'बिसे नगर्चीको बयान' कवितासंग्रह सार्वजनिक गरेका छन्। सांग्रिला प्रकाशनद्वारा प्रकाशित १ सय ४४ पृष्ठको यो कविता संग्रहको मूल्य १ सय ५० रुपैयाा छ।

### टाकुरमा एक्लो मान्छे

राष्ट्रपति डा. रामवरण यादवको जीवनी समेटिएको 'टाकुरामा एक्लो मान्छे' नामक कृतिका लेखक स्व. भरत भुर्तेल हुन्। जगदम्बा प्रकाशनद्वारा प्रकाशित यो कृतिमा राष्ट्रपति डा. रामवरण यादवका जीवनका आरोह-अवरोहलाई रोचक शैलीमा प्रस्तुत गरिएको छ। ३ सय १८ पृष्ठको यो कृतिको मूल्य ३ सय ५० रुपैयाा छ।

### राजा वीरेन्द्र र नेपालमा माओवाद

शीर्षकअनुरूप नै यो पुस्तक माओवादी जनयुद्ध र तत्कालीन राजा स्व. वीरेन्द्रबीचको सम्बन्ध केलाउने घटनाक्रमहरूबीच रुमलिएको छ। कतैबाट आधिकारीक रूपमा पुष्टि हुन नसकेका कतिपय प्रसंगलाई नाटकीय रूपमा प्रस्तुत गरिएको यो पुस्तकका लेखक गोपाल कोइराला हुन्। केशवराज पोखरेलद्वारा प्रकाशित यो कृतिको मूल्य १ सय रुपैयाा छ।

## ● ग्यालरी ●

### कवितामा चित्रकला

आगामी साउन २ गते नेपाल पर्यटन बोर्डमा हुने 'पोइट्री कन्सर्ट विद म्युजिक एन्ड पेन्टिङ' का लागि सोमबार राजधानीको लाजिम्पाटस्थित टुकुचे रेस्टुराँमा एक आर्ट क्याम्प सम्पन्न भयो। आठ जना कहलिएका कविको कविता वाचनलाई आठै जना चर्चित चित्रकारले क्यानभासमा चित्र कोर्दै क्याम्पमा सहभागिता जनाएका थिए। कलाकार शशीविक्रम शाहले कवियत्री उषा शेरचनको कविता 'सपना र खण्डहर', किरण मानन्धरले डा. विमल कोइरालाको कविता 'मेरो खुसी', केके कर्माचार्यले कवि एसपी कोइरालाको 'याद राखेस् काइँला', कवियत्री मोमिलाको 'पानी पानी भयो जिन्दगी' लाई कलाकार विजय थापा, कवियत्री अरुणा वैद्यको 'समुद्रलाई आँसु चाहिँदैन' लाई कलाकार एरिना वैद्य, रामेश्वर कार्कीको कवितालाई कृष्ण मानन्धर, महेन्द्रबहादुर गुरुङको कवितालाई धनु याख्खा, कृष्ण प्रसाईंको कवितालाई रविन कोइरालाले क्यानभासमा उतारेका थिए। एउटै स्थलमा कलाकार र कवि भेला गरेर 'आर्ट क्याम्प'को आयोजित गर्ने नेपाली कला साहित्य प्रतिष्ठानका अनुसार पोखराका कवि सरु भक्तको कवितामा कलाकार बुद्धि गुरुङले चित्र कोरेका छन्।

### पोयटिक मुमेन्ट

विभिन्न चर्चित कलाकारको संयुक्त चित्रकला प्रदर्शनी बौद्धस्थित बौद्धनाथ स्तुपा नजिकै रहेको कान्तिपुर आर्ट ग्यालरीमा सञ्चालन भैरहेको छ। शान्तिलाई विषय बनाइ चित्रकारहरू श्यामलाल श्रेष्ठ, वाइसी भुर्तेल, लोकबहादुर, श्याम बलामी, आलोक गुरुङ, नेमबहादुर तामाङलगायत ६० जना कलाकारका कलाकृति प्रदर्शनीमा राखिएका छन्। गत असार १३ गते प्रारम्भ भएको प्रदर्शनी कवितात्मक भावका चित्रहरूको सामूहिक प्रदर्शनी भएकाले शीर्षक पनि 'पोयटिक मुमेन्ट' राखिएको छ। भोलि शनिबारसम्म रहने उक्त प्रदर्शनीका कुल ६७ वटा चित्र अवलोकन गर्न पाइन्छ।

### सकियो आकाशमा संगीत

बबरमहलस्थित नेपाल आर्ट काउन्सिलको ग्यालरीमा चित्रकार राजेश गौतमका चित्रहरुको प्रदर्शनीको सम्पन्न भएको छ। 'आकाशमा संगीत' शीर्षकको उक्त प्रदर्शनीमा कुल ४२ वटा चित्रकला राखिएका थिए। आफ्नो विषय बादल भएकाले चित्रकार गौतमले आफ्ना कलालाई बादलमय बनाएका थिए। भायोलिनवादकसमेत भएकाले चित्रकार गौतमले आफ्नो कलालाई संगीतमय बनाएका थिए। गत असार १६ गते प्रारम्भ भएको प्रदर्शनी यही मंगलबार सकिएको हो।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

असार ३२ गते : पञ्चमी, साउन १ गते : साउने संक्रान्ति, सूर्य दक्षिणायन हुने, कण्डारक पूजा, लुतो फाल्ने दिन, २ गते : गंगा माई रथयात्रा, सूर्य पूजा, ५ गते : तुलसी रोप्ने एकादशी, चतुर्मास व्रत प्रारम्भ ।

### मेष

चालिएका पाइला प्रत्युत्पादक हुँदा मनमा निराशा सिर्जना हुनेछ। गलत विचार बढ्नुका साथै समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। रोग एवं घरेलु समस्याले सताउनेछ। झूटा आरोप पनि लाग्न सक्छ। सोमबारदेखि काममा सुधार आउनेछ भने सफलता पनि हात पर्नेछ।

### मिथुन

पराक्रम, बोलीको प्रभाव तथा सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। तपाईंमाथि महत्त्वपूर्ण जिम्मेवारी आउनेछ भने भाग्यले पनि साथ दिनेछ। बुधबारदेखि स्वास्थ्य गडबड हुने, शत्रुले सताउने तथा काममा अवरोध आउने भएकाले खाँदा एवं बोल्दा विचार पुर्‍याउनुहोला।

### सिंह

पराक्रम एवं बोलीको प्रभाव बढ्नेछ। समस्याहरू हल गर्न सकिनेछ। आफन्तहरूको सहयोग मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। गलत विचार बढ्न सक्ने भएकाले विचार पुर्‍याउनुहोला। स्वास्थ्य गडबड हुनुका साथै खर्च बढ्ने योग छ। अध्ययनमा उतारचढाव आउन सक्छ।

### तुला

सोच्ने शक्ति बढ्नुका साथै भोजभतेर एवं सभासम्मेलनमा सहभागी हुने अवसर जुट्नेछ। व्यवसायमा गरेका प्रयास फलदायी रहनेछन्। अरूको मन सजिलै जित्न सकिनेछ। शनिबार र आइतबार मन अशान्त रहनेछ। काट्नेहरू सक्रिय हुनेछन्। घरेलु समस्याले पनि सताउन सक्छ।

### धनु

स्वास्थ्य गडबड हुने भएकाले खानपानमा विचार पुर्‍याउनुहोला। मान-सम्मान पाइनुका साथै अरूले भरोसा गर्नेछन्। सानै प्रयासले ठूलो काममा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। बुधबार र बृहस्पतिबार मन अशान्त रहनेछ। काममा सफलता पाउन गाह्रो पर्ला। खर्चको गति तीव्र हुनेछ भने झूटा आरोप पनि लाग्न सक्छ।

### कुम्भ

पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्। अध्ययनमा सुधार आउनेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ। प्रेममन लागि समय अनुकूल छ। शनिबार र आइतबार स्वास्थ्य गडबड हुने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्।

### वृष

अरूको मन सजिलै जित्न सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। रमाइलो यात्रा गर्ने अवसर जुट्नेछ। पहिलो भेटमै सहयोगको प्रस्ताव आउनेछ। धन आर्जन गर्न सकिनेछ। रोग एवं शत्रु बढ्ने भएकाले खाँदा तथा बोल्दा विचार पुर्‍याउनुहोला।

### कर्कट

जोस एवं जाँगर बढ्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाउनुहोला। तपाईंको लगनशीलता एवं इमान्दारिता प्रशंसा हुनेछ। सामाजिक क्षेत्रमा प्रशंसा प्राप्त हुनेछ। अध्ययन एवं व्यवसायमा सफलता पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। कुरा काट्नेहरूदेखि सजग रहनुहोला।

### कन्या

झूटा आरोप लाग्ने सम्भावना छ। गलत विचार बढ्ने भएकाले धैर्यतामा जोड दिनुहोला। शनिबारदेखि गरेका काममा सफलता मिल्नेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। धन आर्जन भए पनि खर्चको मात्रा बढ्नेछ।

### वृश्चिक

सजिलै अरूको विश्वास जित्न सकिनेछ। पराक्रम एवं सोच्ने शक्ति बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता मिल्नेछ। भाग्य बलियो छ। वैदेशिक कार्यमा सफलता हात पर्नेछ। धन आर्जन पनि हुनसक्छ। सोमबार र मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ।

### मकर

कुरा काट्नेहरू सक्रिय हुनेछन्। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। शनिबारदेखि काममा सुधार आउनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। भेटघाटमा मन रमाउनेछ। पराक्रमको गति तीव्र हुनुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ।

### मीन

मान-सम्मान मिल्नुका साथै सजिलै अरूको विश्वास जित्न सकिनेछ। अध्ययनमा सफलता हात पर्नेछ। कर्म बलियो छ। वैदेशिक कार्यमा सफलता प्राप्त हुनेछ। सोमबार र मंगलबार स्वास्थ्य गडबड रहनुका साथै काममा अवरोध आउन सक्छ। घरेलु समस्याले पनि सताउनेछ। आर्थिक कारोबारले टाउको दुखाउनेछ।



# सलोनी भइन् मिस इ-कलेज

**साप्ताहिक समाचार**

विभिन्न २८ वटा कलेजमा अध्ययनरत ३० जना छात्रालाई गत शुक्रबार प्रज्ञाभवनको डबलीमा सम्पन्न मिस ई-कलेज-२०१० शीर्षकअन्तर्गतको प्रतिस्पर्धाले एउटै मञ्चमा उभ्यायो। सिजन मिडियाको आयोजनामा सम्पन्न उक्त प्रतियोगितामा सहभागी ३० जना प्रतिस्पर्धीमध्येबाट उत्कृष्ट १५ को छनोट हुँदै अन्ततः उत्कृष्ट ७ जना प्रतिस्पर्धीबीच मिस ई-कलेज उपाधिका लागि अन्तिम प्रतिस्पर्धा भएको थियो। प्रमुख निर्णायक वरिष्ठ पत्रकार तथा साप्ताहिकका संस्थापक सम्पादक किशोर नेपालद्वारा वर्तमान परिस्थितिमा देखिएको प्रमुख समस्याका बारेमा सोधिएको अन्तिम प्रश्नको प्रभावकारी उत्तर दिएर सलोनी न्हेमफुकीले पहिलो मिस ई-कलेजको उपाधिमा कब्जा जमाइन्।

इन्टेन्सिभकी अध्यक्ष अनुराधा कोइरालाले विजेतालाई मुकुट पहिर्‍याइदिएकी थिइन्। विजेताको उपाधिसँगै सलोनीले महिन्द्रा फ्लाइट स्कुटरका साथै मिस डिसिप्लिनको उपाधि पनि जितिन्। बेस्ट ड्रेस उपाधिसहित क्याम्पियन कलेजकी सोनिया श्रेष्ठ फस्ट रनर्सअप बनिन्। सेन्ट जेभियर्स कलेजकी नमिता आचार्य मिस पपुलरसहित सेकेन्ड रनर्सअप घोषित भइन्। मिस भ्यूयर च्वाइस र मिस क्याटवाकको उपाधि शुभेच्छा खड्काले प्राप्त गरिन्। यसैगरी लक्ष्मी थापा मिस फ्रेन्डसिप, मनिका खड्का मिस ब्युटिफुल हेयर, प्राप्ति खड्का मिस स्माइल, नीता थापामगर मिस फोटोजेनिक, मोलिसा बज्राचार्य मिस पर्सनालिटी तथा पुष्पा पलान्चोके मिस ट्यालेन्ट घोषित भए।

# संस्कृति सुन्दरी बन्ने होड



पोखरा- पोखरामा यस पटक जातीय संस्कृतिलाई केन्द्रित गरेर सौन्दर्य प्रतियोगिता आयोजना हुन लागेको छ। द लुक्स फेसन होम्सले गर्न लागेको मिस कल्चर- २०१० को तयारी सुरु भएको छ।

मिस कल्चर बन्ने होडमा यतिबेला १६ जना युवती छन्। अमरसिंहचोककी १९ वर्षीया सनिसा गुरुङ मोडलिङप्रति खासै रुचि नभए पनि जातीय पहिचान र संस्कृतिमा केन्द्रित प्रतियोगिता भएकाले भाग लिने इच्छा जागेको बताउँछिन्। 'यस्तो प्रतियोगिताले जातीय मात्र नभै समग्र नेपाली संस्कृतिकै नै उत्थान गर्ने काम गर्छ,' गुरुङले बताइन्।

सनिसा मात्र होइनन्, उनीजस्ता अन्य सहभागी युवतीहरूको धारणा पनि उनको जस्तै छ। हराउँदै गएको भाषा-संस्कृतिको संरक्षणका लागि आयोजकहरूले यस्तो खालको प्रतियोगिता आयोजना गरेका हुन्। 'हाम्रो भाषा हाम्रो संस्कृति' को उद्घोषसहित सुरु भएको प्रतियोगिताका लागि १८ देखि २५ वर्ष उमेरका पल्स टु तथा स्नातक पूरा गरेका युवतीहरूले सहभागिता जनाएका छन्।

गुरुङ, मगर, तामाङ, राई, थकाली, बाहुन, क्षेत्री आदि युवतीहरू उपाधि जित्नका लागि यतिबेला प्रशिक्षण लिइरहेका छन्। उनीहरूलाई सम्बन्धित भाषाका दक्ष व्यक्तिहरूबाट भाषागत तालिम दिलाउने व्यवस्थासमेत गरिएको छ। यसका अतिरिक्त पौडी, शैक्षिक भ्रमण, नेतृत्व विकास, स्वास्थ्य हेरचाह, नृत्य, पौडी, सञ्चार आदि विषयमा तालिम प्रदान गरिएको छ। धेरै युवायुवतीले आफ्नो भाषा-संस्कृति बिर्संदै जान थालेपछि द लुक्स फेसन होम्सले संस्कृति लोप हुनबाट जोगाउन विभिन्न जातजातिका युवतीहरूलाई लिएर अघिल्लो वर्षदेखि पोखरामा मिस कल्चर सुन्दरी प्रतियोगिता आयोजना गर्दै आएको छ।

## नुवाकोटका लोकतारा

विदुर– लोकसंस्कृतिको जगेर्ना गरी लोकभाकालाई संरक्षण गर्ने उद्देश्यले नुवाकोटमा सञ्चालन भएको नुवाकोट लोकताराको उपाधि विनोद सुनारले हात पारेका छन्। लोकराष्ट्रिय लोकतारा खोजी अभियानअन्तर्गत त्रिवेणी कला तथा सांस्कृतिक समाजको आयोजनामा दुई दिनसम्म चलेको प्रतियोगितामा श्रीकृष्ण थापालाई उछिनेर सुनार नुवाकोट लोकतारा बनेका हुन्।

प्रतियोगितामा नुवाकोटका १३ जनाले भाग लिएका थिए। नुवाकोट लोकतारा सुनारले राष्ट्रिय लोकताराका लागि प्रतिस्पर्धा गर्न पाउनेछन्।

राष्ट्रिय लोकभाका संस्कृति तथा संगीतकर्मी उत्थान मञ्च नेपालले लोपोन्मुख लोकभाका तथा लोकसंस्कृति जगेर्ना गर्ने उद्देश्यले देशका ११ जिल्लाका लोकतारा छनौट भैसकेका छन्। ७५ वटै जिल्लाबाट लोकतारा छनौट गरी राष्ट्रिय प्रतियोगितामार्फत राष्ट्रिय लोकतारा छनौट गरिने आयोजक संस्थाले जनाएको छ।



# मिस्टर एन्ड मिस काठमाडौं

**साप्ताहिक समाचार**

काठमाडौं- मिस्टर एन्ड मिस काठमाडौं-२०१० आगामी भदौ २५ गते आयोजना हुने भएको छ। विगत पाँच वर्षदेखि आयोजना हुँदै आएको यो प्रतियोगितामा यस पटक २० जना पुरुष तथा २० जना महिला मोडलले प्रतिस्पर्धा गर्दैछन्। एक्सपोज नेपाल डट कमले आयोजना गर्ने यो प्रतियोगिताका लागि आगामी साता अन्तिम प्रतिस्पर्धी छानिनेछ। छनोट भएका प्रतियोगीहरूलाई डेढ महिना लामो प्रशिक्षणमा सहभागी गराइनेछ। कमलादीस्थित प्रज्ञा भवनमा हुने प्रतिस्पर्धाको कोरियोग्राफी मिस्टर राजधानी दिनेश शाही तथा मिस राजधानी चाँदनी लामिछानेले गर्दैछन्। प्रतियोगितामा १७ देखि २५ वर्ष उमेर समूहका युवा-युवतीले भाग लिने बताइन्छ।



# डिजे फ्लोले बाजी मारे

**साप्ताहिक समाचार**

काठमाडौं- डिजे बन्न इच्छुक तथा डिजेइङ गरिरहेका युवा संगीतकर्मीलाई समेटेर तिम्रो हाम्रो डट कमले प्रतियोगिता नै सम्पन्न गरेको छ। वार अफ डिजे शीर्षकको यो मनोरञ्जक प्रतियोगिताको निर्णायक प्रतिस्पर्धा यसै साता सम्पन्न भएको हो। तराई टेलिभिजनले विगत १८ सातादेखि प्रसारण गरिरहेको वार अफ डिजेको निर्णायक चरणमा पुगेका उत्कृष्ट छ जना डिजेबीच कडा प्रतिस्पर्धा भएको थियो। 'वार अफ डिजे' तराई टेलिभिजनबाट प्रत्येक बिहीबार राति ८:३० बजे प्रसारण भैरहेको थियो। कार्यक्रमको अन्तिम भाग हिजो बिहीबार प्रसारण भयो।

प्रतियोगितामा डान्स पार्टीमा भेला भएका युवा-युवतीलाई नचाउँदै प्रत्येक डिजेले तोकिएको समयभित्र दसवटा गीत मिक्सिङ गर्नुपर्ने नियम बनाइएको थियो। कम्तीमा दुइटा नेपाली गीत समावेश गर्नैं पर्ने नियम भएकाले अधिकांशलाई अंग्रेजी तथा हिन्दी गीतसँगै नेपाली गीत बजाउन हम्मे-हम्मे परेको देखिन्थ्यो। निर्णायक चरणमा डिजे बीपीएम, डिजे केजेडएन, डिजे फ्लो, डिजे अलि, डिजे सुरेश तथा डिजे पासाबीच प्रतिस्पर्धा भएको थियो। डिजे रुपेस, डिजे साज, डिजे तेन्जिङ, डिजे शिशिर, डिजे बिम्यान तथा डिजे राजु निर्णायक रहेको उक्त प्रतियोगितामा डिजे फ्लो ले सर्वोत्कृष्ट डिजेको उपाधि जित्दै नगद ५० हजार रुपैयाँ प्राप्त गरे। प्रतियोगितामा डिजे केजेडएन फस्ट रनर्सअप तथा डिजे अलि सेकेन्ड रनर्सअप घोषित भए। नरेश भट्टराईले सञ्चालन गरेको यो प्रतियोगिताको प्रारम्भिक चरणमा १७ जना डिजेबीच प्रतिस्पर्धा भएको थियो। पहिलो चरणमा चार, दोस्रोमा तीन जना प्रतिस्पर्धी प्रतियोगिताबाट बाहिरिएका थिए। त्यसपछि बाँकि रहेका १० जना डिजेलाई थप प्रशिक्षण दिइएको थियो। प्रशिक्षणपछिको प्रतिस्पर्धाबाट थप पाँच जना डिजे बाहिरिए। निर्णायक चरणका लागि पाँच जना डिजे छनोट भएका थिए। डिजे पासा निर्णायक चरणमा सहभागी हुने छैठौं डिजे हुन्, जसले अत्यधिक मत पाएर निर्णायक चरणमा प्रवेश पाएका थिए।




• सम्पादकीय •

# विचार गरौं एकैछिन

राजनीतिमा आदर्श हुनुपर्छ । आदर्श राजनीतिले नै समाजलाई सुनिश्चित गन्तव्यतर्फ डोऱ्याउछ । राजनीतिलाई समाजको मस्तिष्क मानिन्छ । भनिन्छ, राजनीति सप्रियो भने समाजका सबै अंग सकारात्मक रूपमा सक्रिय हुन्छन् र प्रतिफलमा समाज निरन्तर प्रगतितर्फ उन्मुख हुन्छ । यो राजनीति विज्ञानको साउँअक्षर सिक्दै गरेका मानिसलाई पनि थाहा भएको कुरा हो । अहिले हाम्रो मुलुक पनि राजनीतिमा आदर्शको खोजी गरिरहेको छ । यस्तो आदर्शको अपेक्षा नेपाली जनताले सबै राजनैतिक दलबाट गरेका भए पनि सबैभन्दा बढी अपेक्षा नेकपा एमाओवादीबाट गरिएको छ । एकदशक लामो सशस्त्र जनयुद्धमार्फत राजनीतिमा आफ्नो छुट्टै अस्तित्व देखाउन सफल माओवादीहरूले शान्तिपूर्ण राजनीतिमा अवतरण गरेयता बाग्मतीमा धेरै पानी बगिसकेको छ । जनताको अभिमतलाई स्वीकार गर्दै माओवादीले आफूलाई सैन्यमोह नभएको राजनैतिक दलका रूपमा रूपान्तरण हुने वाचा गरेर अहिलेको राजनैतिक उचाइ प्राप्त गरेको हो । बहत् शान्ति–सम्झौतापछिका दिनहरूमा माओवादी सम्बद्ध केही व्यक्ति आपराधिक क्रियाकलापमा संलग्न भएका घटनाहरू पनि पटक–पटक सार्वजनिक हुदै आएको छ । त्यस्ता आपराधिक क्रियाकलापमा संलग्न आफ्ना कार्यकर्ताहरूलाई जोगाउन माओवादी नेतृत्वले पटक–पटक क्षमायाचना गर्दै आएको छ, तर पनि माओवादी कार्यकर्ताहरू युद्धकालीन धङधडीबाट मुक्त हुन नसकेका घटनाहरू बारम्बार दोहोरिदै आएको छ ।

पछिल्लो पटक माओवादी सेनाका कमान्डरसमेत भनिएका कालिबहादुर खाम लुटपाट र तस्करीको अभियोगमा प्रहरीद्वारा खोजी गरिएका पात्र हुन पुगेका छन् । यो विषयमा माओवादी नेतृत्वले आफ्ना वरिष्ठ सैन्य कमान्डर नै आफ्नो सम्पर्कमा नभएको सूचना जारी गरेर प्रहरीलाई असहयोग गर्ने मनस्थिति बनाएको छ । आफ्ना सेनाको ब्रिगेडस्तरका कमान्डर आफ्नो सम्पर्कमा छैनन् भन्ने माओवादी अभिव्यक्तिलाई आमजनताले पचाउन सकेका छैनन् । आफूलाई जनताको राजनीति गर्ने नागरिक दल भएको बताउने एउटा राजनैतिक दलले यस्तो अभिव्यक्ति सार्वजनिक गर्नु राजनैतिक आदर्शको विषय हुन सक्दैन । मुलुक र समाजलाई निर्देशित गरेर एउटा सुस्पष्ट गन्तव्यमा पुऱ्याउने लक्ष्य लिएको एउटा राजनैतिक दलका लागि हतियार मोह जति घातक हुन्छ त्यति नै घातक अपराध कर्ममा मुछिएका आफ्ना कार्यकर्ताहरूको संरक्षण गर्नुमा हुन्छ भन्ने कुरा माओवादी नेतृत्वले नबुझेको कुरा हुन सक्दैन । तसर्थ आफूलाई एउटा असल नागरिक दलका रूपमा प्रमाणित गर्न पनि माओवादी नेतृत्वले अपराधमा संलग्न रहेका वा अपराधको बात मात्र लागेको भए पनि त्यस्ता कार्यकर्ताहरूलाई कानुनको दायरामा ल्याउन सम्बन्धित निकायलाई सहयोग गर्नुपर्छ । यस्तो सहयोगले मात्र नेकपा एमाओवादी एउटा असल नागरिक दलका रूपमा जनताको प्रिय दल बन्न सक्छ ।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।

• चिठीपत्र •

## यसकारण हुन्छ मिस नेपालको विरोध




मिस नेपाल' प्रतियोगिताको घोषणासँगै यसअघिका मिस नेपाल प्रतियोगिताजस्तै यसपालि पनि विरोधहरूका बीच सम्पन्न हुन्छ कि चर्कै विरोधको आवाज गुँजिएर मिस नेपाल प्रतियोगिता नै हुनेछैन, चर्चाको विषय बनेको छ ।

मिस नेपाल प्रतियोगिता आयोजित गर्नु कुनै अपराध होइन । यस्तो प्रतियोगिताले नारीको व्यक्तित्व र प्रतिभालाई उजागर गर्छ । यस्तो प्रतियोगितालाई कुनै दल विशेषले शोषणको संज्ञा दिएर बन्द गर्नुपर्छ भन्ने आवाज उठाउनु हास्यास्पद हो । दुई वर्षअघि स्थगित भएको 'मिस नेपाल' को घटनाले नेपाली सभ्यताको खिल्ली उडाएको छ । गत वर्ष सम्पन्न मिस नेपाल प्रतियोगिता चर्चा-परिचर्चाबाट ओझेल हुँदै बन्दुकको प्राचिरभित्र सम्पन्न भयो । 'मिस नेपाल' प्रतियोगितामा कति योग्य, कति सुन्दर, कति प्रतिभावान् सुन्दरी प्रतियोगी भए बुझ्ने नेपाली जनताको नैसर्गिक अधिकारलाई खोसेर केवल उपाधि मात्र चिनाउने काम भयो । कुनै प्रतियोगिताको शीर्षकमा नेपाल शब्द आएपछि त्यो प्रतियोगिताका बारेमा सुसूचित हुने अधिकार नेपाली जनतामा छ । नारीको सुन्दरतालाई सुन्दर फूलसँग तुलना गरिन्छ । तिनै फूलहरूको सुन्दरतालाई गोलीले सुरक्षा दिनु निकै अशोभनीय थियो । कुनै पक्षले सुन्दरतासम्बन्धी प्रतियोगिताको विपक्षमा आवाज उठाउँछ भने आयोजकले पनि पक्षमा आवाज उठाउन सक्नुपर्छ, जनमत बनाउन सक्नुपर्छ ।

'मिस नेपाल' प्रतियोगितासँग सुरुदेखि नै सभाबाहिर टाउका र लाठीको सम्बन्ध किन गाँसियो, आयोजकहरूले पनि समीक्षा गर्नु आवश्यक छ । मिस नेपाल प्रतियोगिताको विरोधको आवाज उठ्नुका केही ज्वलन्त कारण छन् जसको समाधान आजको आवश्यकता हो ।

आयोजकहरूले एक वर्षसम्म 'मिस नेपाल' प्रतियोगितामा उपाधि प्राप्त सुन्दरीलाई कुनै सामाजिक र परोपकार कार्यमा संलग्न गराउनुको सट्टा आफ्नो वस्तु र उत्पादन चिनाउनेसाधन मात्र बनाउँछन् । मिस नेपाल प्रतियोगिताकी सुन्दरी देशकी सुन्दरी हुन्छिन् । ती सुन्दरीमा कुनै व्यवसाय वा ब्रान्डको एकलौटी आधिपत्य कसैलाई स्वीकार्य हुँदैन । मिस नेपालको हातले कुनै व्यापारिक तेल उचालेको भन्दा एड्सले पीडित कुनै बालकको घाउ सुमसुमाएको देख्न पाउने कामना सबैले गरेका हुन्छन् । मिस नेपाल हुनेबित्तिकै उनलाई अनुबन्धको नाममा व्यापारिक प्रचार-प्रसार र विज्ञापनको बन्दी बनाउने अभ्यास गरिन्छ, फलस्वरूप नारी शोषणको आवाज उठ्छ ।

मिस नेपाल प्रतियोगितामा सहरिया नारीको मात्र पहुँच छ । फलस्वरूप चुनिएकी सुन्दरीले समूल नेपालको प्रतिनिधित्व गर्न सक्दैनन् । आजको समावेशी मिस नेपाल प्रतियोगितामा जिन्स र पाइन्टमा मात्र सुशोभित हुनेहरू नारी होइन, गुन्यू र चोलीमा सुसज्जित हुने नारीको पनि आवश्यकता छ । त्यस्ता नारीको पनि खोजी गरिए मिस नेपालको औचित्य प्रस्ट भएर विरोधको आवाज मत्थर हुन्छ ।

'मिस नेपाल' प्रतियोगिताको नाम 'मिस नेपाल' मात्र हुनु आवश्यक छ । राणाकाल र शाहीकालमा जस्तो कुनै पनि चीजमा आफ्नो नाम जोड्ने सामन्ती चलन एक्काइसौं शताब्दीको मिस नेपाल प्रतियोगितामा हुनुहुँदैन । कुनै कम्पनीको नाम अगाडि आएर 'नेपाल' शब्द पछि पर्नु देशमाथि नै अन्याय भएजस्तो देखिन्छ ।

सौन्दर्य प्रतियोगितामा सहभागीहरूले कतिसम्म पहिरन लगाउने, त्यसको मापदण्ड हुनुपर्छ । त्यो मापदण्डलाई महिला मन्त्रालयवाट स्वीकृत गर्नुपर्ने व्यवस्था चाहिन्छ । सामाजिक, सांस्कृतिक, धार्मिक र लैङ्गिक धरातलमा त्यो मापदण्डको प्रारूप तयार पार्नुपर्छ । यस्तो व्यवस्थाले नांगिने र नंग्याउने विवादमात्र समाप्त हुँदैन, देशको गरिमा र मर्यादामा पनि आँच आउनेछैन । यस्तो व्यवस्थाले नारीको अस्मितामाथि प्रश्न उठाइने स्थितिको अन्त्य गर्नेछ ।

नयाँ-नयाँ मोडलहरूलाई पनि स्थान दिँदै जानुपर्छ । मोडलिङमा करियर बनाउन चाहनेहरूका निम्ति शैक्षिक स्तरबाटै पहल आवश्यक छ । कुनै पनि नारीले मोडलिङसम्बन्धी संकाय रोज्न सक्ने बनाउनुपर्छ । यसो गरे मोडलिङ मर्यादित पेसाका रूपमा चिनिने मात्र होइन, सुन्दरीहरूमा पनि बाक्लै प्रतिस्पर्धा भएर चुनिएकी सुन्दरी अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि सक्षम हुनेछिन् ।

यति कुरा हुन सके सुन्दरीहरूले छाती फुलाएर मञ्चमा आफ्नो परिचय दिन सक्नेछन् ।

**प्रेमकृष्ण श्रेष्ठ**

• तीतो सत्य •

• भूल, गल्ती र अनिष्ठ कार्यलाई बारम्बार दोहोऱ्याइरहनु मानिस हुनु होइन ।

• शिक्षा जति सकिन्छ हासिल गर्नुपर्छ, ज्ञान जति सकिन्छ बाँड्नुपर्छ, बुद्धि जति सकिन्छ तिखार्नुपर्छ, चेतनाको बत्ती जति सकिन्छ बाल्नुपर्छ र कर्तव्य जति सकिन्छ निर्वाह गर्नुपर्छ ।

**अगस्त्य केसी**

• इच्छा भएर केही लाग्दैन, उपायकै उपयोग गरेर पनि केही लाग्दैन किनभने श्रम, सीप र संघर्षबिना इच्छा पूर्ति हुन सक्दैन ।

• दायित्व निर्वाहका क्रममा इमान्दारिता, अनुशासन एवं लगनशीलताको ठूलो भूमिका हुन्छ ।

**वसन्त खत्री**

• जति अरूलाई निर्देशन दिन सजिलो हुन्छ त्यति नै आफ्नो व्यवहारमा लागू गर्न गाह्रो हुन्छ ।

• संघर्षबिनाको सफल जीवन खोज्नु मरुभूमिमा पानी खोज्नु जत्तिकै हो ।


• सत्यमार्ग चिन्न कठिन हुन्छ ।

• दुःखको अनुभूति नहुने मानिस व्यावहारिक परीक्षामा फेल हुन्छ ।

**धावङ स्याङदान**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*
*–सम्पादक*

• सहर चर्चा •



## अमेरिकी राष्ट्रपतिबाट सम्मानित

अमेरिकाको इन्डियाना राज्यमा बसोबास गरिरहेकी एउटी नेपाली बालिका अमेरिकी राष्ट्रपतिबाट सम्मानित भएकी छिन् । स्थानिय कार्लिन पार्क इलिमेन्टरी स्कुलमा कक्षा ६ मा अध्ययनरत विधि शर्मा अमेरिकी राष्ट्रपतिद्वारा प्रदान गरिने आउट स्ट्यान्ड्री एकेडेमिक एक्सिलेन्स एवार्डबाट सम्मानित भएकी हुन् । विधिले सन् २००९-२०१० अन्तर्गत कक्षा ५ को तीन विषयमा शतप्रतिशतसहित सर्वोत्कृष्ट नतिजा ल्याएर उक्त सम्मान पाएकी हुन् । अमेरिकामा तीन विषयमा शतप्रतिशत अथवा कुल प्राप्तांकमध्ये सर्वोत्कृष्ट हुने कक्षा ५ का छात्र/छात्रालाई यस्तो सम्मान प्रदान गरिन्छ । इन्डियानामा यस्तो शैक्षिक सम्मान पाउने दस वर्षीया विधि पहिलो नेपाली हुन् । अमेरिकाको बोस्टनमा जन्मिएकी विधि समीर शर्मा तथा सिर्जना शर्माकी जेठी छोरी हुन् । विधिले अघिल्लो साता मात्र अमेरिकी राष्ट्रपतिको कार्यालयबाट उक्त सम्मान ग्रहण गरेकी छिन् ।

• मोडल वाच •

## प्रीतिको संघर्ष

प्रीति पौडेल नेपाली मोडलिङ क्षेत्रमा नयाँ नाम हो । पूर्वको सुन्दर सहर इटहरीबाट मोडलिङ गर्ने उद्देश्यले राजधानी आएकी प्रीति यो क्षेत्रमा संघर्षरत भएको बताउँछिन् । ग्ल्यामरक्षेत्रमा प्रवेश गरेर नाम कमाउने उद्देश्य लिएकी प्रीति सुपर मोडल बन्न चाहन्छिन् । केही फेसन शोमा क्याटवाक गरिसकेकी प्रीति राम्रो मोडल बन्नका लागि आफ्नो शरीरिक बनावटमा विशेष ध्यान दिनुपर्ने बताउँछिन् । 'राम्रो शरीर भए मात्र राम्रो मोडल बन्न सकिने रहेछ,' उनले सिकेको कुरा यही हो । यसबाहेक मोडलमा हुनुपर्ने थप दुई गुण सकारात्मक सोच तथा आत्मविश्वास आफूमा भएको उनी बताउँछिन् । पोखराबाट सञ्चालित ठिकठाक डटकमका लागि पहिलो पटक फोटोसेसन गर्दा प्रीति जति लजाएकी थिइन्, दोस्रो सेसनसम्म आइपुग्दा उनले आफूलाई सफल मोडलका रूपमा स्थापित गरिसकेकी थिइन् । उनका पछिल्ला तस्बिरहरू ठिकठाक डटकममा हेर्न सकिन्छ ।



• मुखाले •

अनमिनले आफ्नो क्षेत्राधिकारबाहिर गएर संविधान बन्न नदिने काम गरेको छ ।

**प्रधानमन्त्री माधवकुमार नेपाल**

अनमिनले आफ्ना सबै काम माओवादीसँगको मिलोमतोमा गरिरहेको छ ।

**सुशील कोइराला**

अहिले एमालेले सरकारको नेतृत्व दाबी गरेको छैन ।

**झलनाथ खनाल**

जसले सहमतिको वातावरण बनाउन सक्छ उसैले सरकारको नेतृत्व गर्छ ।

**सुजाता कोइराला**

माधवकुमार नेपालको सरकारलाई एमालेले नै असफल बनाएको हो ।

**नारायणमान बिजुक्छे**

लोकतन्त्रमा एउटा दलले अर्को दललाई वर्ग शत्रुका रूपमा होइन, मित्रका रूपमा सम्मान गर्नुपर्छ ।

**महेन्द्र यादव**

हामीले दुई वर्षसम्म तीन दलको कलाहीन नाटक हेऱ्यौं ।

**हृदयेश त्रिपाठी**

शान्ति र संविधान दलहरूको एजेन्डा नै होइन ।

**डा.सुरेन्द्र केसी**

सरकार सञ्चालनको जिम्मा अब विज्ञहरूलाई दिनुपर्छ ।

**अजय द्विवेदी**

पुरुषले गर्ने आत्महत्याको ९० प्रतिशत कारण महिलाद्वारा हुने हिंसा हो ।

**केशव अर्याल**



# विद्यार्थीले गान्धी बन्ने प्रयास गर्नुहुँदैन

यो वर्ष एसएलसी उत्तीर्ण करिब २ लाख ७५ हजार विद्यार्थी प्लस टुमा भर्ना भैरहेका छन्। लगातार १० वर्षसम्म एकै किसिमको वातावरणमा अध्ययन गरेका विद्यार्थीहरू प्लस टु तथा क्याम्पसमा अध्ययन थाल्दा अल्मलिनुका साथै फरक अनुभव गर्छन्। विद्यालय र क्याम्पस जीवनमा केही तात्विक भिन्नता हुने भएकाले विद्यालयका राम्रा विद्यार्थी प्लस टुमा कमजोर हुने र विद्यालयका कमजोर विद्यार्थीले क्याम्पसमा राम्रो अंक ल्याएको पनि देखिन्छ। यस्तो समस्या आउनुका पछि विद्यालय र क्याम्पसबीच हुने अध्ययन एवं अध्यापनबीचको फरक नै हो। प्रवेशिका परीक्षा उत्तीर्ण भएपछि क्याम्पसको वातावरण कस्तो हुनुपर्छ, विद्यार्थीले कसरी अध्ययन गर्नुपर्छ, विद्यार्थीको आशा के हुन्छ, विद्यार्थीलाई क्याम्पसले कस्तो व्यवहार गर्नुपर्छ भन्ने विषयमा धेरै बहस हुन्छन्। यही बहसलाई अघि बढाउन यसपटक साप्ताहिकले दुई वर्षअघि प्लस टु मा नेपाल टप भएका केशवराज पोखे्रलसँग कुराकानी गरेको थियो। दाङ तुल्सीपुरको राप्ती विद्यामन्दिरबाट ८३ प्रतिशत अंक ल्याएर प्रवेशिका उत्तीर्ण गरेका पोखे्रल पिनाकल एकेडेमीबाट ८८ दशमलव ८८ प्रतिशत अंकका साथ प्लस टुमा नेपाल टप भएका थिए। अहिले इलेक्ट्रोनिक्स इन्जिनियरिङ अध्ययन गरिरहेका पोखे्रलले इन्जिनियरिङ अध्ययन संस्थानले लिएको प्रवेश परीक्षामा पनि प्रथम स्थान हासिल गरेका थिए। उनको अध्ययनले इन्जिनियरिङमा पनि प्रथम स्थान हासिल गर्ने लक्षण देखाएको छ।

**प्रत्येक वर्ष तपाईंले परीक्षामा राम्रो अंक ल्याइरहनु भएको छ, यसको कारण के हो ?**

मानिस जति परिपक्व हुँदै गयो, उसमा विषयको ज्ञान बढ्दै जान्छ। बढेको ज्ञान परीक्षामा देखिन्छ।

**तर धेरैजसो विद्यार्थी विद्यालयमा राम्रो अंक ल्याउँछन्, तर क्याम्पसमा क्रमशः कमजोर हुँदै जान्छन्, किन ?**

थोरै अंकले तलमाथि हुनु सामान्य हो। विभिन्न परिस्थितिका कारण एउटा विद्यार्थीले सधैं एउटै किसिमको परफरमेन्स दिन सक्दैन। यदि विशिष्ट विद्यार्थी प्रथम श्रेणीमा र प्रथम श्रेणीको विद्यार्थी दोस्रो श्रेणीमा झर्‍यो भनेचाहिँ चिन्ताको विषय हो। यदि कोही विद्यालयमा धेरै राम्रो थियो तर क्याम्पसमा तल झर्न थाल्यो भने त्यसमा क्याम्पस, अभिभावक एवं विद्यार्थीले एकसाथ त्यसको खोजी गर्नुपर्छ। किनभने यो विद्यार्थीको मात्र चिन्ताको विषय होइन।

**तपाईंको विचारमा के कारणले क्याम्पसमा विद्यार्थी कमजोर हुन्छन् ?**

एउटा त स्कुलभन्दा क्याम्पसको वातावरण फरक हुन्छ। धेरैजसो विद्यार्थी गाउँबाट सहरका प्लस टु पढ्न आएका हुन्छन्। कतिपयको अंग्रेजी कमजोर हुन्छ। कतिपय गलत संगतमा लाग्छन्। कतिपय क्याम्पसले नै विद्यार्थीको क्षमता बढाउने उपाय अपनाउन सक्दैनन्। कतिपयले एसएलसी उत्तीर्ण भएपछि ठूलो काम गरियो भनेर मेहनत गर्न छाडिदिन्छन्। जुनसुकै कारण भए पनि राम्रो विद्यार्थीले कमजोर परफरमेन्स दिनु चिन्ताको विषय हो।

**तपाईंले विद्यालयको तुलनामा क्याम्पसमा राम्रो अंक ल्याउनु भएको छ, त्यसको कारण के हो ?**

आठ कक्षासम्म मलाई पढाइको महत्त्व थाहा थिएन। एसएलसी नजिक आएपछि मात्र मैले यसलाई गम्भीर रूपमा लिएँ। एसएलसीमा सरको नोट र एउटा पुस्तक नै एउटा विषयका लागि पर्याप्त हुन्थ्यो। क्याम्पसमा एउटा नोट वा एउटा मात्र गाइडबाट विषयको गम्भीरतालाई बुझ्न सकिँदैन। त्यसैले अध्ययनको समय बढाउनुपर्छ। मैले विषयको गम्भीरताअनुसार अध्ययन गर्ने समय बढाएँ। आफूले नबुझेका कुरा कक्षा शिक्षकसँग बुझ्ने प्रयास गरें। यो प्रयास नै राम्रो अंक आउने कारण बन्यो।

**अहिले लाखौं विद्यार्थी प्लस टुमा भर्ना भएका छन् उनीहरूको समस्या के हुन सक्छ ?**

धेरैजसो विद्यार्थीले प्ल टुमा भर्ना हुँदा देखेका सपना पूरा हुँदैनन्। एसएलसीमा थोरै पुस्तक, थोरै ज्ञान, सानो संसार हुन्छ, तर कल्पनाको संसार ठूलो हुन्छ। प्लस टुमा भर्ना हुँदा पाठ्यपुस्तक पनि धेरै हुन्छन्। विषय पनि गम्भीर हुन्छ। एकैपटक ठूलो भार बोक्नुपर्ने अवस्था आउँछ। यदि यो गम्भीरतालाई विद्यार्थीले बुझ्न सकेनन्, म त राम्रो विद्यार्थी हुँ भन्ने घमण्ड पाल्यो भने, क्याम्पसले पनि राम्रो अध्ययन गर्ने वातावरण दिन सकेन भने समस्या आउन सक्छ।

**राम्रो अंक ल्याउने लक्ष्य लिएका विद्यार्थी थोरै हुन्छन्, यस्ता विद्यार्थीलाई क्याम्पसका अन्य विद्यार्थीले ऱ्याकिङ गर्ने, अध्ययनमा बाधा दिने आदि दुर्व्यवहार हुन्छ, यो समस्याबाट कसरी पार पाउने ?**

राम्रा विद्यार्थीहरू अरूसँग संगतै गर्नुहुँदैन भन्ने सोच्छन्। संगत नगरेपछि अरूले ऱ्याक गर्छन्। यदि उनीहरूसँग घुलमिल गर्ने हो भने अपमानित हुने अवस्था नै आउँदैन। वास्तवमा पढ्नु सामूहिक कार्य हो। टिमवर्कबिना राम्रो काम गर्न सकिँदैन। कमजोर विद्यार्थीसँग संगत गर्दा उनीहरूले धेरै कुरा सोध्छन्। उनीहरूलाई सिकाउँदा सिकाउँदै धेरै कुरा याद हुन्छ। संसारमा कोही पनि मानिस खराब हुन चाहँदैन। क्याम्पसले, अभिभावकले, शिक्षकहरूले उनीहरूलाई खराब हुन बाध्य बनाएका हुन्। यो आधुनिक जमानामा त्यस्तो धारणा पाल्नु हुँदैन।

**कमजोरसँग संगत गर्दा अरूको खराब आदत आफूमा सर्ने डर हुँदैन ?**

दक्षिण अफ्रिकामा जतिखेर गान्धी ल पढ्दै थिए। उनको एउटा साथी मांसहार थियो। गान्धीलाई आफ्नो मिल्ने साथीले मासु खाएको मन परेन। उनले सुधार्ने योजना बनाए। उनीसँगै खाना खान थाले। तर त्यो साथीले मांसहारका बारेमा यति बयान गर्न थाल्यो कि उनी झन्डै मांसहारी भएका थिए। यदि कुनै विद्यार्थी खराब कुराको सहारा लिँदैछ भने साथीलाई सुधार्छु भनेर उसको ठेक्का लिनुहुँदैन। हाम्रो गान्धी बन्ने समय आउँछ अहिले गान्धीकै बाटो समाउँछु भन्नु मूर्खता हो।

**क्याम्पस आएपछि कस्ता विद्यार्थी बिग्रन्छन् ?**

जसको स्पष्ट लक्ष्य हुँदैन। जसले विद्यार्थी जीवनको महत्त्व बुझेको हुँदैनन्। विद्यार्थी बिग्रनुमा

**बाँकी पृष्ठ १३ मा**












# कस्तो प्लस टु रोज्ने ?



तस्बिरहरू : विदुर खतिवडा

एसएलसी उत्तीर्ण लाखौं विद्यार्थी उच्च शिक्षाका क्रममा प्लस टु शिक्षा प्रणालीअन्तर्गत विभिन्न उच्चमाविमा भर्ना भैरहेका छन्। विषयगत रूपमा कुन संकाय रोज्ने, त्यसअनुरूप कस्तो प्लस टु रोज्ने भन्ने कुराले सधैंझैं यो वर्ष पनि विद्यार्थीहरूलाई असमञ्जसमा पारेको छ। प्लस टु एजुकेसनमा पिनाकल एकेडेमीबाट बोर्ड टप गरेर ऐश्वर्या विद्यापदक विजेता बनेकी सुनिता घिमिरे पनि यो समयमा विद्यार्थीहरू सही शिक्षण संस्था छनोटमा अन्यौलमा रहने बताउँछिन्। सुनिता भन्छिन्- 'तर राम्रो शैक्षिक वातावरण भएको प्लस टु रोज्न सकें। आफूलाई लक्षित गन्तव्यमा पुऱ्याउन मद्दत मिल्छ।' कस्तो प्लस टु रोज्ने भन्ने सन्दर्भमा राजधानीलगायत मोफसलका उच्च माविका प्रतिनिधिहरूको धारणा :

**ऋषि तिवारी**
**प्राचार्य, पिनाकल एकेडेमी, लगनखेल**

उमावि छनोटका पाँचवटा आधार छन्। पहिलो क्वालिफाइड, डेडिकेटेड, इनरजेटिक तथा एक्सपेरियन्स टिचर भएको उमावि, दोस्रो उत्कृष्ट व्यवस्थापकिय क्षमता भएको कलेज जहाँ शैक्षिक पृष्ठभूमिको अनुभवी शिक्षण टोली नै व्यवस्थापन टिममा होस्, होटल सञ्चालक, जग्गा व्यापारी वा अन्य व्यापारीले सञ्चालन गरेको उमाविमा तुरुन्तै प्रतिफलको आशामा लगानी गरिएको हुन्छ, तर शैक्षिक पृष्ठभूमीका व्यक्तिहरूले शिक्षा क्षेत्रको वास्तविकता बुझेका हुन्छन्। तेस्रो भौतिक सुविधा, शैक्षिक सुविधा, लाइब्रेरी, ल्याब, खेल मैदानजस्ता आधारभुत सुविधा सम्पन्न उमावि, चौथो शैक्षिक संस्थाको विगतको नतिजा, कुनै पनि राम्रो शैक्षिक संस्थाको क्षमता निर्धारण गर्ने अन्तिम बिन्दु शैक्षिक नतिजा नै हो। पाँचौं उक्त संस्थाको विगतका शैक्षिक उत्पादनको स्थिति एवं प्रतिक्रिया। पूर्वविद्यार्थीहरूले कलेजको राम्रो नराम्रो पक्षका बारेमा जुनियरलाई राम्रो सल्लाह दिन्छन्, त्यो कलेजका विगतका उत्पादनहरू करियर विकासका क्रममा उच्च शिक्षाको गन्तव्यमा पुग्न सकेका छन्-छैनन्, प्रोडक्ट कत्तिको सेलेबल भयो भनेर बुझ्नुपर्छ। यी पाँचवटा आधारलाई मानियो भने निजी क्षेत्रका शैक्षिक संस्थाहरूको विज्ञापनको भुमरीमा राम्रो कलेज छान्न सहजै सफल भइन्छ।

**नरेश श्रेष्ठ, प्राचार्य,**
**प्राइम कलेज, नयाँबजार**

विद्यार्थीले आफ्नो रुचि तथा रोजाइअनुरुपको उच्च मावि तथा संकाय छनोट गर्नुपर्छ। त्यसले अध्ययनका निम्ति सहज वातावरण निर्माण गर्छ। विद्यार्थीले विज्ञान, व्यवस्थापन वा मानविकीमध्ये कुन संकाय रोज्ने भनेर निर्णय लिइसकेपछि त्यो संकायको उत्कृष्ट फ्याकल्टी भएको उच्च मावि रोज्नुपर्छ। दक्ष शिक्षक, उत्कृष्ट भौतिक पूर्वाधार, विगतका परीक्षामा राम्रो नतिजा आदिको आधारबाट राम्रा उमावि छनोट गर्न सकिन्छ।



**समिता राणा**
**सिद्धार्थ कलेज, कलंकी**

सबै उच्च माविमा अध्यापन गराउने विषयगत सामग्री लगभग उही हो। मुख्य कुरा उच्च माविको शैक्षिक वातावरण हो। विद्यार्थीले शैक्षिक रूपमा ज्ञान हासिल गर्न सक्ने वातावरण भएको उच्चमावि छनोट गर्नुपर्छ। त्यस्तै अहिले व्यावहारिक जनशक्ति बन्न शैक्षिक ज्ञान मात्र आवश्यक छैन, अतिरिक्त क्रियाकलापमा पनि विद्यार्थीलाई सहभागी गराएर उसमा भएको क्षमतालाई प्रस्फुटन गराउने, विद्यार्थीको सर्वांगीण विकासमा ध्यान दिने उच्च मावि रोज्नुपर्छ। अध्ययनसँगै विद्यार्थीलाई करियर गाइडेन्स गर्ने शिक्षण संस्था रोज्न सके विद्यार्थीहरूले सफलता पाउँछन्।

**दिलेन्द्र राई,**
**ग्रामर पब्लिक उमावि, संस्थापक निर्देशक**

विशेष गरेर विद्यार्थीले गुणस्तरीय शिक्षा दिने उच्च मावि रोज्नुपर्छ। उत्कृष्ट भौतिक पूर्वाधार, शैक्षिक वातावरणको कक्षाकोठा, डेस्क बेन्च, अध्ययनको पारिवारिक वातावरणका सम्बन्धमा ख्याल गर्नुपर्छ। शिक्षण टोली, व्यवस्थापन समूह, प्रशासनिक टिम कुन स्तरको छ बुझ्नुपर्छ। विद्यार्थी भर्नाका लागि उच्च माविले राखेको मापदण्ड कस्तो छ विचार पुऱ्याउनुपर्छ। सीमित विद्यार्थी लिएर गुणस्तरीय शिक्षा दिने संस्था रोज्नुपर्छ। अरू जहाँ गयो, त्यहाँ जाने वा विज्ञापनको भर पर्नेभन्दा पनि विद्यार्थी तथा अभिभावकले उच्च माविमा पुगेर स्थलगत रूपमै त्यहाँको शैक्षिक वातावरण बुझ्नुपर्छ। चौतर्फी रूपमा व्यक्तित्व विकास गराउन सहयोग गर्ने शिक्षण संस्थालाई रोजाइमा राख्नुपर्छ।

**मनोज गुप्ता, प्राचार्य,**
**मेरिल्यान्ड कलेज, विराटनगर**

विद्यार्थीले उच्च शैक्षिक उपलब्धि हासिल गर्न सकिने उच्च मावि छनोट गर्नुपर्छ। अनुशासित वातावरणमा सभ्य नागरिक निर्माण गर्ने शैक्षिक पद्धतिलाई अँगालेका



उमावि रोज्नुपर्छ। विद्यार्थीहरूले शैक्षिक ज्ञान मात्र होइन, व्यावहारिक ज्ञान पनि प्रदान गर्ने शिक्षणसंस्थालाई रोजाइमा राख्नुपर्छ। उमाविले विद्यार्थीको सर्वांगीण विकासका लागि अतिरिक्त क्रियाकलापमा कत्तिको ध्यान दिएको छ हेर्नुपर्छ। दक्ष शिक्षक तथा प्राध्यापकहरूको समूहबाट सञ्चालित उमावि छनोट गरे त्यहाँ पारिवारिक वातावरणमा शिक्षा प्रदान गरिन्छ। शिक्षक र विद्यार्थीबीच मित्रवत् सहसम्बन्ध, मर्यादायुक्त अनुशासन एवं संस्थापकहरूको संस्थाप्रतिको समर्पण पनि राम्रा उमाविका विशेषता हुन्। विद्यार्थीको शैक्षिक स्तर बुझेर त्यसैअनुरूपको शिक्षण विधि अपनाउने उमावि रोज्नुपर्छ।

**अनिल केडिया, अध्यक्ष,**
**डीएभी सुशील केडिया भारती उमावि, जावलाखेल**

प्रचार हेरेर उच्च मावि रोज्नु राम्रो होइन। प्रचार मुख्य पक्ष भए उत्कृष्ट उच्च माविहरू किन प्रचार गर्दैनन् भन्ने कुरामा विचार पुऱ्याउनुपर्छ। आफ्नो भविष्य वा लक्ष्य सफल एवं साकार बनाउन साथीहरू वा अन्य अग्रजसँग परामर्श गरेर कुन उमाविको शैक्षिक स्तरीयता कस्तो छ ? त्यहाँको फ्याकल्टी कत्ति स्ट्रंग छ ? व्यवस्थापकीय पक्ष कत्तिको सबल छ ? शैक्षिक वातावरण कस्तो छ ? आदि कुरा बुझ्नुपर्छ। उच्चमाविको उत्कृष्टताको ९० प्रतिशत यिनै कुरामा निर्भर हुन्छ। प्रचारबाट त ५ देखि १० प्रतिशत विद्यार्थीमात्र बहकिन्छन्। प्रचार गर्दैमा हुने भए सबै चलचित्र सुपरहिट हुनुपर्ने नि हैन ? चलचित्र राम्रो भए हेर्नेहरूले नै त्यसको राम्रो प्रचार गरिदिन्छन्, त्यसकारण उमाविको हकमा पनि राम्रो उमाविको त्यहाँ अध्ययन गर्ने विद्यार्थीबाटै प्रचार भैरहेको हुन्छ, यो कुरालाई विद्यार्थीले ख्याल गर्नुपर्छ।

**बाबुराम पोखरेल, प्राचार्य,**
**भीएस निकेतन,**

विद्यार्थीहरूले उच्च माध्यमिक विद्यालय छनोट गर्दा सबैभन्दा पहिले सम्बन्धित कलेजको शैक्षिक उपलब्धिलाई हेर्नुपर्छ। उमाविले विगतका परीक्षाहरूमा कस्तो किसिमको नतिजा हासिल गरेको छ, शैक्षिक संस्था कत्तिको पुरानो वा भरपर्दो छ बुझ्नुपर्छ। यसबाहेक उमाविको भौतिक पूर्वाधार, शैक्षिक पूर्वाधार, शिक्षण टिम, अनुशासन आदि कुराको जानकारी लिएर पनि कस्तो उमावि छनोट गर्ने निर्णय लिन सकिन्छ। नियमित अध्ययन अध्यापन हुने, विद्यार्थीको समस्या बुझेर हल निकाल्ने शैक्षिक तथा व्यवस्थापकिय टोली भएको उमाविलाई रोजाइमा राख्न सकिन्छ।

**लोकबहादुर भण्डारी, प्रबन्ध निर्देशक, जेभियर इन्टरनेसनल उमावि, कालोपुल**

विद्यार्थीको सर्वांगीण विकास हुने उमावि रोज्नुपर्छ। अहिलेको समयमा किताबी ज्ञान मात्र भएको जनशक्ति व्यावहारिक क्षेत्रमा सफल हुन सक्दैन, त्यसकारण अबको उच्च शिक्षामा विद्यार्थीको सबै पक्षलाई उत्तिकै सशक्त बनाउने कलेज रोज्नुपर्छ। भौतिक आधार, शैक्षिक आधारभन्दा असल नागरिक निर्माण गर्ने उमावि रोजाइ पहिलो आधार हुनुपर्छ। उमाविको शैक्षिक उपलब्धिसँगै विभिन्न क्षेत्रमा हासिल गरेको उपलब्धि पनि उमावि रोज्ने आधार हुन सक्छन्।

**अच्युतराज कट्टेल, प्राचार्य, सिटी उमावि, विराटनगर**

मेरो विचारमा गुणस्तरीय शिक्षा, अनुशासन, नियमित पठन पाठन हुने उच्च मावि छनोटका आधार हुन सक्छन्। विद्यार्थीले शुल्क आदि कुरामा बढी ध्यान दिनेभन्दा पनि शैक्षिक गुणस्तरलाई ध्यान दिनुपर्छ। अभिभावकले पनि आफ्ना सन्तानको उज्ज्वल भविष्यका लागि उमाविको सबै सुविधाका बारेमा जानकारी लिनुपर्छ।

**गंगा चौलागाईं**
**संयोजक, धरान उच्च मावि, अध्यक्ष, हिसान सुनसरी**

वास्तवमा विद्यार्थीले उच्च शिक्षाका क्रममा उमावि छनोट गर्दा

पृष्ठ ७ मा जारी

Language & Computer
English: Elementary, Intermediate & Advanced Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/lab practice & interactive method..)
TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Japanese/ Korean/German/Chinese
French/ Spanish/ Italian.. classes
Computer: Basic/Advanced/Accounting/Graphic.. courses
UNPOL SAT Preparation Classes are going on!
Our Products: Language books/Cassettes/CDs/Video DVDs ....
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Face to Face Language Videos Price: Rs. 160/-
Easy Way Prem Swoveet's best language books with Audio /Video DVDs has recently come in the market!
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Boost Vocabulary Enhance word power Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945
OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other so called OLC don't belong to us!)

होटल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver,Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

ENGLISH & COMPUTER
Basic to Advanced Courses
English: Special, Speaking, writing.
Japanese, German, Korea, French, Spanish, Chinese
IELTS, JOB, VISA, Interview Pre.
Computer: Basic, Graphic, Web, Tally, Hardware & Programming
Tuition: All level & Subjects.
OASIS/MILLIEUX
LANGUAGE & COMPUTER INSTITUTE
OLCI – Galkopakha, Thamel
01-4359170, 4418912

नेपालको एक मात्र रेडियो प्राविधिक तालिम केन्द्र
दैनिक SOUND ENGINEER तथा RADIO ENGINEER
द्वारा कक्षा सञ्चालन हुने
कार्यक्रम उत्पादकको लागि नेपालका बरिष्ठ सञ्चारकर्मीहरुद्वारा कक्षा लिईने
FM Radio Technician - (Job Guarrantee) 45 days
General Editing & Mixing - 30 days
Audio Library Management - 15 days
Audio/Video Program Producer - 60 days
Echo Media Adwait Marg, Bagbazar
Phone : 01-2296457
तपाईं दक्ष बन्नुस्, काम तपाईंको पछि लाग्छ ।

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक (इण्डियन, चाईनिज, कण्टिनेन्टल, इटालियन, मेक्सिकन) वेटर,बारमेन,क्याप्टेन, होटल सुपरभाइजर, रिसेप्सनिष्ट, हाउसकिपीङ्ग आदि।
*5 Star होटलका प्रशिक्षक बाट तालिम।
*बिदेश जानेहरुको लागि स्पेशल कोर्ष।
*Ex-practical को लागि होटलहरुमा पठाईने।
सक्षम नभएमा पुन: कक्षा गराएर सक्षम बनाईने।
अन्तराष्ट्रिय होटल तालिम प्रा.लि.
बालाजु चोक (Vision Institute) संगै
फोन: 01-4384548

होटल तालिम होटल खुम्जुङ्गमा
Cook/ Waiter / House Keeping/ Bar-man/ Laundry /Caregiver /Bakery तथा अंग्रेजी/ जापानी/ नेपाली भाषा लगायत सम्पूर्ण होटल तालिमहरुमा भर्ना लिईदैछ। विदेश गईहाल्नु पर्ने/हाउसवाइफ/कुकिङ्ग र अंग्रेजी जान्दै नजान्नेहरुका लागी पनि विशेष व्यवस्था गरिएको छ। आजै सम्पर्क राख्नुहोस्।
Hotel Khumjung Pvt. Ltd.
फोन: 4016111 र 4016194
महाराजगञ्ज, चक्रपथ, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व

९ महिना मै +2/SLC
कक्षा ७,८,९, १० फेल भएपनि Math / Science / Test नदिई ५ बिषय मात्र पढेर ९ महिनामै S.L.C. पास गर्न चाहनुहुन्छ ?
+ 2 / A level फेल भएपनि ५ बिषय मात्र पढेर + 2 पास गर्न चाहनु हुन्छ ?
विश्वभर मान्यता प्राप्त- गृहिणी /जागिरे/व्यवसायीले घरमै बसी पढ्न सक्ने।
पास गर्न सक्ने।
बिगत १० बर्ष देखि संचालित
बिशेष छुटमा सिमित सिटमा धमाधम भर्ना भईरहेको छ।
पाथ फाइन्डर ग्लोबल एजुकेशन
पुतलीसडक (रिपोटर्स क्लबको अगाडि)
२००५०७७, ९८४१७८७६०२

# कस्तो प्लस टु रोज्ने ?

पृष्ठ ६ बाट जारी

त्यो शैक्षिक संस्था आफ्ना लागि उपयुक्त छ-छैन बुझ्नुपर्छ। गुणस्तरीय शैक्षिक वातावरण, दक्ष शिक्षण टिम, अध्ययनका निम्ति चाहिने सबै किसिमका सुविधा छ-छैन हेरेर रोजाइको कलेज छनोट गर्न सकिन्छ। ल्याब, लाइब्रेरी, खेलमैदान राम्रो शिक्षण संस्थाका आधारभूत पक्ष हुन्। विद्यार्थीको सर्वांगीण विकासका लागि उमाविका



कार्यक्रम कस्ता छन् हेर्नुपर्छ।

**नराहाङ राई**
**संस्थापक निर्देशक, युनाइटेड एकेडेमी**

राम्रो शैक्षिक गतिविधि तथा अनुशासित वातावरण भएको उमावि, जहाँ शिक्षकहरू आफ्ना विद्यार्थीको शैक्षिक भविष्यप्रति दायित्वबोध गरेर उनीहरूलाई लक्षित गन्तव्यमा पुऱ्याउन मेहनत गर्छन्, त्यस्ता शैक्षिक संस्था रोज्नुपर्छ। राम्रो शैक्षिक संस्थामा शिक्षकहरू पूर्णकालीन, अनुभवी तथा दक्ष हुन्छन्। राम्रो उमावि छनोटको एउटा आधार, त्यो संस्थाको विगतको शैक्षिक परिणाम पनि हो, तर परिणामसँगै उमाविले विद्यार्थीको सर्वांगीण विकासका लागि ध्यान दिने वातावरणका सम्बन्धमा पनि बुझ्नुपर्छ।

**डिल्ली पोखरेल, प्राचार्य**
**स्टार उच्च मावि, विराटनगर**

मलाई जहाँसम्म लाग्छ, नेपालको अहिलेको शिक्षाप्रणालीले अन्तर्राष्ट्रिय शिक्षाप्रणालीसँग प्रतिस्पर्धा गर्न सक्नुपर्छ। यहाँ अध्ययन गरेका विद्यार्थीले भोलि विदेशी विश्वविद्यालयका शैक्षिक पाठ्यक्रममा पनि सफलता हासिल गर्नुपर्ने भएकाले अब शैक्षिक रूपमा विद्यार्थीको भविष्य उज्ज्वल बनाउनेतर्फ सबैको ध्यान हुनुपर्छ। ग्लोबलाइजेसनको अहिलेको यो समयमा विद्यार्थीले पनि उत्कृष्ट शैक्षिक वातावरण भएको उमावि रोज्नुपर्छ। विश्वबजारसँग प्रतिस्पर्धी हुन सक्ने दक्ष उत्पादन निकाल्न सक्ने उमावि छनोट गर्ने खुबी विद्यार्थीमा हुनुपर्छ।

**शंकर भट्टराई,**
**शिक्षा दीप उमावि, विराटनगर**

पहिलो कुरा पढ्नका लागि आउने भएकाले उमाविको शैक्षिक वातावरण कस्तो छ हेर्नुपऱ्यो। शैक्षिक संस्थाको फ्याकल्टी स्ट्रंग छ-छैन बुझ्नुपर्छ। अनुशासित वातावरण गुणस्तरीय शिक्षाका लागि अनिवार्य सर्त हो, त्यसकारण विद्यार्थीलाई नैतिक रूपमै सभ्य नागरिक बनाउने उमावि छनोट गर्न अभिभावकले सहयोग गर्नुपर्छ। उमाविको समग्र शैक्षिक वातावरण



तथा उपलब्धि पनि बुझ्नुपर्छ।

**कमला डिसी**
**बालविद्या उच्चमावि, रजना, बाँके**

कस्तो उमावि रोज्ने भन्ने कुरा विद्यार्थीले निर्णय गर्ने कुरा हो, तर विद्यार्थीले राम्रो शैक्षिक संस्था रोज्दा उसले त्यहाँ नियमित अध्ययन-अध्यापनका अतिरिक्त नैतिक शिक्षा पनि हासिल गर्न सक्छ। असल नागरिक बन्न सहयोग पुऱ्याउने उमावि पहिलो रोजाइमा पर्नुपर्छ। अहिलेको परिप्रेक्ष्यमा विद्यार्थी तथा अभिभावकहरू प्राविधिक शिक्षातर्फ आकर्षित छन्, तर व्यावसायिक रूपमा उत्कृष्ट शैक्षिक पाठ्यक्रममा उच्च शिक्षा हासिल गर्दा पनि विद्यार्थीको भविष्य उज्ज्वल हुन्छ भन्ने बुझ्नु आवश्यक छ। व्यावसायिक रूपमा सफल मानिस सामाजिक रूपमा सफल हुन्छ भन्ने छैन, त्यसकारण व्यावसायिक र सामाजिक रूपमै सफल बन्न सक्ने शिक्षा दिने शैक्षिक संस्था रोज्नुपर्छ।

**उमेश थापा, प्रमुख कार्यकारी,**
**ट्रिनिटी इन्टरनेसनल कलेज,**

शैक्षिक संस्थाको विगतको परिणाम हेरेर उमावि छनोट गर्न सकिन्छ। त्यस्तै उमाविको भौतिक संरचना पनि त्यत्तिकै महत्त्वपूर्ण पक्ष हो। शैक्षिक वातावरण, शिक्षण गतिविधि कस्तो छ भन्ने कुरा बुझेर अघि बढ्नुपर्छ। जस्तै विज्ञान संकायमा प्लस टु गर्न चाहनेले उक्त उमाविको ल्याब, लाइब्रेरीलगायत प्रयोगात्मक शिक्षण विधि आदिका सम्बन्धमा जानकारी लिनुपर्छ। उमाविले विद्यार्थीको व्यक्तित्व विकासका निम्ति अतिरिक्त क्रियाकलापलाई कत्तिको महत्त्व दिएको छ भन्ने आधार पनि छनोटको एउटा आधार हो।

**युवराज शर्मा,**
**हिमालयन ह्वाइट हाउस, बानेश्वर**

सामान्यतः एसएलसी दिइसकेपछिका तीन महिनामा काठमाडौंलगायत सहरी क्षेत्रका विद्यार्थीहरूले विभिन्न कलेजका बारेमा पत्रपत्रिका, टेलिभिजन, रेडियो तथा ब्रिजकोर्सको माध्यमबाट पर्याप्त जानकारी हासिल गरिसकेका हुन्छन्। ब्रिजकोर्स गर्ने क्रममा त्यहाँका शिक्षक तथा अन्य परामर्श कार्यक्रममार्फत कुन कलेज कस्तो छ भन्ने जानकारी लिइसकेका हुन्छन्। पहिलेजस्तो एसएलसीको रिजल्ट आउनेबित्तिकै प्लस टु खोज्ने अवस्था अहिले छैन। ५० प्रतिशत विद्यार्थीले परिणामअगावै यो कलेजमा अध्ययन गर्ने भनेर निधो गरिसकेका हुन्छन्। प्लस टु छनोट गर्दा विद्यार्थीले शैक्षिक संस्थाको अघिल्लो वर्षको परिणाम, कलेजको शैक्षिक वातावरण, भौतिक संरचना आदि कुरा हेर्नु आवश्यक हुन्छ। स्थापित नाम, त्यहाँ पढेका विद्यार्थीले भोलिका दिनमा पाउने सम्भावना हेरेर विशिष्ट कलेज रोज्नु उपयुक्त हुन्छ।

**जेसिका चेम्जोङ,**
**न्यू अरुणोदय उच्चमावि, डल्लु**

व्यावहारिक ज्ञान दिने, समयअनुसार शैक्षिक प्रणालीलाई आत्मसात् गरेको, योग्य, असल नागरिकको व्यक्तित्व निर्माण गर्ने उमाविको खोजी गर्नुपर्छ। हाईफाई भनेर बढी शुल्क तिर्दैमा राम्रो शैक्षिक वातावरण भएको उमावि छनोट गरिन्छ भन्नु भ्रम मात्र हो। शैक्षिक गतिविधिलाई ख्याल गर्दै विद्यार्थीको सर्वांगीण विकासमा ध्यान दिने उमावि छनोट गर्नुपर्छ।

**अनिला हाडा, भाइस प्रिन्सिपल,**
**निकल्सन कलेज, सल्लाघारी**

क्वालिटी एजुकेसनमा जोड दिने शैक्षिक संस्था रोज्नुपर्छ। आफ्नो नजिकको उमावि राम्रो छ भने भरसक टाढा जानुपर्दैन। नेपालको राजनीतिक परिवेशमा टाढाको कलेज व्यावहारिक हुँदैन, किनभने यहाँ जुनसुकै समयमा बन्द-हड्ताल भैरहन्छ। समय बचतका लागि कम दूरीको कलेज रोज्ने, भविष्यको लक्ष्य प्राप्तिका निम्ति सही आधार शिला निर्माण गर्न त्यो कलेज कत्तिको प्रभावकारी हुन्छ भन्ने कुरा बुझ्ने जस्ता कुरामा ध्यान दिनुपर्छ।

**डाँसुराम पन्त, प्राचार्य**
**न्यू होराइजन उच्चमावि, पाल्पा**

वास्तवमा प्राइभेट कलेजहरूले अतिरञ्जित ढंगले विज्ञापन गरिरहँदा विद्यार्थीहरूले सही कलेज छनोट गर्न गाह्रो परिरहेको अवस्था छ। आफ्ना छोराछोरीका लागि उपयुक्त कलेज छनोट गर्न विज्ञापनलाई आधार नबनाई स्कुल कलेजको भौतिक अवस्था, गुणात्मक अवस्था, विगतको शैक्षिक परिणाम हेरेर मात्र निर्णय लिनुपर्छ। वास्तवमा विगतका वर्षहरूमा हाम्रा बालबालिका राम्रो शिक्षाको खोजीमा विदेशसम्म पुग्थे, तर अहिले आएर नेपालमै उत्कृष्ट पाठ्यक्रममा शैक्षिक योग्यता हासिल गर्ने अवसर मिलेको छ।

**गुणाखर गैरे, प्राचार्य, सिद्धार्थ विद्या मन्दिर, उच्च मावि, कपिलवस्तु**

नेपाली शैक्षिक परिप्रेक्ष्यमा भन्ने हो भने कपिलवस्तु धेरै पिछडिएको जिल्ला हो। त्यहाँको परीक्षा प्रणाली पनि त्यस्तै किसिमको छ, राजनैतिक, प्रशासनिक तथा सामाजिक कारणका कारण शिक्षाक्षेत्रमा यो जिल्ला बदनाम भएका उदाहरण पनि छन्। यहाँका विद्यार्थी साइन्स पढ्न कपिलवस्तुमा बस्दैनन्। निजी क्षेत्रमा विज्ञापनको होड पनि त्यत्तिकै छ। विगतका रिजल्ट, भौतिक संरचना, शिक्षण तथा व्यवस्थापन टिम हेरेर कपिलवस्तुमा रहेका राम्रा उमावि छनोट गर्न सकिन्छ। विज्ञापनको भरमा धोका हुनसक्छ, तसर्थ कलेजमै गएर त्यहाँको शैक्षिक वातावरण बुझ्नु आवश्यक हुन्छ। उत्कृष्ट शिक्षण टिम, व्यवस्थापन समूह, उक्त उमाविमा अध्ययन पूरा गरेका विगतका विद्यार्थीको उपलब्धि हेरेर राम्रो उमावि रोज्न सकिन्छ।

**नवराज पाण्डे,**
**नोबल एकेडेमी, बानेश्वर**

शैक्षिक गुणस्तरीयतासँगै विद्यार्थीको क्षमता अभिवृद्धिका लागि अतिरिक्त क्रियाकलापमा पनि उत्तिकै महत्त्व दिने, विश्वविद्यालयको यात्राका लागि विश्वविद्यालयका विभिन्न शैक्षिक पाठ्यक्रमहरूका बारेमा अवगत गराउने शैक्षिक संस्था रोज्नुपर्छ। विद्यार्थीलाई उसको चाहना र रुचिअनुरूपको गन्तव्यमा पुऱ्याउन सक्ने शैक्षिक संस्था रोज्नुपर्छ।

इन्टरनेसनल एजुकेसनदेखि लिएर विद्यार्थीको लक्ष्यका सम्बन्धमा प्रस्ट गराउने करियर काउन्सिलिङ गर्ने संस्था विद्यार्थीको सुरक्षित भविष्यका निम्ति लाभदायी हुन्छ। त्यस्तै उच्च शैक्षिक छवि भएको स्थापित शैक्षिक संस्थामा विद्यार्थी भर्ना भए त्यो संस्थाले विद्यार्थीलाई पूर्ण मानिस बनाउन सहयोग गर्छ। समग्र विषयवस्तुको ज्ञान दिएर योग्य नागरिक बनाउन सक्ने उमावि रोज्नुपर्छ।



**प्रकाश अधिकारी, प्राचार्य**
**प्रेसिडेन्सी उच्चमावि, चितवन**

कस्तो प्लस टु रोज्ने भन्ने कुरा अभिभावक तथा विद्यार्थीहरू भर पर्छ। कुन शैक्षिक संस्थामा शुल्क हेरेर पढाउन सक्ने वा नसक्ने भन्ने कुरा निर्धारण हुन्छ। त्यस्तै विद्यार्थी कुन संकायमा जान चाहन्छ, कहाँ पढ्ने लोकेसनले पनि फरक पार्छ। शैक्षिक तथा भौगोलिक वातावरण एक-अर्कासँग मिल्ने कुरा पनि हुन्। अन्य विभिन्न प्रकारका सुविधा, आफ्नो लक्ष्यअनुरुपको वातावरण मिल्दो कलेज छनोट गर्नुपर्छ।

**सागर त्रिपाठी, प्राचार्य**
**ज्योति आदर्श विद्यामन्दिर, स्याङ्जा**

विद्यार्थीको करियर जहाँ उज्ज्वल हुन्छ, विद्यार्थीले उच्च शिक्षाका निम्ति जहाँ पर्याप्त बाटाहरू पाउँछन् त्यस्तो उमावि रोज्नुपर्छ। कस्तो उमावि रोज्ने भन्ने कुरा उनीहरूको स्वेच्छाको कुरा पनि हो, कसैले दबाब दिन पनि मिल्दैन, विद्यार्थीले आफ्नो रुचि र क्षेत्रअनुरूपको करियर विकासका निम्ति आधारशिला निर्माण गरिदिने उच्च मावि रोज्नुपर्छ। आफ्नो भविष्य निर्माण गरिदिने सुविधा सम्पन्न कलेज रोज्नुपर्छ।



# उच्च आयस्रोत हुनेहरूका लागि ए लेभल

● **विदुर खतिवडा/शिव मुखिया**



ए लेभल सहरी क्षेत्रमा एसएलसीमा उत्कृष्ट अंक हासिल गरेर उत्तीर्ण हुने अधिकांश विद्यार्थीको पहिलो रोजाइमा पर्ने गरेको छ। त्यस्तै न्यून आय भएका जेहेन्दार विद्यार्थीलाई ए लेभल रोज्न यहाँका शिक्षण संस्थाले दिने छात्रवृत्तिले विद्यार्थी लोभ्याउने ट्रेन्ड पनि विकास भएको छ। यद्यपि महँगो यो शैक्षिक प्रणालीमा सबै नेपालीको पहुँच भने अझै असम्भव नै छ।

विद्यार्थीको आकर्षण देखेर अथवा परिणाममुखी शिक्षा प्रणाली भएकैले हुनसक्छ, करिब तीन दर्जन कलेजले वेलायतस्थित क्याम्ब्रिज विश्वविद्यालयअन्तर्गतको यो पाठ्यक्रमको सम्बन्धन लिएर अध्यापन गराइरहेका छन्। यहाँका कलेजलाई यो पाठ्यक्रमको सम्बन्धन दिन, अनुगमन गर्न तथा परीक्षा प्रणाली सञ्चालनका लागि क्याम्ब्रिज विश्वविद्यालयले नेपालस्थित ब्रिटिस काउन्सिललाई अधिकार प्रत्यायोजन गरेको छ।

ए लेभललाई प्लस टु समकक्षी शिक्षा प्रणालीका रूपमा लान यो पाठ्यक्रम अध्यापनको अनुमति र अनुगमनमा नेपाल सरकारको शिक्षा मन्त्रालयले पनि काम गर्दै आएको छ। मन्त्रालयको उच्च शिक्षा महाशाखाले यो शिक्षा प्रणालीलाई प्रत्यक्ष अनुगमन गर्छ। काठमाडौं, पोखरा र विराटनगरका २८ वटा कलेजले क्याम्ब्रिज विश्वविद्यालयको सम्बन्धन तथा नेपाल सरकारको अनुमति लिएर ए लेभलको कक्षा सञ्चालन गरिरहेका छन्। यो संख्या बढ्दो क्रममा छ। नेपालमा करिब दुई दशक लामो इतिहास बनाएको ए लेभल शिक्षाले विद्यार्थीहरूको 'स्वदेशमै अन्तर्राष्ट्रिय कोर्स गर्ने' चाहनालाई पूरा गर्दै आएको छ।

प्लस टु सरहको मान्यता दिइएको ए लेभलमा एसएलसी उत्तीर्ण उच्च वर्गका विद्यार्थीहरू भर्ना हुने गरेका छन्। विश्वका विद्यार्थीमाझ बौद्धिक प्रतिस्पर्धा गर्न पाइनु ए लेभलका विद्यार्थीका लागि चुनौती र अवसर हो। ए लेभल शिक्षा विश्वका १ सय ८० देशमा अध्यापन हुन्छ। यी सम्पूर्ण विद्यार्थीको प्रश्नपत्र एउटै हुने र परीक्षा पनि एकै समयमा हुन्छ। ए लेभलको अध्ययनपछि वैदेशिक शिक्षाको बाटो सहज हुने भएकाले पनि कतिपय विद्यार्थी यतातिर तानिएको पाइन्छ। 'एरोस्पेस इन्जिनियरिङ गर्न विदेश जाने सोचाइ बनाएको थिएँ,' गणितमा विश्व उत्कृष्ट नतिजा ल्याएका जेभियर इन्टरनेसनका सुमन भण्डारीले भने, 'त्यसैले ए लेभल पढ्ने निधो गरें।'

ए लेभल पढ्नेहरूमध्ये ६० प्रतिशतभन्दा बढी विद्यार्थी पूर्ण र आंशिक छात्रवृत्ति तथा आफ्नै खर्चमा उच्च शिक्षाका लागि बिदेसिने गरेका छन्। घोकन्ते एवं सैद्धान्तिक शिक्षामा आधारित हाम्रो पाठ्यक्रमको तुलनामा बढी व्यावहारिक हुने भएकाले पनि ए लेभल शिक्षाले जरा गाड्दै गएको शिक्षाविद्हरू बताउँछन्। आफूले चाहे छुट्टाछुट्टै विषयको परीक्षा दिन र नतिजा चित्त नबुझे पुन परीक्षा दिन पाइनु, समयसापेक्ष परिवर्तन हुने पाठ्यक्रम, अध्ययन-अनसन्धानमा जोड दिइने तथा वैदेशिक शिक्षाको अवसर ए लेभलका आकर्षक पक्ष हुन्।

ए लेभलका लागि कलेजहरूले मासिक ७ हजारदेखि २५ हजार रुपैयाँसम्म शुल्क लिने गरेका छन्। यस्तै भर्नाबापत ५८ हजारदेखि ९६ हजार रुपैयाँसम्म लिइन्छ। यसबाहेक परीक्षा शुल्क ३५ हजार रुपैयाँभन्दा बढी लाग्छ। 'पाठ्यसामग्री र परीक्षाका लागि लाग्ने शुल्क महँगो भएकाले ए लेभलमा सबै विद्यार्थीको पहुँच पुग्दैन', बूढानीलकण्ठका नारायणप्रसाद शर्मा भन्छन्। ए-लेभल शिक्षाका सकारात्मक मात्र होईन् नकारात्मक पक्ष पनि उत्तिकै छन्। चाहेर पनि कम आय भएका विद्यार्थीका लागि महँगो ए लेभलका पाठ्यसामग्री सहजै उपलब्ध हुँदैनन् र भए पनि निकै महँगो हुन्छन्। ए लेभलको पाठ्यक्रममा राम्रो नतिजा ल्याउने ध्याउन्नमा विद्यार्थीहरू वर्षौंसम्म अल्झिइरहेका उदाहरण पनि छन्। 'एउटा विद्यार्थी ५ वर्षसम्म एउटै विषयमा अनुत्तीर्ण भएको पनि देखेको छु' एक शिक्षक भन्छन्, 'ए लेभल शिक्षा आफ्ना लागि उचित वा अनुचित राम्रो परामर्श लिएर मात्र अध्ययनको बाटोमा जानुपर्छ।' त्यस्तै बिदेसिने होडमा अन्तर्राष्ट्रिय स्तरको पाठ्यक्रम भनेर स्वदेशकै सस्तो लोकप्रिय प्लस टु कार्यक्रम अध्ययन नगर्ने ट्रेन्ड विकास हुनु अर्को नकारात्मक पक्ष हो।

**के हो ए लेभल ?**

क्याम्ब्रिज विश्वविद्यालयको जनरल सर्टिफिकेट अफ एजुकेसन (जीसीई) कार्यक्रमअन्तर्गत सञ्चालन हुने शैक्षिक कार्यक्रम हो ए लेभल। क्याम्ब्रिज इन्टरनेसनल एक्जामिनेसन (सीआईई) बोर्डका थुप्रै अन्तराष्ट्रिय स्तरका योग्यताहरूमध्ये ए लेभल गोल्ड स्ट्यान्डर्डको योग्यता हो। दुई वर्षको निर्देशित अध्ययनमा पूरा गर्न सकिने यो कार्यक्रम करिब ७० वटा विषयमध्येबाट छनौट गरी पढाइन्छ। पाठ्यक्रम, शिक्षण प्रणाली, परीक्षा प्रणाली आदि सबै पक्ष क्याम्ब्रिज विश्वविद्यालयले निर्धारण गरेअनुसार नै हुन्छ। कुनै चारवटा विषयमा परीक्षा उत्तीर्ण गरेपछि ए लेभल पूरा गरेको मानिन्छ, तर विद्यार्थीले चाहेमा थप विषयहरूमा परीक्षा दिन सक्छन्। कक्षा क्रियाकलाप मूलतः सेमिनार, छलफल, प्रयोगशाला विधि, समस्या समाधान, समूह क्रियाकलाप, प्रोजेक्ट कार्य, खोजबिन, प्रस्तुतीकरण, समसामयिक अध्ययन आदिमा आधारित हुन्छ। विद्यार्थीहरूले इन्टरनेटमार्फत विश्वव्यापी सम्पर्क स्थापित गरी विषयगत अध्ययनको गहिराइमा पुग्नु आवश्यक हुन्छ। ए लेभलको पाठ्यक्रमलाई प्रत्येक वर्ष अध्यावधिक गरिन्छ।

**पाठ्यसामग्री**

नेपालका ए लेभल कलेजहरूले जनरल पेपरअन्तर्गत इङ्लिस ल्याङ्वेज अनिवार्य विषयका रूपमा र अन्य तीन विषय कूनै समूहबाट लिने व्यवस्था छ, तर विषय छनौटमा एउटै समूहबाट विषय लिनुपर्छ भन्ने छैन। विद्यार्थीको रुचि र चाहनाअनुसार थप एक विषय लिन पाउने व्यवस्था पनि छ। साइन्स समूहमा फिजिक्स, केमेस्ट्री, बायोलोजी, म्याथम्याटिक्सजस्ता विषयहरू पर्छन् भने म्यानेजमेन्ट समूहमा एकाउन्टेन्सी, बिजनेस स्टडिज, इकोनोमिक्स, म्याथम्याटिक्स, कम्प्युटरजस्ता विषय समावेश छन्। मानविकी समूहमा सोसियोलोजी, साइकोलोजी, इकोनमिक्स, म्याथम्याटिक्स, इन्भाइरोमेन्ट स्टडिज, जोर्नालिज्म, आर्ट एन्ड डिजाइनिङ, कम्प्युटर आदिमध्येबाट छनौट गर्न सकिन्छ। पहिलो वर्ष एड्भान्स सब्सिडियरी (एएस) मा आधा कोर्सहरू र दोस्रो वर्ष एड्भान्स लेभल (ए लेभल) मा बाँकी आधा कोर्सहरूको अध्ययन अध्ययन पूरा गरिन्छ।

**परीक्षा एवम् मूल्यांकन विधि**

ए लेभल परीक्षा पद्धति ज्यादै लचिलो, व्यावहारिक एवं विश्वसनीय छ। विद्यार्थीले तयारी गर्न सकेको खण्डमा छ महिनापछि सबै विषयको परीक्षा दिन सक्छन्। वर्षमा दुई पटक (जून र नोभेम्बर) विश्वभर एकै साथ सञ्चालन हुने परीक्षामा विद्यार्थीले आफ्नो तयारीअनुसारका विषयमा परीक्षा दिन सक्छन्। ग्रेडिङका आधारमा ए, बी, सी, डी, ई र यू ग्रेडमा नतिजा प्रकाशन हुन्छ। लिखितका अतिरिक्त मौखिक, प्रयोगात्मक, प्रोजेक्ट वर्कजस्ता मूल्यांकन विधिहरू प्रयोग गरिन्छ। कुनै खास विषयमा राम्रो गर्ने विद्यार्थी नेपाल टप वा वर्ल्ड टपसमेत बन्न सक्छ। राम्रो ग्रेडमा उत्तीर्ण गर्ने विद्यार्थीले विश्वका राम्रा विश्वविद्यालयमा छात्रवृत्तिको अवसर समेत पाउँछन्। प्रायः विश्वविद्यालयले जनरल पेपरमा (अंग्रेजी)मा राम्रो नतिजा ल्याएको खण्डमा त्यसलाई टोफल, आईईएलटीएस सरह मान्यता दिने गरेको पाइन्छ।

RJ VJ MC
उद्घोषण तालिम
रेडियोकर्मीद्वारा सञ्चालित उद्घोषण तालिम केन्द्र
ख्याती प्राप्त संचारकर्मी **दिनेश डि.सी.**का साथमा
रू१०००/ छुट
मृदुला खनाल | मुनाल शिशिर | रबि थापा
सन्तोष खनाल | केशबजङ्ग पाण्डे | नबिन लुँइटेल
हिरामणि तिमल्सिना | मधु नेपाल | R.D. श्रृंखला
BIKALPA THE OPTION
फोन: ०१-२२९०१६८, ०१-४२४१७०९
बागबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

एभरेष्ट कलेज अफ मल्टिपल स्टडिज्
(एभरेष्ट आ.उ.मा.बिद्यालय) गल्कोपाखा, ठमेल,काठमाण्डौं)





शैक्षिक सत्र ०६७ / ६८ को लागि Science, Management र Humanities संकायको कक्षा ११ मा भर्नाको लागि आवेदन फाराम वितरण भैरहेको छ।
हाम्रा विशेषताहरु :
- Experienced Faculties
- Well equipped Laboratories / Library
- CCTV Surveillance Classes
- Use of Multimedia in Class Room
- Electronic Attendance System
- Interactive Class Room Activities

अन्य जानकारीको लागि :
फोन: ४३५२३५८, ४३५२२२४
(विहान ६:०० देखि वेलुकी ६:०० वजे सम्म - शनिवार समेत)

अत्यन्त जरुरी सूचना !
नक्कली *Berina* देखि सावधान !
हाल बजारमा देखा परिरहेको नक्कली बेरिनाका सामानहरू बिक्री वितरण भै-रहेको हुँदा बेरिनाको प्रत्येक उत्पादनमा सक्कली बेरिनाको होलोग्राम (Hologram) चिन्ह हेरेर मात्र खरिद गर्नुहुन सर्वसाधारण ग्राहक महानुभाव हरुलाई अनुरोध गरिन्छ।
सक्कली बेरिनाको होलोग्राम चिन्ह



Pornsri Cosmetic Co., Ltd.
Bangkok - 10320, Thailand

# भविष्य रोज्ने अधिकार

● प्रेमकृष्ण श्रेष्ठ

एसएलसीमा राम्रो अंक ल्याएर पनि मेरो अध्ययनको विषय यो हुन्छ भनेर मुख फोड्न नसक्ने आकृति थापाले भनिन्, परिवारको इच्छामा पनि त चल्नुपर्छ नि ! आकृति मात्र होइन, अरू कैयन्ले आफ्नो भविष्य अभिभावकका लागि त्याग गर्छन्, तर सबै आकृति थापाझैँ हुने छैनन्, एसएलसी उत्तीर्ण कैयन् विद्यार्थीले हठ देखाएर आफ्नो रहरको विषयलाई निरन्तरता दिन्छन् भने कतिपय विद्यार्थी अभिभावकको दबाबमा आएर आफ्नो रुचिको विषयलाई उत्सर्ग गर्छन् । संकाय रोज्दा आफ्नो अभिरुचिको विषयलाई प्राथमिकता दिनुपर्छ । आजको समय स्वतन्त्रताको युग हो । अहिलेको समयमा कोही पनि हस्तक्षेप चाहँदैनन्, तर कैयन् अभिभावकले आफ्नो सपना पूरा गर्न छोरा छोरीमाथि दबाब दिन्छन् । अभिभावकले आफ्नो छोराछोरीलाई रहरको विषय पढाउँदा उनीहरूमा आउन सक्ने विरक्तिको पहिचान गर्न सक्दैनन् । मेरो छोरो स्कूलसम्म ठीक थियो अब कलेजमा पुगेर बिग्रियो भनेर छोराको आचरणमा खोट लगाउनुअघि उनीहरूमा परेको मनोवैज्ञानिक असरको निराकरण गर्नु आवश्यक छ । त्यसकारण अभिभावकले आफ्ना सन्तानको चाहना तथा अभिरुचिलाई बुझेर उनीहरूले रोजेको विषय पढ्न दिनुपर्छ । यसरी आफ्नो रोजाइको विषय पढ्न पाए उनीहरूमा पनि मैले स्वविवेकमा रोजेको विषय ठीक छ भन्ने मनौवेज्ञानिक प्रेरणा मिल्छ र उनीहरूको अध्ययनले सफलताको सिंढी उक्लँदै जान्छ । अभिभावकहरूले के बुझ्नुपर्छ भने एसएलसी उत्तीर्ण गरेको विद्यार्थीमा स्वविवेक हुन्छ र उनीहरूको उमेर त्यस्तो उमेर हो, जुन उमेरमा कसैले पनि हस्तक्षेप चाहँदैन ।

हाम्रो पुरानो पुस्ताको सामाजिक दृष्टिकोण पनि अलिकता संकीर्ण छ । हाम्रो पुरानो पुस्ताले नयाँ पुस्तालाई 'डाक्टर भएस्, इजिनियर भएस्' भनेर आशीर्वाद प्रदान गर्ने परम्परा छ । यो शुभेच्छाको शैलीबाट अरू क्षेत्र उपेक्षित हुन पुगेका छन् भने केही औंलामा गन्न सकिने क्षेत्र मर्यादित बनाइएका छन् । यो पेसाप्रति पुरानो पुस्ताले हेर्ने दृष्टिभ्रम मात्र हो । यो केही पेसाप्रति सम्मान र बाँकी पेसाप्रति अपमान पनि हो । आजको समयमा धेरै नयाँ विषय र प्रविधि भित्रिँदैछन् । नयाँ-नयाँ प्रविधिमा छोराछोरीको आकर्षण हुन सक्छ । कुनै समय नेपालमा हुँदै नभएको कम्प्युटर आज सबैको अध्ययनको विषय बनेको छ, तर पनि अभिभावकले आफ्ना सन्तानको भविष्यका सम्बन्धमा हस्तक्षेप गर्ने परम्परा टुंगिएको छैन । यही समाजमा बाबुआमाको दबाबमा आफ्नो अभिरुचिको विषयलाई तिलाञ्जली दिँदा आज कैयन् विद्यार्थी उच्च शिक्षाको भुमरीमा न तैरिन सक्ने न त डुब्न सक्ने अवस्थामा पुगेका छन् । अभिभावकहरू आफ्ना सन्तानलाई डाक्टर र इन्जिनियर पढाए सामाजिक प्रतिष्ठा उच्च हुने भावनाका कारण ऋण लिएर भए पनि पढाउँछन् । यसरी छोराछोरीलाई बाध्यात्मक शैलीमा आफ्नो सपनाको बाटो देखाउँदा सन्तानको अभिरुचि केमा छ ? कसैले सोच्दैनन् । वास्तवमा कोही पत्रकारिता पढेर देशको सेवा गर्न चाहिरहेका हुन्छन् भने कोही राजनीतिशास्त्र पढेर । राजनीतिशास्त्र पढेर केही हुँदैन भन्ने खालको भ्रम पनि उत्तिकै छ । फलस्वरूप राजनीतिशास्त्र आज नेपालमा परित्यक्त छ, उपेक्षित छ । त्रिभुवन विश्वविद्यालयमा सबैभन्दा कम विद्यार्थी राजनीतिशास्त्रमै छन् ।

विभिन्न विषयमा अध्ययन गर्ने विद्यार्थीबीच संख्यात्मक सन्तुलन आजको आवश्यकता हो । व्यवस्थापन, मानविकी र प्रविधिको तराजुमा अलिकता मात्र असन्तुलन आयो भने त्यसले देशको सिङ्गो रोजगारीमा असर पार्छ । जब आफ्नो सन्तानको अभिरुचिमा अनभिज्ञ भएर उनीहरूमाथि दासता थोपरिन्छ, त्यसले उनीहरूको कलिलो मनमा ठूलो चोट वा धक्का पुग्छ । आफ्नो सपना कुल्चएकोमा उनीहरूको हृदयमा आफ्नै अभिभावकप्रति एक प्रकारको आक्रोश र घृणा हुर्कन सक्छ । यस्तो आक्रोशले उनीहरू आफ्नो उज्ज्वल भविष्यतिर पाइला टेक्न छाडेर विकृतिको बाटोमा अग्रसर हुन सक्छन् । गत वर्ष एक गैरसरकारी संस्थाले गरेको सर्वेक्षणमा १६ प्रतिशत बालबालिका मद्यपान र धूम्रपानमा फस्नुको कारण पारिवारिक दबाब नै जिम्मेवार भएको पाइयो । तसर्थ नयाँ पुस्तामाथि निर्णय थोपर्नु कुनै पनि कोणबाट उचित होइन । छोराछोरीको अभिरुचि बुझेर उनीहरूको प्रतिभा जेमा छ त्यसमै अघि बढ्न दिनुपर्छ ।

सत्य के हो भने बर्नाड शाले एटम बम बनाउन सक्दैनन् भने आइन्सटाइनले कविता लेख्न सक्दैनन् । देवकोटाले मीठो गीत रच्न सक्लान्, तर मीठो धुन गुनगुनाउन सक्दैन । प्रत्येक व्यक्तिभित्र प्रतिभा हुन्छ । यदि त्यो प्रतिभा पहिचान भए मात्र सिर्जना हुन्छ । जसको प्रतिभा जेमा छ, उसलाई त्यही विषय छान्न दिनुपर्छ । गीत गुनगुनाउने छोरालाई नेपाली पढ्न दबाब दिनु, व्यापारमा अभिरुचि राख्ने छोरालाई बिज्ञानमा दबाब दिनु उनीहरूको प्रतिभा खोस्नु मात्र होइन, उनीहरूको नैसर्गिक अधिकारमाथि प्रहार पनि हो । बिज्ञानमा इच्छा राख्ने छोरालाई दबाबमा व्यवस्थापन पढाउनु, एउटा आइन्सटाइनको हत्या हो भने नेपालीमा इच्छा राख्ने छोरीलाई दबाबमा कानुन पढाउनु एउटी पारिजातको हत्या हो ।

# नतिजापछिको बाटो

● सागर शर्मा

शिक्षाका विधा एवं तहहरू धेरै छन् । सोहीअनुरूप परीक्षाहरू पनि भैरहन्छन् र नतिजा पनि प्रकाशित हुन्छन् । यस्ता परीक्षामा केही परीक्षा कहिले भएको र परीक्षाको नतिजा कहिले प्रकाशित भयो भन्ने कुरा धेरैले थाहा पाउँदैनन् भने केही परीक्षाले छुट्टै महत्व राखेको पाइन्छ । यस्तै महत्व राख्ने एसएलसी परीक्षाको नतिजा प्रकाशित भैसकेको छ । हुनत पहिलेजस्तो एसएलसी परीक्षालाई त्यति महत्वका साथ लिइँदैन, तैपनि यो तह पार गरिसकेपछि विद्यार्थीहरूले आफ्नो शैक्षिक यात्रामा नयाँ मोड आएको र जिम्मेवारी बढेको महसुस गर्छन् । अर्कातर्फ परिवार र समाजले पनि एसएलसी परीक्षामा कसको कति अंक आयो भनेर अलिक बढी नै ख्याल राख्ने भएर यो परीक्षाको नतिजालाई अरू परीक्षाको नतिजाभन्दा चासोका दृष्टिले हेरिन्छ ।

जति नै चासोका दृष्टिले हेरे पनि वा जतिसुकै महत्त्व राखे पनि एसएलसी परीक्षा नै सबै थोक होइन । यसपछि पनि अनेकौं बाटा पार गर्नुपर्ने हुन्छ । यो परीक्षाको नतिजा राम्रो हुँदैमा भविष्य राम्रो हुने र नतिजामा केही कमजोरी हुँदैमा भविष्य अन्धकार हुने भन्ने कुरा हुँदैन । वास्तवमा आफूले जुन कार्य गरिँदैछ त्यसमै राम्रो सफलता प्राप्त गर्दै अग्रसर हुँदै अघि बढ्नुपर्ने हुन्छ । एकपटकको राम्रो नतिजाकै कारण पछि पनि मेहनत नै नगरी राम्रो नतिजा आउँछ भन्ने होइन । त्यसैले अहिलेको एसएलसी परीक्षामा यदी राम्रो नतिजा आएको छ भने त्यसमा खुसी व्यक्त गर्नु त ठीक हो, तर भविष्यका लागि आफ्नो बाँकी रहेको यात्रालाई पनि बिर्सन हुँदैन । खासमा यही कुरा नबुझेर नै एसएलसी परीक्षामा 'राम्रो अंक ल्याउनेहरू' पनि पछि गएर 'बिग्रिएको' देख्न सकिन्छ ।



एसएलसी परीक्षाको नतिजा प्रकाशित भैसकेपछि प्रशस्त बाटा खुलेका देखिन्छन् भने सुक्ष्म रूपमा हेर्दा प्रत्येक बाटा साँघुरा नै हुन्छन् । प्रतिस्पर्धीको चापसँगै वर्षैपिच्छे प्रतिस्पर्धा बढेको बढ्यै छ । यस्तो अवस्थामा विद्यार्थीले राम्रा कहलिएका कलेजमा भर्ना पाउन पनि राम्रै मेहनत गर्नुपर्छ । हुनतः जुनसुकै कलेजमा पढे पनि यदि आफूले राम्रोसंग अध्ययन गरिएको छ भने सफलता टाढा हुँदैन, तैपनि शिक्षाको गुणस्तर राम्रो भएको, प्रयोगशाला तथा पुस्तकालयको राम्रो व्यवस्था भएको एवं विद्यार्थीका लागि आवश्यक पर्ने सुविधा उपलब्ध कलेजमा सोही किसिमको मेहनत गरेर पढ्ने हो भने केही फरक अवश्य हुन्छ । कलेज छान्ने क्रममा चिल्ला 'प्रोस्पेक्टस'मा लोभिँदै त्यसैको पछि लाग्नु राम्रो होइन । वास्तवमा विद्यार्थीहरूले कलेजको बाहिरी आवरण (ठूलो भवन, अनावश्यक रवाफ, चिल्ला प्रोस्पेक्टस)मा भन्दा पनि शिक्षा ग्रहण गर्नका लागि आवश्यक पर्ने वातावरण र राम्रो शिक्षा प्रणाली तथा गुणस्तरीयतामा ध्यान पुऱ्याउनुपर्छ ।

इन्जिनियरिङ प्रवेश परीक्षाको तयारी गराउने एक शिक्षण संस्थामा अध्ययनरत नीराजन भट्टराई कुनै निश्चित समयमा मात्र राम्रोसँग पढेर नहुने रहेछ भन्ने धारणा व्यक्त गर्छन् । भट्टराई भन्छन्, 'जब एसएलसी परीक्षा आउन एक वर्ष बाँकी थियो, घरबाट बाह्य क्रियाकलापमा बन्देज लगाइयो, एक वर्ष राम्रोसँग पढेपछि 'लाइफ' बन्छ भन्दै शिक्षकहरू पनि हौस्याउन थाले । आफूलाई पनि एक वर्ष मेहनत गरेपछि भविष्य राम्रैसँग बन्ने भए राम्ररी पढ्नुपर्छ भन्ने लाग्यो र पढियो पनि, नतिजा पनि राम्रै आयो । प्लस टु सुरु भएपछि थाहा भयो एसएलसीको नतिजाको केही महत्व नहुने रहेछ । त्यहाँ पनि दुई वर्ष राम्रोसँग पढे 'लाइफ' बन्छ भन्ने कुरा सुनियो, यो क्रममा पनि घरबाट पढाइबाहेकका अरु क्रियाकलापमा बन्देज लगाइयो । अहिले १२को परीक्षा दिएर इन्जिनियरिङ प्रवेश परीक्षाको तयारीमा रहँदा शिक्षकहरूले प्लस टुको अंकको कुनै महत्त्व नरहेको बताउँदै त्यहाँ प्राप्त भएको राम्रो अंकमा मख्ख नपर्न सल्लाह दिन्छन् । अहिले आएर बल्ल के महसुस भयो भने जुन तहमा आफू अध्ययनरत छौं, त्यो तह राम्रोसँग पढ्नुपर्छ, कुनै निश्चित तहको पढाइले मात्र सारा भविष्य निर्माणमा 'रोल प्ले' गर्दैन ।' वास्तवमा निराजनले महसुस गरेजस्तै विद्यार्थीहरू एसएलसी परीक्षाको नतिजामा मात्र फुर्किएर बस्ने अवस्था अहिले छैन, भावी दिनहरूमा पनि परिश्रम गरिरहनुपर्छ ।

एसएलसी परीक्षाको नतिजासँगै अनेकन् बाटा खुलेका छन् । सबै बाटामा यात्रा गर्न सजिलो पनि छैन र यो त्यति गाह्रो विषय पनि होइन । विद्यार्थीहरूले आफ्नो क्षमताले धान्न सक्ने कलेज तथा संकाय छनोट गर्नुपर्छ । अपेक्षाअनुरूपको नतिजा प्राप्त गरेका विद्यार्थीले अझै प्लस टु मा राम्रोसंग पढ्ने अठोटका साथ तथा अपेक्षाअनुरूपको नतिजा प्राप्त गर्न नसकेका विद्यार्थीले आफ्नो कमजोरी पत्ता लगाई प्लस टुमा राम्रोसंग पढ्नका लागि आफूलाई उपयुक्त हुने कलेज, संकाय तथा अन्य कुरा ख्याल गरी अघि बढ्नुपर्छ । जुनसुकै संकायमा अध्ययन गरे पनि राम्रोसँग अध्ययन गर्नेले नै सफलता प्राप्त गर्ने हुँदा आफ्नो लक्ष्यअनुरूपको विधा नै अध्ययन गर्नु उपयुक्त हुन्छ ।




# फेसबुकले रुवायो

कलाकार दीपकराज गिरी अचेल दुःखी छन् । 'तीतो सत्य' मार्फत दर्शक हँसाइरहेका सानो पर्दाका यी नायकलाई के कुराले दुःखी बनाएछ त ? *साप्ताहिक*को जिज्ञासामा उनले अल्छी मान्दै भने – 'फेसबुकले ।' विश्वभर सञ्जाल फैलिएको सोसियल नेटवर्किङ साइटले दीपकलाई कसरी दुःखी बनाउन सक्छ ? दीपक भन्छन्– 'मलाई दुःखी मात्र होइन, धरधरी रुवाएको छ ।' भएछ के भने दीपकराज गिरीकै नाम राखेर कसैले फेसबुक एकाउन्ट खोलिदिएछ । एकाउन्ट खोलेको केही समयमै उनको भनिएको प्रोफाइलमा देश-विदेशबाट साथी तथा प्रशंसकहरूको ओइरो लागेछ । 'केही साथीले विदेशबाट फोन गरेर कार्यक्रममा सहभागिताका लागि फेसबुकमार्फत गरेको निमन्त्रणालाई किन अस्वीकार गरेको ?' भनेपछि पो म छक्क परें । 'मैले फेसबुक एकाउन्ट खोलेकै छैन,' दीपक भन्छन्– 'नखाएको विष लाग्ने भो भन्ने कुराले चिन्ता बढेको छ ।' दीपकको मात्र होइन, रेखा थापा, निरुता सिंह आदि थुप्रै कलाकारका नक्कली फेसबुक एकाउन्ट सञ्चालनमा छन् ।





# फेसबुकले 'फेडअप'

'डिजिटल मिसयुज'को पछिल्लो सिकार भएकी छिन् नायिका गरिमा पन्त । यी नायिकाले केही समयअघि फेसबुक एकाउन्ट खोलिन् । एकाउण्ट खोले पनि उनले अपडेट गर्न भने भ्याइरहेकी थिइनन् । एक दिन कुनै साथीले उनलाई अचम्मको कुरा सुनायो । 'गरिमा तिम्रो फेसबुकमा कस्तो फोटो राखेको ?' साथीको कुरा सुनेर उनले फेसबुक हेरिन् र तीनछक परिन् । कसैले उनको फेसबुक एकाउण्ट 'ह्याक' गरिदिएछ । त्यतिमात्र होइन, फोटोको ठाउँमा कसैको नग्न शरीरमा उनको टाउको जोडिएको फोटो पनि राखिदिएछ । गरिमाले फेसबुकका सञ्चालकसमक्ष त्यसबारेमा रिपोर्ट गरिन् । यद्यपि त्यो एकाउन्ट जस्ताको तस्तै थियो । उनको साथी नायिका ऋचा घिमिरे आदिले पनि यही विषयमा बारम्बार रिपोर्ट गर्दा पनि फेसबुकका सञ्चालकहरूले उनीहरूको ह्याक गरिएको फेसबुक बन्द गर्ने कार्य गरेनन् । अन्ततः उनले आजीवन फेसबुक नचलाउने निधो गरिन् । यो खबर लेखुन्जेल पनि फेसबुकको सर्चिङमा उनको नामको स्पेलिङ 'जीएआरआईएमए पीएएनटिए' टाइप गर्दा त्यही एकाउन्ट खुल्छ । कस्तो नटेरेको फेसबुक अपरेटरले ?

# नायिकाका 'माधव बा'

अनुहार नचाउरीकनै कसैले 'बा' वा 'बुवा' भनेर सम्बोधन गरिदिए कस्तो महसुस हुन्छ ? त्यो पनि एउटी कलकलाउँदी उमेरकी नवनायिकाले कसैलाई सार्वजनिक समारोहमै 'बा' भनेर बोलाइन् भने ती 'बा' को अवस्था कस्तो हुन्छ ? सहजै अनुमान गर्न सकिन्छ, तर अनुमान गलत पनि त हुनसक्छ । त्यसो भन्दा ती 'बा' भनाउँदा व्यक्तिले हात हल्लाएर आफूलाई त्यसो भनिएकोमा खुसी व्यक्त गरे भने त भन्नेले सही भनेछ भन्ने ठहर्छ । चलचित्र 'फर्स्टलभ'को एल्बम विमोचन कार्यक्रममा उक्त चलचित्रबाट पर्दापण भएकी नायिका ऋचा शर्माको बोल्ने पालो आयो । उनले चलचित्रका प्रस्तुतकर्ता माधव वाग्लेलाई 'माधव बा' भनेर सम्बोधन गरिन् । शर्माले माधवलाई 'बा' भन्ने कारण पनि खुलस्त पारिन्, विदेशतिर पहिलो पटक चलचित्रमा 'ब्रेक' दिने निर्माता वा निर्देशकलाई 'गडफादर' भनिने चलनलाई यहाँ 'बा' भन्नुपर्ने सुझाव कसैले ऋचालाई दिएछन् । त्यही सुझाव अनुसरण गर्दै ऋचाले माधव वाग्लेलाई 'बा' भनिन् । हुन पनि कुनै नायिकाको 'बा' हुन पाउनु चानचुने कुरा होइन, बधाई छ ऋचाका 'माधव बा' लाई ।





# कर्मा होइन कर्म

चलचित्र 'सानो संसार' को कास्टिङमा नव-नायकका रूपमा उनको नाम आउँछ । अंग्रेजीमा 'केएआरएमए' लेखिएपछि चलचित्र हेर्नेजति प्रायःले उनको नाम 'कर्मा' भनेर बुझे । पत्रपत्रिकामा समेत उनलाई 'कर्मा' नै लेखियो । घरमा बोलाउने नाम महेश र थर शाक्य जोडेर उनलाई महेश शाक्य 'कर्मा' समेत भनियो । राम्रोसँग चिन्नेहरूमध्ये कतिपयले अझै उनलाई 'कर्मा' नै भनेर बोलाउँछन् । सम्भवतः उनलाई आफ्नो नामका बारेमा अर्थ्याउन मन लाग्न छाड्यो क्यार ! त्यसैले कसैले 'कर्मा' वा 'महेश' भनेर बोलाउँदा उनी 'हजुर' भनिदिन्छन् । तीनवटा फरक धारका तथा दुईवटा 'कमर्सियल लभस्टोरी' चलचित्रका यी नायकको नाम 'कर्म' मात्र हो । उनी 'कर्म' नामबाटै आफ्नो 'फिल्मी परिचय' निर्माण गर्न चाहन्छन् । उनले अभिनय गरेको दोस्रो चलचित्र कमर्सियल लभस्टोरी 'फर्स्ट लभ' सार्वजनिक हुने क्रममा छ । यसपटक भने उनी आफ्ना बारेमा लेखिदाँ वा कुरा गर्दा 'कर्म' नामबाटै परिचय दिइयोस् भन्ने चाहना राख्छन् । सबैले उनको चाहना बुझे कसो होला ?

६ महिना मै +2
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !! (Nios Delhi Board)
Arts Commerce Science
अन्तिम भर्ना !!
+2, 'A'Level तथा PCL फेल भएता पनि ६ महिना पढेर एक वर्ष मै +2 पास गर्न सकिने, ११ को नपढी सिधै १२ को मात्रै पढेर Exam दिन पाईने, कक्षा ८, ९ Test फेल भएता पनि Test नै नदिईकन SLC दिन पाईने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, पास गर्न सजिलो, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने ।
बाहिर बाट आएकाहरुलाई होस्टेलको व्यवस्था ।
प्राईभेट Test/SLC-2067
कक्षा ८ पास तथा भर्खरै कक्षा ९, १० वा Test/ SLC फेल भई विविध कारणले पढ्न नपाएकाहरुका लागि कक्षा ९ नपढी सिधै १० कक्षाको मात्रै पढेर SLC दिन पाइने एक वर्षे प्राईभेट Test/ SLC कक्षामा अन्तिम भर्ना लिईदै गरेको हुदाँ चाडै सम्पर्क गर्नुहोला ।
दुई वर्ष मै BA., BBS., PASS!!
SLC पूरक परिक्षाको लागि Math./Sci./Eng. को विशेष तयारी कक्षाहरु ।
ओरियन एकेडेमी
सामाखुशीपुल:4388400, 9851021071
चावाहिल:4460091, 9851085823
नयाँ बानेश्वर:4484634, 9841160529
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665
लगनखेल: 5531437

GOOD LOOKING १ दिनमा नै ५ ईन्च कम
100% Sliming & Physical center only for Ladies.
"नेपालमा पहिलो पटक 100 % सफलता" Sliming एक हप्तामा ५ देखि १० के.जी. घटाउने विशेषज्ञ डक्टर द्धारा सम्पूर्ण समस्याको समाधान ।
Slim, Beautyful, Young, Smart & Good Looking को लागि जिरो फिगर
१ महिनामा ९५ के.जी. मोटोपना घटाउने 7 Diet
100 % Natural
१ महिनाको Sliming Package मा Faceal Free
अनुहारको चायाँ, पोतो, चाउरीपना हटाउने, उज्यालो गोरो र कम उमेरको बनाउने, Young देखाउने, सुतकेरी पछि पेटमा देखिने चिरा चिरा मेटाउने, कपाल उमार्ने तेल, चुरोटको लतबाट छुटकारा, साथमा अक्यूलाईफ बाट स्वास्थ परिक्षण ।
१ महिनामा 150 cm देखि 180 cm सम्म Height बढाउने योको हाईट
(Body Problem, Health, Pyshical Problem & Sexual Problem Male & Female)
SEX PROBLEM ? Male & Female
Before
After
के तपाईलाई कुने यौन समस्या छ ? 100% समाधान
Sexual Dr. द्धारा सम्पूर्ण यौन समस्याको समाधान ।
गुप्ताङ्ग टाईट, स्तन टाईट गराउने, ठूलोलाई सानो बनाउने तथा सानोलाई ठूलो बनाउने, लिङ्गको मोटाई तथा लम्बाईको लागि
यौन बर्धक भिटामिन, कर्डी सेप, यार्सागुम्बा सेक्स पावर बढाउने रू. ३६९९।-
२४ घण्टा भित्र भ्याली बाहिर डेलिभरी गरिनेछ ।
Telley ब्राण्ड तथा एसियन स्काई सपका ब्राण्डहरु टि.भी. मो देखाइने सामानहरु पाईन्छ ।
हेल्दी होम क्लिनिक
गोंगबु चोक, विनायक हस्पिटल अगाडी, मेरो डेन्टल संगै
Received by Ladies Ph.: 9721526135
हट लाइन ०१-४३६५४९१ ९८०८५०३५४०
counselling 9849030734

THE BEST LANGUAGE & COMPUTER!
- All language Classes (Basic/ Intermediate / Advanced)
- Computer Classes (All Courses)
- Tuition Classes (VIII to Master's / all subjects)
- TEST/ S.L.C./ NIOS+2, Admission!
- TOEFL/IELTS/GRE.... Preparation Classes
Running with GUARANTEE!!!
English Language Special Tongue Building Training!
PASCAL INSTITUTE, Chabahil Chowk (on the way to Ganeshthan) 01-4478483 9841271036

सौन्दर्यका सामान
- Height बढाउने (Yoko Japanese) - 1050/-
- मोटोपन घटाउने (Sauna Belt)
- अनुहार गोरो बनाउने (Roop Amrit)
- स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
- डण्डीफोर, चाया पोतो हटाउने (Cream)
- धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
- कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
- लिङ्ग बढाउने साथै गुप्ताङ्ग टाईट गर्ने ।
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Newbaneshwor, 9808301235
Ph. 2290871, Mob. 9841506134

## ● फिल्मी खबर ●

### दुई चलचित्र तयार

प्रदीप श्रेष्ठको निर्देशनमा निर्माण भएका दुई चलचित्र 'भगवान सबैको' र 'सपना' प्रदर्शनका लागि तयार छन्। वसन्तकुमार श्रेष्ठ तथा हरि बरालले निर्माण गरेका यी दुई चलचित्रमध्ये 'भगवान सबैको'मा राजेश हमाल, रेखा थापा, अर्जुन कार्की, विक्रान्त बस्नेत, नन्दिता केसी आदिले प्रमुख भूमिका निर्वाह गरेका छन् भने 'सपना'मा राजेश हमाल, अर्जुन कार्की, नन्दिता केसी तथा आर्यन सिग्देलले अभिनय गरेका छन्।

### रोकियो जय होस्

चलचित्रका निर्माता सूदन धिताल दुर्घटनामा परी घाइते भएकाले छायांकन भैरहेको चलचित्र 'जय होस्'को छायांकन प्रभावित भएको छ। घनश्याम खतिवडाको निर्देशन रहेको यो चलचित्रको छायांकन केही दिनका लागि रोकिएको छ। चलचित्रमा राजेश हमाल, विराज भट्ट, कृष्ण भट्ट, सुमिना घिमिरे, सौजन्य सुब्बा, दिनेश डिसी, नवीन श्रेष्ठ आदि कलाकारको मुख्य भूमिका छ।

### धर्मा आउँदै

नायिका मनीषा कोइराला अभिनीत चलचित्र 'धर्मा' को प्राविधिक कार्य अन्तिम चरणमा छ। निर्देशक दीपेन्द्र के. खनालले जनाएअनुसार हाल उक्त चलचित्रको सराउन्ड साउन्ड तथा फाइनल मिक्सिङ कार्य भैरहेको छ। भदौ महिनामा सार्वजनिक गरिने यो चलचित्रकी निर्मात्री दुर्गा पोखरेल हुन्। चलचित्रमा राजेश हमालले नायकको भूमिका निर्वाह गरेका छन्।

### थापाजीको अपवित्र प्रेम

प्रदीपसिंह थापाको लेखन तथा प्रनिशा थापाको प्रस्तुतिमा थापाजी फिल्म्सले निर्माण गरेको चलचित्र 'अपवित्र प्रेम'को छायांकन चाँडै प्रारम्भ हुँदैछ। यही असार महिनाको दोस्रो साता शुभसाइत गरिएको यो चलचित्रको छायांकन काठमाडौं र पोखरामा हुनेछ। रवीन्द्र खड्का, रवि खड्का, गोमा केसी, धनराम मुस्कान, सुप्रिया मोक्तान तथा दुर्गेश थापाको मुख्य भूमिका रहने यो चलचित्रको निर्माण यही वर्ष सम्पन्न गर्ने लक्ष्य छ।

### दर्ता भएका मात्र

चलचित्र प्रदर्शकहरूको साझा संगठन नेपाल चलचित्र संघले देशभरिका आफ्ना ८० सदस्यलाई उक्त संघमा दर्ता गरिएका चलचित्र मात्र प्रदर्शन गर्ने आदेश जारी गरेको छ। दर्ता नगरी प्रदर्शन गरे सम्बन्धित प्रदर्शक (हल) लाई कारबाही गरिने पनि आदेशमा उल्लेख छ। नेपाली चलचित्रको प्रदर्शनमा आउने समस्या टार्न संघले उक्त आदेश जारी गरेको बताइन्छ। चलचित्र निर्माताले आफ्ना चलचित्र प्रदर्शन गर्दा दर्तावापतको शुल्क संघमा बुझाउनुपर्ने प्रावधान छ। संघको उक्त निर्णयमा असहमत रहेको बताउँदै आदिवासी चलचित्र संघले विरोध जनाएको छ।

### ओस्कारको सम्मान

चलचित्रका विभिन्न विधालाई पाठ्यक्रम बनाई अध्यापन गराउँदै आएको नेपालको एक मात्र चलचित्र कलेज ओस्कार इन्टरनेसनल कलेजले उत्कृष्ट विद्यार्थीहरूलाई सम्मानित गरेको छ। यसरी सम्मानित हुनेमा डेमोक्रेसी भिडियो च्यालेन्जका विश्वविजेता अनुप पौडेल, लिटिल एन्जल्स स्कुलको आयोजनामा भएको बालबालिकासम्बन्धी वृत्तचित्रमा उत्कृष्ट बनेका सुरेश पुडासैनी, चलचित्र विकास बोर्डले आयोजना गरेको स्क्रिप्ट लेखनमा घोषित उत्कृष्ट डा. नरेशकुमार केसी तथा उनका शिक्षक दीपक ढकाल, बेलायतले आयोजना गरेको जलवायु परिवर्तनसम्बन्धी वृत्तचित्रमा उत्कृष्ट इशु लामा एवं नेपाली सेनाले आयोजना गरेको वृत्तचित्रमा उत्कृष्ट बनेका निगम श्रेष्ठ, मीन धाम तथा राजेन्द्र सापकोटा छन्। चलचित्र विकास बोर्ड सभाहलमा आयोजित समारोहमा बोर्डका पूर्वअध्यक्ष एवं वरिष्ठ चलचित्रकर्मी यादव खरेलले उक्त सम्मान हस्तान्तरण गरेका थिए।

### बैंकिङ चलचित्र

पैसा कमाएर मात्र हुँदैन, बैंकमा बचत पनि गर्नुपर्छ भन्ने अवधारणामा कुमार भारतीले निर्माण गरेको चलचित्र 'धनीराम मनिराम' को निर्माण सम्पन्न भएको छ। वित्तीय संस्थाहरूको हितका लागि राज्यले नीति निर्माण बनाउनुपर्ने अवधारणामा आफूले यो चलचित्र निर्माण गरेको भारतीले बताए। साउनको दोस्रो साता प्रथम प्रदर्शन गरिसकेपछि सार्वजनिक प्रदर्शनका लागि पहल गरिने यो चलचित्रमा उमेश मायालु, कुमार भारती, रश्मि भट्ट, कमला अर्याल, सुरज सिंह, सूरवीर पण्डित, उत्तम केसी आदि कलाकारको मुख्य भूमिका छ। ललित कठायतले लेखेको चलचित्र 'धनीराम मनिराम'का निर्देशक उमेश मायालु हुन्।




तस्बिर : नवराज बाग्ले

## ● लभ गुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म १८ वर्षीया युवती हुँ। अहिले म कक्षा १२ मा पढ्दै छु। मेरो घरअगाडि बस्ने एक युवकले मलाई एकदमै मन पराउँदो रहेछ। यो कुरा मैले हालसालै साथीमार्फत थाहा पाएँ। झट्ट हेर्दा मलाई पनि उक्त युवक राम्रो लाग्छ। मेरो समस्या के हो भने मलाई अहिलेसम्म उक्त युवकका बारेमा केही थाहा छैन। मैले उक्त युवकका बारेमा थाहा पाउन के गर्नुपर्ला ? अहिले म रात-दिन त्यही युवकका बारेमा सोचेर समय कटाइरहेकी छु। के उक्त युवकसँग सम्बन्ध विकास गर्दा मलाई लाभ होला ?**

१३.१९

माया भन्ने कुरा लगाएर लगाउने होइन, यो आफैं हुने कुरा हो। माया आफैं हुन्छ भन्दैमा युवक-युवतीले मायाका लागि पहल नै गर्दैनन् भन्ने कुरा पनि होइन। एक-अर्कासँगको परिचयपछि आकर्षणका आधारमा युवक अथवा युवतीले मायाका लागि केही पहल गर्नैपर्छ। छिमेकमा बस्ने युवकले तपाईंलाई एकदमै मनपराउँदो रहेछ भन्ने कुरा तपाईंले जुन साथीमार्फत् थाहा पाउनुभएको हो, त्यही साथीलाई माध्यम बनाएर तपाईंले ती युवकसँग परिचय गर्न सक्नुहुन्छ र हिमचिम बढाएर उसको आनीबानीका बारेमा पनि जानकारी बटुल्न सक्नुहुन्छ। जहाँसम्म तपाईंले ती युवकका बारेमा सोचेर समय कटाउने कुरा छ त्यसले तपाईं ती युवकप्रति कुनै न कुनै रूपमा आकर्षित हुनुहुन्छ भन्ने कुरातर्फ संकेत गर्छ। त्यसैले तपाईंले सुरुमा ती युवकसँग मित्रता गाँसेर उनका बारेमा सबै कुरा थाहा पाएपछि मात्र जीवनको अन्य पक्षहरूका बारेमा निर्णय गर्नु तपाईंको हितमा हुन्छ। आजभोलि मानिसहरू अन्धो प्रेममा भन्दा व्यावहारिक प्रेममा विश्वास गर्छन् भन्ने कुरा तपाईंलाई थाहै होला भन्ने कुरामा म विश्वस्त छु।


## मिस नेपालले गाडी पाउने



**साप्ताहिक समाचार**

मिस नेपाल छनोट गर्ने कार्यले डेढ दशक नाघिसकेको छ। यस अवधिमा १३ जना सुन्दरीले मिस नेपालको मुकुट पहिरिसकेका छन्। यस वर्षको मिस नेपाल छनोट गर्ने प्रारम्भिक तयारी पनि अघि बढिसकेको छ। अघिल्ला आयोजनाको तुलनामा यस पटकको आयोजनासँगै मिस नेपाल विजेताको पुरस्कारमा पनि वृद्धि भएको छ। मिस नेपालको मुकुटसँगै विजेताले मिस वर्ल्डमा नेपालको प्रतिनिधित्व गर्ने अवसर तथा चेरी क्यूक्यू थ्री कार पुरस्कारका रूपमा प्राप्त गर्नेछिन्। मिस नेपाल प्रतियोगितामा विजेताले कार पुरस्कार प्राप्त गर्न लागेको यो पहिलो अवसर हो। यसैगरी फस्ट रनर्सअपले महिन्द्रा स्कुटर चढ्नेछिन् भने मिस अर्थमा नेपालको प्रतिनिधित्व गर्न पाउनेछिन्। काठमाडौं जेसिसको सहभागिता तथा द हिडेन ट्रेजरको आयोजनामा हुने मिस नेपाल- २०१० को छनोट अगामी अगस्ट महिनाको अन्तसम्ममा भैसक्नेछ।





## फ्रान्समा विवाह

हलिउडका चर्चित जोडी जूड ल तथा सिएना मिलरले आफ्नो व्यक्तिगत सम्बन्धलाई नयाँ उचाइ प्रदान गर्ने निर्णय गरेका छन् । समाचारमा जनाइएअनुसार दुवै अहिले फ्रान्समा त्यस्तो लोकेसनको खोजीमा छन् जहाँ उनीहरू विवाह-बन्धनमा बाँधिनेछन् । रमाइलो कुरा के छ भने जुड तथा मिलर केही समयअघि अलग भएका थिए । लामो समयदेखिका प्रेमी-प्रेमिकाले छुट्टिएपछि मात्र दुवै एक-अर्काबिना अधुरो भएको निष्कर्ष निकालेका थिए । आठ महिनाअघि मात्र उनीहरूको पुनर्मिलन भएको हो । यसबीच अघिल्लो साता उनीहरूले फ्रान्समा बिताए, जहाँ जूडका बुबा-आमा बसोबास गर्छन् । उनीहरू पनि आफ्ना छोराले फ्रान्समै विवाह गरून् भन्ने चाहन्छन् । त्यसैका लागि उनीहरूले उचित स्थान खोजेका हुन् ।



## हिरोको रिमेकबाट नयाँ हिरो

सन् १९८३ मा मुक्ता आर्टस्को ब्यानरमा शो म्यान सुभाष घईद्वारा निर्देशित चलचित्र हिरो प्रदर्शनमा आएको थियो । जैकी श्राफ र मिनाक्षी शेषाद्री अभिनीत उक्त चलचित्र त्यतिबेला ब्लक बस्टर सावित भएको थियो । सुभाष घई पुनः सोही चलचित्रको रिमेक गर्ने मुडमा देखिन्छन् र यसका लागि तयारीसमेत अघि बढाइएको छ । त्यसबेला रिलिज भएको चलचित्र हिरोमा जैकी श्राफले डेब्यू गरेका थिए भने करिब तीन दशकपछि बन्ने हिरोमा अभिनेता जैकी श्राफका पुत्र टाइगर श्राफले नायकका रूपमा डेब्यु गर्ने छन् । आफ्नो बुबाको बलिउड आगमनको सफलतालाई टाइगरले दोहोर्‍याउन सक्छन् कि सक्दैनन् त्यो त समयले बताउनेछ तर बलिउड संसारमा अर्को स्टार पुत्रको आगमन भने निश्चित भएको छ ।

## रितेशले किस गर्न मानेनन्



कतिपय अभिनेताको मनमा आफ्नो चलचित्रमा किस सिन होस् भन्ने चाहना होला । कैयन्ले किस सिनलाई पर्फेक्ट र रियल देखाउन बारम्बार रिटेक पनि दिन्छन् । जहाँ एकातिर अभिनेता इमरान हासमीलाई सिरियल किसरकै उपनाम प्राप्त छ त्यहीं अर्कातिर अभिनेता रितेश देशमुखले भने किस दिन अस्वीकार गरेका छन् । निर्देशक मिलाप जावेरीको चलचित्र जाने कहाँ से आयी है मा अभिनेता रितेशले अभिनेत्री ज्याकलिनसित नो किसको पोलिसी अँगालेका हुन् । उक्त चलचित्रमा किस सिन क्लाइमेक्सका रूपमा राखिएको थियो तर रितेशले किस सिन दिन इन्कार गरे ।

## बिकिनीकी सौखिन



बेलायतकी कामुक मोडल एबिगेल (एबे) क्लान्सी २००६ को विश्वकप फुटबलका क्रममा चर्चामा थिइन् । इङ्ल्यान्डका फुटबलर पिटर क्राउचकी प्रेमिकाका रूपमा उनको चर्चा भएको थियो । उनी अहिले पनि क्राउचकै प्रेमिका हुन् । यतिबेला उनी होलिडे मनाउने मुडमा छिन् । समरमा सेलिब्रेटीहरू होलिडे गैरहन्छन् । एबे होलिडेका क्रममा लगाउने पहिरनको खुलासा गरेर यतिबेला चर्चामा आएकी हुन् । एबेका अनुसार प्रायः सबै होलिडेमा उनी ३० जोडी बिकिनी साथमा राख्छिन् । उनलाई पहिरनमा बिकिनी सबैभन्दा प्यारो छ । यस पटकको समरमा भने तौल केही बढेकाले उनको चिन्ता बढेको छ । एबेले भनेकी छिन्– 'बिकिनीमा मोटी देखिन्छु भन्ने कुराले पिरोलिरहेको छ ।'


PEOPLE'S CAMPUS

Dedicated to Quality Education

Opens Admission for CLASS – XI

(Morning and Day Shift +2)

Scholarship for Deserving Students

- SCIENCE
- HUMANITIES
- COMMERCE

(also with Hotel Management and Computer Science)

(Affiliated to T.U & H.S.E.B)

For Details Contact:

People's Campus

Paknajol, Kathmandu,Tel. No.: 4251412, 4251990



अन्तिम भर्ना ! अन्तिम भर्ना !!

अब, केहि दिन मात्र बाँकी ।

प्राईभेट Test/ SLC-067

विगत वर्षहरूमा उत्कृष्ट नतिजा ल्याउन सफल ।

भर्खरै ९ तथा Test फेल भएका, कक्षा ८ पास भई, विविध कारणले पढाई रोकिएका हरूले सिधै कक्षा १० मात्र पढि सजिलै SLC पास गर्ने सुवर्ण अवसर ।

६ महिनामै +2

कक्षा ११ पढ्नु नपर्ने, कक्षा १२ को मात्र परीक्षा दिए पुग्ने । (NIOS Board)

- Science, Management, Arts Faculty भएको ।
- +2, A-Level फेल भए पनि परीक्षा दिन पाईने ।
- TU, KU, HSEB तथा विश्व भरी मान्यता भएको
- जागिरे तथा गृहणीले घरैमा पढेर परीक्षा दिन पाईने ।
- नेपाली तथा अंग्रजी माध्यमवाट परीक्षा दिन पाईने ।

कक्षा समयः विहानी, दिउँसो र वेलुकी

Medium: English / Nepali

साथै, ✪English, Japanese, Korean Language Classes. (जान्दै नजान्नेलाई विशेष कक्षाको ब्यवस्था ।) ✪Basic to Advance Computer Courses, ✪Tuition for all level all subjects...

नेपाल सरकार शिक्षा कार्यालय वाट मान्यता प्राप्त ।

| चावहिल | सोह्रखुट्टे | लगनखेल |
|---|---|---|
| जेन्युईन | पिस भिजन | रियल भिजन |
| Ph.:4462184, 9841575318 | Ph.: 4389300, 016913286 | Ph.:2296449, 9841471537 |

# वार्षिकोत्सवमा सांगीतिक कार्यक्रम



मोरङ- शनिबार बिहानदेखिको सिमसिमे पानीका कारण वातावरण चिसिँदै थियो भने विराटनगरका साहित्य र संगीतकर्मीहरू भने दर्शकलाई सांस्कृतिक मनोरञ्जन प्रदान गर्न निकै तात्तिएका थिए । प्रसंग हो भानु कलाकेन्द्र, विराटनगरको । कलाकेन्द्रले आदिकवि भानुभक्त आचार्यको १ सय ९७ औं जन्मजयन्ती तथा आफ्नो वार्षिकोत्सवका अवसरमा स्रष्टा-सम्मानका साथमा सांस्कृतिक कार्यक्रम आयोजना गरी दर्शकहरूलाई मनोरञ्जन प्रदान गरेको थियो ।

'राष्ट्रियता जोगाऔं, संस्कृति बचाऔं' भन्ने नाराका साथ आयोजित सांस्कृतिक कार्यक्रममा राष्ट्रिय गानबाट चर्चामा आएका गायक साजन राईले नेपालको वर्तमान परिस्थितिमा सान्दर्भिक आफ्नै गीत 'नेपाली नेपाली हामी हौं नेपाली...' गाउँदा हलमा उपस्थित दर्शकले एकताको उत्साहका साथ तालीले समर्थन जनाएका थिए । गायक राईले युवा पुस्ताले रुचाइरहेको 'तिमी गयौ र यो दिन लाखि भो...,' गीत प्रस्तुत गरेर दर्शकलाई मनोरञ्जन प्रदान गरे ।

कार्यक्रममा अर्का ख्यातिप्राप्त गायक प्रमोद खरेलले 'मविना कसै-कसैलाई मुस्किल छ पोखरामा...' गीत प्रस्तुत गरी पर्याप्त मनोरञ्जन प्रदान गरेका थिए । खरेलले 'मविना...', 'हे माया हेमा...' आदि गीत पनि प्रस्तुत गरे । कार्यक्रममा कलाकेन्द्रका कलाकारहरूले विभिन्न जातीय कला-संस्कृति झल्काउने नृत्य प्रस्तुत गरेर उपस्थित दर्शकलाई थप मनोरञ्जन प्रदान गरेका थिए ।

लामो समयदेखि कला, साहित्य र संगीतको क्षेत्रमा काम गर्दै आएको भानु कलाकेन्द्रले यस वर्ष साहित्यिक सांगीतिक कार्यक्रमका साथ विभिन्न विधाका चार स्रष्टालाई सम्मान पनि गरेको छ । प्रत्येक वर्ष असार २५ गते आफ्नो स्थापना वर्षसमेत मनाउँदै आएको कला केन्द्रले कलाकार प्रमिला उप्रेतीलाई चतुर्भुज आशावादी पुरस्कारद्वारा सम्मान गरेको छ भने साहित्यतर्फ साहित्यकार प्रा.डा.टंक न्यौपाने, पत्रकार प्रदीप मेयाङ्वो तथा नाटकतर्फ राम थापालाई सम्मान गरेको थियो ।

# मलेसियामा झ्याइँकुटी



**साप्ताहिक समाचार**

काठमाडौं– दमन रूपाखेती तथा शेखर खनाल मलेसियाका झन्डै दुई दर्जन सहर तथा गाउँमा रहेका नेपालीहरूलाई हँसाएर नेपाल फर्किएका छन् । स्थानीय डी.जी. मोबाइलको प्रवर्द्धनका लागि मनोरञ्जनात्मक कार्यक्रम आयोजना गरेका अञ्जय बन्टीका अनुसार दमन तथा शेखरले करिब २० हजार नेपाली दर्शकमाझ कार्यक्रम प्रस्तुत गरेका थिए । नेपाली समुदायमाझ हास्य-व्यंग्य कार्यक्रम प्रस्तुत गर्ने क्रममा उनीहरूले नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको हास्यशृंखला 'झ्याइँकुटी झ्याइँ' का केही भाग छायांकनसमेत गरे । शृंखलाको संयुक्त निर्देशनसमेत गरिरहेका मदन-शेखरले नेपालबाट विदेश जान इच्छुक दाजुभाइ-दिदीबहिनीहरूलाई थोरै भए पनि शिक्षा मिलोस् भन्ने उद्देश्यले मलेसियामै त्यहाँको वास्तविकता झल्कने कथा समेटेका छन् । मलेसियामा छायांकन भएका दृश्य आगामी शुक्रबारदेखिको प्रसारणमा समावेश हुनेछ ।

# अब पालो ह्यान्डसमहरूको




ह्यान्डसम नेपाल प्रतियोगिता सञ्जीवनी मिडिया सर्भिस प्रालिको आयोजना र मुभि हाउस प्रालिको व्यवस्थापनमा सञ्चालन हुँदैछ । पुरुष सौन्दर्य, बौद्धिक क्षमता, आत्मविश्वास एवं व्यक्तित्व मूल्यांकनको यो प्रतियोगिता अगामी असोज ९ गते जमलस्थित राष्ट्रिय नाचघरमा सञ्चालन हुनेछ । मुभी हाउसका सन्तोष सापकोटाका अनुसार १६ देखि ३० वर्ष उमेर समूहका पुरुषले सहभागिता जनाउन सक्ने यो प्रतियोगितामा काठमाडौं, पोखरा, नेपालगन्ज, धरान, वीरगन्ज, जनकपुर, इलाम, चितवन, धनगढी, गोरखा, बुटवल, बिर्तामोर्ड र बाग्लुङ गरी देशका प्रमुख १३ वटा सहरमा अडिसनपश्चात् राजधानीमा अन्तिम प्रतिस्पर्धा गराइनेछ । आयोजनाका सहभागीहरूलाई प्रतियोगिताको आधारभूत तालिमबाहेक फेसन स्टाइल, हेयर एन्ड मेकअप, नेतृत्व क्षमता, अभिनय, स्वास्थ्य सामाजिक सचेतना, व्यक्तित्व विकास आदि विविध विषयमा प्रशिक्षण दिइनेछ ।

# विद्यार्थीले गान्धी बन्ने प्रयास गर्नुहुँदैन

**पृष्ठ ५ बाट जारी**

विद्यार्थीको भन्दा अभिभावक र क्याम्पस दोष हुन्छ । यदि अभिभावक र क्याम्पसले विद्यार्थीको मनोविज्ञानअनुसार यो समयको महत्त्व बुझाउने हो भने विद्यार्थी जानी-जानी बिग्रन चाहँदैन । बिग्रने उमेर भनेकै तीन-चार वर्ष हो । ब्याचलरमा पुगेपछि सबैलाई पढाइको महत्त्व थाहा भैसकेको हुन्छ । कक्षा १० देखि ब्याचलर नपुगेसम्म सबैले उसको क्रियाकलापमा ध्यान दिनुपर्छ । कतिपय विद्यार्थी फिजिक्स, अंग्रेजी र नेपाली विषयमा लापरबाही गरेर पनि बिग्रन्छन् ।

**यो उमेरमा अरूको कुरा सुन्न मन लाग्दैन, कसरी सहि बाटोमा ल्याउने ?**

आफूभन्दा ठूलाले दिएको अर्ति मन पर्दैन, तर साथीभाइको कुरा मन पर्छ । उनीहरूलाई सही बाटोमा ल्याउने भनेकै हामीजस्ता युवाले हो । उनीहरूको मनोविज्ञान हामीलाई थाहा हुन्छ । अभिभावक र क्याम्पसले हामीजस्ता विद्यार्थीको सहारा लिनुपर्छ । विशेष गरी असल साथीको संगत गर्न प्रेरित गर्नुपर्छ ।

**प्लस टु मा भर्ना भएका विद्यार्थीले के गर्नुहुन्छ, के हुँदैन ?**

कम्प्युटर, सिनेमा जस्ता कुरामा चासो राख्नुपर्छ तर मेरो विषय के हो, त्यो विषयसँग म टाढा भैरहेको त छैन, भन्ने कुरामा ध्यान दिइरहनुपर्छ । आफ्ना शिक्षकलाई आफूतर्फ आकृष्ट गर्ने र शिक्षकबाट सधैं नयाँ कुरा लिने प्रयास गरिरहनुपर्छ । किनभने शिक्षकहरू पनि यस्तै विद्यार्थीलाई मन पराउँछन् । सबै साथीहरूसँग समानताको व्यवहार गर्नुपर्छ । सबैसँग विशेष खुवी हुन्छ, त्यो कुरा लिने प्रयास गर्नुपर्छ ।

**प्लस टु अध्ययन गर्नेहरू मध्ये धेरै प्राइभेट कलेजमै भर्ना हुने गरेका छन्, प्लस टु विद्यार्थीको जीवन राम्रो बनाउन कलेजले के गर्नुपर्छ, के गर्नुहुँदैन ?**

धेरैजसो प्लस टु कलेजले राम्रो भवन देखाएर विज्ञापन गरिरहेका हुन्छन् । प्लस टु भनेको भवन होइन, टिचिङ मेथड हो । कुन कलेजले विद्यार्थीलाई कति राम्रो मेथडले पढाइरहेको छ, सबै विद्यार्थीले एकनासले सिकिरहेका छन् कि छैनन् भन्ने कुरामा ध्यान पुऱ्याउनुपर्छ । मैले प्लस टु छनौट गर्दा त्यहि कुरा ध्यान दिएको थिए । पाँच वर्षअघि एउटा शिक्षकले जुन नोट लेखाउनु हुन्यो, आज पनि त्यही नोट लेखाउने चलन छ । यो गलत कुरा हो । समयसँगै, विद्यार्थीको मनोविज्ञानसँगै पढाइको मेथड पनि परिवर्तन गर्नुपर्छ ।

**धेरैजसो विद्यार्थी प्लस टु पछि विदेश जान्छन्, यसमा तपाई के भन्नुहुन्छ ?**

म दाङबाट काठमाडौं आउँदा धेरै कुरा जान्दिनथें । काठमाडौंले मलाई धेरै कुरा सिकायो । यहाँका प्लस टु कलेज गाउँका भन्दा उत्कृष्ट छन् । त्यसैगरी प्लस टु पछि विदेश अध्ययन गर्न जानु म दाङबाट काठमाडौं आउनु जस्तै हो । मुख्य कुरा मैले आफ्नो अध्ययन पूरा गरेपछि देशका लागि केही गर्छु कि गर्दिन भन्ने हो । विद्यार्थीलाई मात्र होइन, गाउँका किसानलाई पनि विदेशमा कसरी खेती गरिन्छ भनेर देखाउने हो भने उनीहरूको प्रोडक्टिभिटीमै फरक पर्छ । जो जीवनमा केही गर्न चाहन्छ भने उसले संसार बुझ्नै पर्छ ।

**त्यसो भए तपाईं पनि विदेश जाने ?**

सबैजसो टपरहरू विदेशमै छन् । नेपालमा इलेक्ट्रोनिक्स इन्जिनियरिङको स्कोप मोबाइल कम्पनीहरूमा मात्र छ । म आफ्नो क्षमतालाई राम्रोसँग उपयोग गर्न चाहन्छु । त्यसका लागि मैले संसारकै इन्जिनियरहरूसँग प्रतिस्पर्धा गर्नुपर्छ ।

● **अश्विनी कोइराला**



## ● तीन प्रश्न ●

झन्डै एक दशकअघि सन्तोष पन्तको लोकप्रिय हास्यशृंखला 'हिजोआजका कुरा' को छायांकन हेर्न धापासी पुगेका नवराज आचार्यले त्यसको केही समयपछि नै आफू उक्त शृंखलाको कलाकार हुन्छु भन्ने सोचेका थिएनन्। नितेशराज पन्तले अभिनय गर्ने प्रस्ताव राखेपछि उनले नाइँ भन्न सकेनन्। हिजोआजका कुरापछि उनलाई नितेशराजले नै टिनएजरहरूमाझ लोकप्रिय शृंखला "क्याटमाण्डु" मा स्यान्टोको भूमिकामा प्रस्तुत गरे। 'स्यान्टो' ले युवापुस्ताको मन जितेपछि नवराज अभिनय क्षेत्रबाट टाढा जान सकेनन्। कान्तिपुर टेलिभिजनको प्रसारणसँगै उनी यो च्यानलमा कार्यक्रम प्रस्तोता तथा निर्माताका रूपमा सहभागी भए। कान्तिपुर टेलिभिजन प्रवेश गरेलगत्तै उनले इन्डी मिक्स ब्याग शीर्षकको काउन्टडाउन कार्यक्रम सञ्चालन गरे। त्यसपछि प्रेम-समस्यामा आधारित नाइन टु टेन चलाए। यी दुई कार्यक्रमको लोकप्रियतापछि उनलाई कान्तिपुर टेलिभिजनले "सन्तान थरी-थरीका" शीर्षकको टेलिश्रृंखला निर्देशन गर्ने जिम्मेवारी दियो। २८ भाग लामो उक्त शृंखलामा अभिनय तथा निर्देशन गरेपछि नवराजले करिब चार वर्षअघि हास्यशृंखला 'घरबेटी बा' निर्माण गरे। अहिले पनि सोमबार साँझ ७:३० बजे प्रसारण भैरहेको यो शृंखलामा नवराज अभिनय पनि गर्छन्। भर्खरै प्रसारण टुंगिएको लोकप्रिय शृंखला 'कलेज' मा पनि उनी निर्देशक तथा कलाकारका रूपमा सक्रिय थिए। दर्जनौं म्युजिक भिडियोका नायक तथा निर्देशक नवराज यति बेला आफ्नै संस्था ह्वाइट हर्स भिडियोमार्फत पहिलो पटक सौन्दर्य प्रतियोगिता आयोजित गर्दैछन्। एञ्जल-२०१० शीर्षकको उक्त प्रतियोगिताका बारेमा *साप्ताहिकले* नवराजसँग सोधेको तीन प्रश्न :



**कलाकारिता गर्दागर्दै इभेन्ट म्यानेजमेन्टमा कसरी आउनुभयो ?**

अभिनय र निर्देशन त गरी रहेकै छु, केही नयाँ गरौं भनेर एउटा ब्युटी प्याजेन्ट आयोजना गर्ने निर्णय गरेको हुँ । मिस नेपालकै स्तरको अर्को प्रतिस्पर्धा आयोजना नभएकाले 'एञ्जल-२०१०' शीर्षकको नयाँ सुन्दरी प्रतियोगिता आयोजना गर्न लागेको हुँ ।

**प्रतियोगीहरू कस्ता छन् ?**

आकर्षक व्यक्तित्व तथा राम्रो शैक्षिक पृष्ठभूमि भएका युवतीहरूलाई व्यक्तिगत रूपमा कलेज-कलेज पुगेर छनौट गरिएको छ । प्लस टुदेखि स्नातकोत्तर तहसम्म अध्ययन गरिरहेका तथा केही गरौं भन्ने युवतीहरू सहभागी छन् ।

**'एञ्जल-२०१०' को तयारी कस्तो छ ?**

प्रायः सबै तयारी पूरा भैसकेको छ । अस्ति बुधबार ट्यालेन्ट शोमा सहभागी सुन्दरीलाई गत साता सौराहा पुऱ्याएर तयार पारिएको प्रतियोगिताको प्रोमोसन भिडियो बजिरहेको छ । प्रतिस्पर्धीहरू पनि आफ्नो कला प्रदर्शन गर्न तयार भैसकेका छन् ।

## ● सानो पर्दा ●

### महको सुगन्धपुर

चलचित्र तथा वृत्तचित्रको मात्र प्रथम प्रदर्शन गरिने परम्परालाई तोड्दै राजधानीमा एउटा टेलिचलचित्रको प्रथम प्रदर्शन सम्पन्न भएको छ। मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यद्वारा निर्देशित टेलिचलचित्र 'सुगन्धपुर' को रसियन कल्चर सेन्टरमा प्रथम प्रदर्शन गरिएको हो । टेलिचलचित्रमा मह जोडीका अतिरिक्त अरुणिमा लम्साल, शम्भु थापा, नरेन्द्र कंसाकार, बिमला गिरी, शर्मिला थापा, आँचल कर्ण आदि कलाकारले अभिनय गरेका छन् । प्लान नेपाल तथा महसंचारद्वारा संयुक्त रूपमा निर्माण गरिएको यो टेलिचलचित्रमा फोहोरमैलाबाट निम्तिने स्वास्थ्य समस्याका बारेमा सचेत गराइएको छ ।

### अमेरिकामा कान्तिपुर टेलिभिजन

अमेरिकामा बसोबास गरिरहेका नेपालीहरूले अब कान्तिपुर टेलिभिजन सोझै हेर्न पाउने छन् । असार २९ गते आठौं वर्षमा प्रवेश गरेको कान्तिपुर टेलिभिजन अमेरिकाबाट पनि प्रसारण हुने भएको छ । कान्तिपुर टेलिभिजनका प्रवन्ध निर्देशक कैलाश सिरोहियाले विश्वका हरेक कुनामा बस्ने नेपालीभाषीसमक्ष कान्तिपुर टेलिभिजन पुऱ्याउने तयारी भैरहेको बताए । वार्षिकोत्सव






समारोहमा टेलिभिजनका निर्देशक जीवा लामिछाने, गणेश अग्रवाल, समाचार प्रमुख तीर्थ कोइराला, प्रमुख कार्यकारी निर्माता भूषण दाहालले पनि आ-आफ्नो मन्तव्य प्यक्त गरे । कार्यक्रममा निर्देशक अरुण ओझाको पनि उपस्थिति थियो । वार्षिकोत्सवका अवसरमा कान्तिपुर टेलिभिजन कर्मचारी संघले आयोजना गरेको फुटबल प्रतियोगिताका विजयी खेलाडीलाई पुरस्कार वितरण गरिएको थियो । २०६० असार २९ गतेदेखि प्रसारण प्रारम्भ भएको कान्तिपुर टेलिभिजन प्रारम्भिक दिनमा टेरेस्टोरियल प्रविधिमा सीमित थियो। पाँच वर्षयता यसको प्रसारण स्याटेलाइटमार्फत देशभर तथा विश्वका करिब सय मुलुकमा भैरहेको छ ।

## ● विदेशबाट ●

### सानो पर्दामा अक्षय कुमार

चलचित्रमा अभिनय थाल्नुअघि बलिउड अभिनेता अक्षय कुमार एउटा होटलमा खाना पकाउने काम गर्थे भन्ने कुरा धेरैलाई थाहा छ। होटलमा उनी चाइनीज-थाई परिकार बनाउँथे । रमाइलो कुरा के छ भने अहिलेका सुपरस्टार अक्षय कुमारमा सानो पर्दाका लागि खाना पकाउने कार्यक्रम लिएर दर्शकमाझ आउँदैछन् । स्टार प्लसबाट प्रसारणको क्रममा रहेको यो कुकिङ शोका लागि अक्षय कुमारले राम्रै पारिश्रमिक लिएको बताइन्छ । एउटा समाचारमा जनाइएअनुसार उनले प्रतिएपिसोड ७ करोड रुपैयाँ पाउनेछन् । 'किचन से किचन तक' शीर्षकको यो कार्यक्रममा बलिउडकी मोडल पद्मा लक्ष्मी पनि कार्यक्रम सञ्चालकका रूपमा प्रस्तुत हुनेछिन् ।



निर्देशक सोभित बस्नेतलाई 'फास्ट डाइरेक्टर' पनि भनिन्छ। किनभने उनी छिटो छायांकन तथा सम्पादन सकेर निर्मातालाई राहत दिने निर्देशक हुन्। निर्माताको बजेटभन्दा कममा निर्माण सक्ने र 'पैसा असुल' हुने किसिमका चलचित्र निर्देशन गर्न खप्पिस बस्नेतले चलचित्र निर्देशन गर्न थालेको १७ वर्ष भयो यो अवधिमा उनले २० वटा चलचित्रको निर्देशन भ्याएका छन्। बस्नेतको निर्देशनमा उनी आफैंले निर्माण गरेको बीसौं चलचित्र 'कन्यादान' यही साता सार्वजनिक हुँदैछ। चलचित्रको प्रचार प्रसारमा जुटेका बस्नेतसँग साप्ताहिकको जम्काभेट :



**चलचित्र 'कन्यादान' मा सातवटा चरित्र निर्वाह गर्नुभएको छ, किन होला ?**

दर्शकलाई रमाइलो होस् भनेर स्क्रिप्ट लेख्दा सातवटा चरित्र एकै जनाले गर्ने भनेर लेखियो । पछि त्यो चरित्र मैले आफैं गर्ने निधो गरेँ । विगतमा नाटकहरूमा काम गरेको अनुभव यसबेला काम लाग्यो । नाटकमा म विभिन्न क्यारेक्टर गरिरहन्थे ।

**तपाईंले निर्देशन गरेका चलचित्र हिन्दी चलचित्रसँग ठ्याक्कै मिल्छ भन्ने आरोप छ । 'कन्यादान' चाहिँ कुनसँग मिल्छ ?**

त्यो आरोप मात्र हो । भारत र यहाँको सामाजिक परिवेश मिल्ने भएकाले चलचित्रको पृष्ठभूमि वा मैले चलचित्रमा देखाउने चरित्र मिल्नु स्वाभाविक हो । हामी हिन्दी चलचित्र हेरेरै हुर्किएका हौं र हिन्दी चलचित्रले नै हामीलाई सिकाएको हो । त्यसैले हिन्दी चलचित्रका निर्देशकहरूसँग हाम्रो भिजन मिल्नु पनि अस्वाभाविक लाग्दैन, तर 'कन्यादान' मा मैले मेरो आफ्नै घरपरिवारको कथा-व्यथालाई समेटेको छु । मैले मेरो परिवारमा भोगेका कुरालाई प्रस्तुत गरेको छु । यदि यो पनि कुनै हिन्दी चलचित्रसँग मिल्यो भन्नुहुन्छ भने मेरो पारिवारिक संरचना नै फिल्मी रहेछ भन्ने बुझ्नुहोला ।

**तपाईंका चलचित्रमा तपाईंको क्याम्पका कलाकारले मात्र बढी अवसर पाउँछन्, किन होला ?**

पहिले मेरो क्याम्प थियो, अहिले छैन । अहिले सबै तितरबितर भैसकेका छन् । पहिले मलाई क्याम्प बनाएर काम गर्नु आवश्यक छ कि जस्तो लाग्थ्यो । अहिले क्याम्पको आवश्यकता छैन । यद्यपि मेरा चलचित्रमा मेरो भाइ जयकिशन बस्नेत, संगीतकार शम्भुजित बाँस्कोटा र द्वन्द्व निर्देशक राजेन्द्र खड्गी भने कहिल्यै छुट्दैनन् । मेरो क्याम्पका भन्दा पनि विलक्षण प्रतिभाका कारण म बारम्बार उनीहरूलाई दोहोऱ्याइरहन्छु ।

**तपाईंका भाइ, छोरा चलचित्रमा भएपछि परिवारवाद हाबी भएन र ?**

म यो कुरा मान्दिन किनभने मेरो भाइ जयकिशन आफैंमा प्रतिभावान अभिनेता हो । ऊ हिरोभन्दा पनि 'भर्सटाइल एक्टर' हो । हो, उसले आफ्नो करियर मेरै चलचित्रबाट थाल्यो । अहिले ऊ मेरो चलचित्रमा भन्दा अरूकै चलचित्रमा व्यस्त छ । सलोन एउटा सक्षम बालकलाकार थियो । अहिले चलचित्रमा नायक हुन चाहिने सबै प्रकारका प्रशिक्षण लिइरहेको छ । मेरै चलचित्रबाट उसलाई नायक बनाउँछु । मेरै घरमा प्रतिभाशाली कलाकार छन् भने किन बाहिर जाने ? बाहिर खोजेर विराज भट्ट, कुशल थापा, कञ्चन रेग्मी, अर्पणा सिंह आदिलाई चलचित्र क्षेत्रमा ल्याएको पनि त थिएँ ।

**अहिले नयाँ निर्देशकहरू नयाँ सोच लिएर चलचित्र निर्देशक भएका छन्, युवापुस्ताले उनीहरूलाई रुचाएका पनि छन् । उनीहरूसँग प्रतिस्पर्धा गर्न सक्नुहुन्छ ?**

प्रतिस्पर्धा केका लागि ? उनीहरू आफ्नो विचार र कला देखाउँछन् । म आफ्नो कला देखाउँछु । म नयाँ प्रतिभाहरू आएकोमा खुसी हुन्छु । विशेष गरी सुदर्शन थापा, सुरेशदर्पण पोखरेल आदिबाट म बढी आशावादी छु ।

● चलचित्र ●

## गंगाजल



'भ्रष्टाचारविरुद्ध एउटा अभियान' चलचित्र गंगाजलको प्रचारमा प्रयोग गरिएको यो नारानै चलचित्रको मूल विषय हो। निर्देशक प्रमोद भण्डारीले आफ्नो चलचित्रमा सरकारी मातहतमा हुने भ्रष्टाचार र त्यसबाट पीडित पक्ष एवं भ्रष्टाचारका कारण देशलाई परेको नराम्रो असरलाई देखाउन खोजेका छन्। देशभरिका १८ वटा स्थानबाट एकसाथ सार्वजनिक हुन लागेको यो चलचित्रमा नायक सुशील क्षेत्री भ्रष्टाचारी बनेका छन् र उनलाई भ्रष्टाचार गर्न उक्साउने खलपात्रको भूमिकामा उमेश खड्का छन्। नायक विराज भट्ट भ्रष्टाचारीको जरै उखाल्ने अभियानका लागेका हुन्छन्। भ्रष्टहरूलाई सखाप पार्न नायकले मृत्युशय्यामा ग्रहण गरिने गंगाजल सेवन गर्छन्। मर्ने र बाँच्ने ठेगान नभएको अवस्थामा भ्रष्टाचारीहरूको दलदलमा पसेर उनीहरूलाई सखाप पार्न नायक सफल हुन्छन् वा हुँदैनन्? भन्ने कुरा जान्न चलचित्र हेर्नै पर्ने हुन्छ। चलचित्र 'गंगाजल' मा महेश खड्काको संगीत, रामशरण उप्रेतीको छायांकन, रोशन श्रेष्ठको द्वन्द्व निर्देशन छ। सुनील ढकालले निर्माण गरेको चलचित्र 'गंगाजल' मा रेखा थापा भ्रष्टाचारी सिध्याउने अभियानमा विराजकी सहयात्री भएकी छिन्।

## कन्यादान



सानैदेखि बहिनीको विवाह धुमधामले गर्ने सपना पालेर हुर्काइएकी बहिनी विवाहकै बेला अनायसै कुनै केटासँग भागिन् भने दाइको अवस्था के होला? यही सेरोफेरोमा निर्माण भएको छ चलचित्र 'कन्यादान'। दाजुको भूमिकामा रहेका नायक अर्जुन कार्कीले बहिनीको कन्यादान गर्न नपाउँदाको पीडालाई चलचित्रको भावनात्मक पक्ष बनाइएको छ। चलचित्रमा बहिनीको भूमिकामा रहेकी नायिका कञ्चन रेग्मी तथा उनको प्रेमी बनेका नायक कुशल थापाबीचको टिनएजर प्रेम पनि छ। यसका साथै परिवारको चाहनालाई लत्याउन नहुने पाठ पढाएर टिनएजर प्रेमजोडीलाई सहयोग गर्ने महत्त्वपूर्ण भूमिका नायक विराज भट्टले निर्वाह गरेका छन्। सोभित बस्नेतको निर्माण एवं निर्देशनमा आज शुक्रबारदेखि मोफसलका विभिन्न ४० स्थानबाट एकसाथ सार्वजनिक हुन लागेको चलचित्र 'कन्यादान' मा धीरेन शाक्य, सिर्जना बस्नेत, रञ्जना शर्मा, जयकिसन बस्नेत, रञ्जना शर्मा आदि कलाकारको पनि महत्त्वपूर्ण भूमिका छ। शम्भुजित बाँस्कोटाको संगीत सुन्न पाइने चलचित्र 'कन्यादान' का लेखक ध्रुव लम्साल हुन्। पोखरा, दामन र काठमाडौंमा छायांकन गरिएको उक्त चलचित्रमा दर्शकको रुचिलाई ध्यानमा राखेर द्वन्द्व तथा हास्य दृश्यहरूको पनि संयोजन गरिएको निर्माता तथा निर्देशक बस्नेतले बताएका छन्। वस्नेतले चलचित्रमा सातवटा चरित्र निर्वाह गरेका छन्।





## फ्ल्यास ब्याक




गोपीकृष्ण मुभिजको ब्यानरमा दयाराम दाहालले निर्देशन गरेको चलचित्र 'फर्केर हेर्दा' लाई अंग्रेजीमा 'फ्ल्यास ब्याक' भनिएको छ। अतितको प्रेमबाट सिकेको कुराले वर्तमानको प्रेम सम्बन्धमा हुने सहयोगलाई चलचित्र 'फर्केर हेर्दा' को मूल विषय बनाइएको छ। चलचित्रमा आर्यन सिग्देल, युना उप्रेती, रेजिना उप्रेती, जेनिशा केसी, नीर शाह, रवि गिरीका साथमा एउटा विशेष भूमिकामा निखिल उप्रेतीले अभिनय गरेका छन्। स्याङ्जा, कास्की, तनहुँ, गोरखा, चितवन तथा काठमाडौंका विभिन्न रमणीय स्थलहरूमा छायांकन गरिएको यो चलचित्रलाई संगीतमय चलचित्र पनि भनिएको छ। चलचित्रमा निखिल उप्रेती नायिका युनाका दाइ हुन्छन्। विगतमा उनले आफ्नो प्रेम सम्बन्धले गर्दा अकारण जेल सजाय पाएका हुन्छन्। दाइलाई परेजस्तै समस्या बहिनीलाई पनि पर्छ। युनाको प्रेम नायक आर्यन सिग्देलसँग हुन्छ। परिवार र साथीभाइ उनीहरूको प्रेमको पक्षमा हुँदैनन्। जबकी उनीहरू एकअर्काबिना रहन नसक्ने अवस्थामा पुगेका हुन्छन्। निखिलले बहिनीको समस्या समाधान गर्न आफ्नो विगतको अनुभव उपयोग गर्छन्। अन्त्यमा नायक र नायिकाको प्रेमको जित हुन्छ। चलचित्रमा सुरेश अधिकारीको संगीत सुन्न सकिन्छ। चलचित्र 'फ्ल्यास ब्याक' मा आर्यन र युनाबीचको चुम्बन दृश्यलाई पनि निकै प्रचारमा ल्याइएको छ।

## लम्हा



कस्मिरलाई कुनै बेला धरतीको स्वर्ग भनिन्थ्यो, तर अहिले परिस्थिति बेग्लै छ। कस्मिरमा अहिले आतंकवादको दबदबा छ। यसका लागि नेता, प्रहरी, सैनिक तथा सरकारी अधिकृतहरू पनि दोषी छन्। यिनीहरू पैसाका लागि समाजमा अशान्ति फैलाइरहेका छन्। आज शुक्रबार सार्वजनिक हुने चलचित्र 'लम्हा' को मुख्य कथा यही हो। चलचित्रमा विक्रम (सञ्जय दत्त) एमआई अधिकृत छन्। उनलाई एउटा त्यस्तो गोप्य मिसनमा पठाइन्छ, जुन अत्यन्त खतरनाक छ। उनले कस्मिरमा भड्किएको अशान्ति रोक्नुका साथै ती व्यक्तिहरूलाई पनि सार्वजनिक गर्नु छ, जो आतंक फैलाइरहेका छन्। कस्मिरमा जुन दिन विक्रमले कदम राख्छन्, त्यही दिन विखण्डनकारी नेता हाजी (अनुपम खेर) एउटा बम विस्फोटमा मुस्किलले बाँच्छन्। उक्त विस्फोट र आफ्नो अभियानमा कुनै सम्बन्ध छ कि छैन भन्ने कुरा परीक्षण गर्न विक्रमले हाजीकी शिष्या अजीजा (विपाशा बसु) सँग मित्रता गाँस्छन्। उनीहरू एउटा त्यस्तो यात्रामा निस्कन्छन् जुन रहस्य, सन्देह, विश्वासघात तथा जोखिमले भरिएको छ, तर वास्तविकता उजागर गर्न उनीहरू कटिबद्ध छन्। अनुसन्धानका क्रममा केही त्यस्ता घटनाक्रम अगाडि आउँछन् जसले विक्रम एवं अजिजाको दृष्टिकोण तथा विचारधारामा परिवर्तन आउँछ। एक्सनप्रधान यो चलचित्रको निर्देशन राहुल ढोलकियाले गरेका हुन्। चलचित्रमा कुनाल कपुर, अमन वर्मा, विश्वजित प्रधान आदि कलाकारको पनि अभिनय हेर्न पाइन्छ।



# निरुता सिंह

**'नो मोर रोनाधोना एन्ड साडी'**- मुम्बइया फिल्मी भाषा बोल्दै नायिका निरुताले आफ्नो नयाँ योजनालाई एउटै वाक्यमा सकिन् । विगतमा गृहिणी, गाउँले महिलाजस्ता चरित्रका लागि चलचित्र निर्माताहरूले सम्भिmए पनि अब उनी केही समय अत्याधुनिक युवतीको चरित्रमा देखिने तयारीमा छिन् । रक्षा सिंहले निर्देशन गरेको चलचित्र 'द गेम'मा उनी त्यस्तै भूमिकामा देखिँदैछिन् भने यसै वर्ष बन्ने दुई चलचित्रमा पनि उनी आफूलाई फरक ढंगबाट प्रस्तुत गर्दैछिन्। तौल घटाएर अझ राम्री देखिएकी निरुता फेरि एकपटक नेपाली चलचित्रमा 'तहल्का मच्चाउने' धुनमा छिन् । मुम्बईमा इन्टेरियर डिजाइनिङको कोर्स गर्दा निरुताले नेपाली चलचित्रलाई धेरै 'मिस' गरिन् । 'फिल्मी संसारबाट टाढा हुन नसक्ने रहेछु, त्यसैले यही संसारमा रम्न आइपुगें,'- उनले आफ्नो सुन्दर दन्तलहर देखाउँदै भनिन् ।

समकालीन नायिकाहरूले विवाह गरेर घरजम गरे पनि निरुताको तत्काल विवाह गर्ने सोच छैन । 'विवाह गरिसकेपछि अन्डरस्ट्यान्डिङ भएन भने झगडा पर्छ, पारपाचुके हुन्छ । अरूको त्यो अवस्था देखेकीले मलाई बिहे गर्नु र ? भन्ने लाग्न थालेको छ ।' उनले स्पष्ट पारिन् । अनि हाँस्दै एउटा 'बनिबनाउ' कुरा पनि सुनाइन्- 'यदि माथिबाट भगवान्ले मेरा लागि जोडी तयार पारिदिएका रहेछन् भने भविष्यमा कुनै दिन मेरो विवाहका तस्बिर र समाचारले साप्ताहिक रंगीन हुनसक्छ ।'

– सुब्रत





सर्वाधिक बिक्री हुने साप्ताहिक सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : राजीव श्रेष्ठ/मेरोवेबसाइट डटकम



## • साताको स्वर •



### विनोद खुम्बू

**‘धेरै साथीहरूबीच...’ कुन शैलीमा आधारित छ ?**
मेरै शब्द, संगीत तथा स्वरमा तयार भएको यो सेमी पपशैलीमा आधारित गीत हो ।

**गीतको कुन पक्ष आकर्षक छ ?**
सांगीतिक पक्ष राम्रो छ । खासगरी संगीत-संयोजनलाई श्रोताले बढी रुचाएका छन् ।

**गीतमा कस्ता भावना समेटिएका छन् ?**
भट्ट सुन्दा रोमान्टिक लागे पनि यो गीतले मित्रताका बारेमा वर्णन गरेको छ । गीतमा एउटा साथीको व्यथा अर्को साथीसँग बाँडेको प्रसंग छ ।

**श्रोताबाट कस्ता प्रतिक्रिया आएका छन् ?**
सकारात्मक छ । दर्शकले भने कोरियन शैलीको भिडियो भएको प्रतिक्रिया दिएका छन् ।

**भिडियोमा आफैं अभिनय गर्नुपर्ने कारण ?**
निर्देशक संगीता श्रेष्ठले स्कुले विद्यार्थीको भूमिका निर्वाह गर्न मलाई नै प्रस्ताव गरेकाले पहिलो पटक आफैंले अभिनय गरेको हुँ ।

## • म्युजिक अपडेट •

### रहेनन् मनोहरि

नेपाली मूलका भारतीय संगीतकार मनोहरि सिंहको ८३ वर्षको उमेरमा मुम्बईमा निधन भएको छ । सिंह लामो समयदेखि मृगौला रोगबाट पीडित थिए । ‘टाइम’ म्यागजिनबाट सन् ८० को दशकमा ‘एसियाका उत्कृष्ट सेक्सोफोनिस्ट’ घोषित मनोहरिको गत मंगलबार उपचारकै क्रममा निधन भएको हो । मनोहरि ललितपुरको मटारबाट भारत सरेका भीमबहादुर सिंह तथा चुनमाया मिजारको कोखबाट सन् १९३१ मा कलकत्तामा जन्मिएका थिए । जीवनका स्वर्णकालीन वर्षहरू बलिउड चलचित्र उद्योगका निम्ति खर्चिएका मनोहरिले भारतकै ख्यातिप्राप्त सम्मान दादा साहेव फाल्के एवार्डसमेत हासिल गरेका थिए । यो एवार्ड पाउने सिंह पहिलो नेपाली मूलका नागरिक हुन् । मनोहरिले नेपाली चलिचत्र ‘कन्यादान’ सहित केही नेपाली चलचित्रमा पनि काम गरेका थिए । मनोहरिले संगीतकार आरडी बर्मनको पहिलो चलचित्रदेखि अन्तिमसम्म चिफ एरेन्जरका रूपमा काम गरेका थिए । उनले लक्ष्मीकान्त-प्यारेलाल, शंकर-जयकिशन, सी रामचन्द्र, मदनमोहन, रोशनजस्ता भारतीय संगीतकारसँग काम गरिसकेका छन् ।

### नमस्ते अमेरिका सांगीतिक साँझ

अमेरिका पुगेको नेपाली कलाकारहरूको एक समूहले बाल्टिमोरमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको छ । गत आइतबार आयोजित ‘नमस्ते अमेरिका सांगीतिक साँझ’ मा गायिका अञ्जु पन्त आकर्षणको केन्द्र बनिन् । पहिलो पटक अमेरिका पुगेकी अञ्जुले आफ्ना लोकप्रिय गीत गाएर उपस्थित दर्शकहरूलाई मनोरञ्जन प्रदान गरिन् । कार्यक्रममा जगदीश समाल, कन्हैया सिंह, मनोज सेवा तथा अमेरिकामै रहेकी गायिका सरिष्मा अमात्यले गीत-संगीत प्रस्तुत गरेका थिए । उक्त अवसरमा नृत्यांगना रञ्जना शर्माले विभिन्न नेपाली गीतमा आकर्षक नृत्य प्रदर्शन गरेकी थिइन् ।

### सम्झी बस्ने सार्वजनिक

गीतकार भुवन क्षेत्रीका आधुनिक गीतहरूको संग्रह ‘सम्झी बस्ने’ एउटा अनौपचारिक कार्यक्रममार्फत सार्वजनिक भएको हो । कार्यक्रममा संग्रहको ‘एकपल्ट तिमीलाई देख्न पाए हुन्थ्यो...’ गीतको म्युजिक भिडियो पनि सार्वजनिक गरिएको थियो ।

### अमेरिकामा संगीतकर्मी सम्मानित

अमेरिकाको बाल्टिमोरस्थित ग्लोब नेपाल मिडियाले नेपाली संगीतकर्मीहरूलाई सम्मानित गरेको छ । गत आइतबार आयोजित एक समारोहमा अमेरिकाका लागि नेपाली राजदूत शंकरप्रसाद शर्माले नेपाली कलाकारहरूलाई सम्मानित गरेका हुन् । कार्यक्रममा गायक जगदीश समाल, कन्हैया सिंह, गायिका अञ्जु पन्त, नायिका रञ्जना शर्मासँगै अमेरिकामै बसोबास गरिरहेका गायिका सरिष्मा अमात्य तथा नायिका पूजा चन्दलाई सम्मानित गरिएको थियो ।

### ‘नाइँ नभन्नु ल’ को विमोचन

गत सोमबार चलचित्र ‘मलाई मन पऱ्यो’ को शुभमुहूर्त समारोहमा चलचित्र ‘नाइँ नभन्नु ल’ गीतिसंग्रहको विमोचन सम्पन्न भएको छ । नायिकाहरू निरुता सिंह, अरुणिमा लम्साल, ऋचासिंह ठकुरी, नायक जीवन लुइँटेल, राजबल्लभ कोइराला, निर्देशक विकास आचार्य, गीतकार कृष्णहरि बराल तथा मन्त्री आफताब आलमले संयुक्त रूपमा उक्त चलचित्रको गीतिसंग्रह विमोचन गरेका थिए । संगीतकार महेश खड्काद्वारा संगीतबद्ध यो चलचित्रमा दीपक लिम्बु तथा रजिना रिमालले गाएका पाँचवटा गीत समावेश छन् । चलचित्रका सबै गीत कृष्णहरि बरालले रचना गरेका हुन् ।

### फर्स्टलभको विमोचन

सिमोस सुनुवारद्वारा निर्देशित चलचित्र ‘फस्टलभ’ को गीतिसंग्रहको विमोचन चलचित्रका नायक-नायिका कर्मा, विनय श्रेष्ठ, निशा अधिकारी तथा ऋचा शर्माले संयुक्त रूपमा रिबन काटेर गरेका छन् । सत्य-स्वरूपराज आचार्य तथा सुरेन्द्रमान सिंहद्वारा संगीतबद्ध यो चलचित्रका गीतमा सत्य-स्वरूप, इन्दिरा जोशी, रजिना रिमाल, श्रेया सोताङ, स्यान टी, सन्तोष लामा, अराज केशव आदि गायक-गायिकाको स्वर सुन्न सकिन्छ । चलचित्रका गीत नवराज लम्साल, भूपेन्द्र खड्का, सुरेन्द्रमान सिंह, उत्तम भौकाजी तथा दयाराम पाण्डेले रचना गरेका हुन् ।

### ब्रुनाईमा सांगीतिक कार्यक्रम

पुरुषोत्तम न्यौपाने, मौसमी गुरुङ, शिला आले आदि गायक-गायिकाले सांगीतिक कार्यक्रममा लोकप्रिय गीत-संगीत प्रस्तुत गरेर ब्रुनाईमा कार्यरत नेपालीहरूलाई मनोरञ्जन प्रदान गरे । नृत्यांगना सम्झना बुढाथोकी तथा मदन थापाले आकर्षक नृत्य प्रदर्शन गरेको उक्त कार्यक्रममा पुरुषोत्तम न्यौपाने तथा शिला आलेबीचको दोहोरीमा दर्शकहरू नाचेका थिए ।

### लभस्टोरी-२०६६ को विमोचन

प्रदर्शनको तयारीमा रहेको नेपाली चलचित्र ‘लभस्टोरी-२०६६’ का गीतिसंग्रह गत मंगलबार राजधानीमा आयोजित एक समारोहमा विमोचित भयो । नायिका करिश्मा मानन्धरले उक्त संग्रहको विमोचन गरेकी हुन् । संगीतकार चेतन सापकोटाद्वारा संगीतबद्ध यो चलचित्रका छवटा गीत राजेशपायल राई, अञ्जु पन्त, प्रमोद खरेल तथा मनोज सेवाले गाएका छन् । विमोचन समारोहमा चलचित्रका गीत प्रदर्शन पनि गरिएको थियो ।

### सीताराम सम्मानित

आधुनिक तथा पप दुवै शैलीका गीत गाएर स्थापित भएका गायक सीताराम पोखरेललाई नेपाली आधुनिक तथा पप गायनको क्षेत्रमा योगदन पुऱ्याएकामा लेखनाथ जेसिजले सम्मान गरेको छ । नेपाल जेसिजका राष्ट्रिय अध्यक्ष राजु केसी तथा लेखनाथ जेसिजका अध्यक्ष ऋषिराम जमरकट्टेलले गायक पोखरेललाई सम्मान गरेका हुन् । लेखनाथ जेसिजले आयोजना गरेको जेसिज सप्ताहको समापनका अवसरमा पोखरेललाई सम्मान गरिएको हो ।

### राहत संकलनका लागि

दस वर्षदेखि सांस्कृतिक संस्थान जमलमा नाट्यकर्मीका रूपमा सक्रिय राजु थापा ‘युगीन’ को मिर्गौलाले काम नगर्ने भएपछि उनको उपचारमा सहयोग पुऱ्याउन राजधानीमा सांगीतिक कार्यक्रम सम्पन्न भएको छ । रिदम नेपालले सहयोग संकलनका लागि आयोजना गरेको रिदम च्यारिटीमा गायक-गायिकाहरू यम बराल, कुन्ती मोक्तान, नरेन्द्र प्यासी, मदन गोपाल, ईश्वर मगिया, हेमन्त राना, सन्तोष लामा आदि गायक-गायिकाले आफ्ना लोकप्रिय गीत गाएका थिए ।

### दीपकको श्रोता सार्वजनिक

गायक दीपक लिम्बूको तेस्रो एकल गीतिसंग्रह ‘श्रोता’ गत शनिबार सार्वजनिक भयो । महेश खड्काद्वारा संगीतबद्ध आधुनिक गीतहरूको यो संग्रहको शान्तिमन्त्री रकम चेम्जोङले विमोचन गरेका हुन् । संग्रहका गीत गजेन्द्र ताम्लीले रचना गरेका छन् । विमोचन समारोहमा गायक लिम्बूले दुइटा गीत सुनाएका थिए ।

### साधारणसभामा गायक-गायिका


प्रायः सांगीतिक कार्यक्रममा व्यस्त भैरहने गायक-गायिकाहरु आज शुक्रबार भने साधारणसभामा सहभागी हुँदैछन् । आज बिहान ११ बजेदेखि प्रज्ञा भवनमा आयोजना हुने नेपाल गायन समाजको साधारणसभा नयाँ कार्यसमितिको छनौट गरिने समाजका संयोजक गायक रामकृष्ण ढकालले बताएका छन् ।

## • अफ द बिट •



गायकलाई बधाई : **युवा पुस्तामाझ लोकप्रिय गायक चेतन राई वैवाहिक जीवनमा बाँधिएका छन् । गत असार २४ गते चेतनले काठमाडौंकी सुमी लामालाई दुलही बनाएका हुन् ।**

## • विदेशबाट •



### गायिकालाई मलेरिया

गायिका चेरिल कोल गम्भीर बिरामी भएकी छिन् । ‘द फाइट फर दिस लभ’ गीतकी गायिका कोल यतिबेला मृत्युसँग जुधिरहेकी छिन् । उनको स्थिति नाजुक भएको बताइन्छ । चिकित्सकहरूका अनुसार उनलाई सास फेर्नसमेत गाह्रो परिरहेको छ, त्यसैले कोललाई अहिले अक्सिजन दिएर राखिएको छ । सूत्रका अनुसार चेरिल आफ्ना प्रेमि फ्रेन्ड डेरिक हफसँग तान्जानियाँ गएकी थिइन् । त्यही क्रममा उनले अशक्त महसुस गरेकी थिइन् । शरीरमा पहेंलोपन देखिन थालेपछि चिकित्सकले उनलाई मलेरिया भएको घोषणा गरेका थिए ।

## • ब्याण्ड •



### अन्नो डोमिनी

आरआर कलेजमा अध्ययनरत विद्यार्थीहरूले स्थापना गरेको सांगीतिक समूह हो– अन्नो डोमिनी । अघिल्लो वर्ष राजधानीमा सम्पन्न एउटा सांगीतिक प्रतिस्पर्धामा सहभागिता जनाउँदै यो समूह सार्वजनिक भएको हो । रक तथा ह्याभी मेटल शैलीका गीत-संगीत सिर्जना गर्ने उद्देश्यले स्थापित यो समूहमा चार जना संगीतकर्मी छन् । समूहमा भूपाल राई गायक हुन् भने सबिन कोइराला र प्रमोद परियार क्रमशः बास गिटारिस्ट तथा गिटारिस्ट हुन् । इलाइट जोशी ड्रमर हुन् । एक वर्षअघि स्थापना भएको यो समूह विदेशी ब्यान्ड आइरन मेडनबाट प्रभावित छ । समूहका चारै जना संगीतकर्मी संगीतका विभिन्न विधाबाट आएका हुन् । ‘चारै जनाको मन मिलेपछि समूह स्थापना भयो, गायक राई भन्छन्- ‘संगीतको माध्यमबाट पनि परिवर्तन ल्याउन सकिन्छ भन्ने हाम्रो लक्ष्य हो ।’ संगीतलाई मुटु र आत्माबाट बग्ने वस्तुसँग तुलना गर्ने यो समूह विद्युतीय उपकरणबिना पनि संगीत सिर्जना गर्न सकिन्छ भन्ने कुरामा विश्वास गर्छ ।

# यसरी आयोजना हुँदैछ एञ्जल-२010



● **कृष्ण भट्टराई**

काठमाडौं- भोलि शनिबार साँझ ठीक ४:३० बजेदेखि कान्तिपुर टेलिभिजन हेर्ने दर्शकले देशका विभिन्न भागको प्रतिनिधित्व गर्ने २१ जना सुन्दरीका आकर्षक हाउभाउ प्रत्यक्ष रूपमा देख्न पाउने भएका छन् । वर्षकै पहिलो राष्ट्रिय स्तरको सुन्दरी प्रतियोगिता 'एञ्जल-२०१०' मा आकर्षक आउटफिटमा सजिएका सुन्दरीहरूमध्ये एक जनाको शिरमा साँझ सात बजेसम्ममा एञ्जल-२०१० को मुकुट सजिनेछ । करिब डेढ महिना लामो प्रशिक्षण, अभ्यास तथा ग्रुमिङपछि भोलि साँझ साढे चार बजे उनीहरू सबै सोल्टी होटलको मेघा मल्हार हलमा निर्माण गरिएको र्‍याम्पमा आकर्षक क्याटवाससहित प्रस्तुत हुँदै आफ्नो कला तथा सुन्दरता प्रदर्शन गर्नेछन् ।

कान्तिपुर टेलिभिजनका भिजे सुरजसिंह ठकुरीले सञ्चालन गर्ने यो प्रतियोगितामा विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने सात जना निर्णायक रहनेछन् । दसवटा चरणमा विभाजन गरिएका एञ्जल-२०१० प्रतियोगिताको पहिलो चरण ओपनिङ सेरोमोनी हुनेछ । यो चरणमा ग्ल्यामरस मोडलहरूले र्‍याम्पमै मोटरसाइकल कुदाउनेछन् । उक्त चरणपछि सबै सुन्दरीले आकर्षक पहिरन प्रदर्शन गर्दै क्याटवाक गर्नेछन् र त्यसपछि पालैपालो आफ्नो परिचय दिनेछन् । त्यसपछि करिब पाँच मिनेट विभिन्न कलाकारले साल्सा नृत्य प्रदर्शन गर्नेछन् । चौथो चरणमा उत्कृष्ट १० सुन्दरी छनोट गरिनेछ । छनोट भएका १० सुन्दरीले सौराहा भ्रमणका क्रममा तयार पारेको 'थारु प्रोजेक्ट' प्रस्तुत गर्नेछन् । उनीहरूरुले तयार पारेको प्रोजेक्टका आधारमा अर्को चरणमा टप फाइभ प्रतिस्पर्धी छनोट गरिनेछ । यस क्रममा उनीहरूले आफ्ना धारणासमेत व्यक्त गर्नेछन् । विजेताको छनोट गर्नुअघि आयोजक संस्थाले सौराहामै तयार पारेको छोटो वृत्तचित्रसमेत प्रदर्शन गरिनेछ । निर्णायक चरणमा मुख्य निर्णायकले प्रतिस्पर्धीहरूलाई एउटा सामूहिक प्रश्न सोध्नेछन्, जसको जवाफका आधारमा एञ्जल-२०१० को घोषणा गरिनेछ ।

ह्वाइट हर्स मिडियाले पहिलो पटक आयोजना गर्न लागेको यो सुन्दरी प्रतियोगितामा काठमाडौं, ललितपुर, भक्तपुर, वीरगन्ज, रोल्पा, उर्लाबारी, धरान, दमक आदि क्षेत्रको प्रतिनिधित्व गर्ने १७ देखि २४ वर्ष उमेर समूहका युवतीहरू सहभागी छन् । विगत एक महिनादेखि क्याटवाक, व्यक्तित्व विकास, फिजिकल फिटनेस आदि विधाको प्रशिक्षणमा व्यस्त यी सुन्दरीहरूले गएको विकेन्ड सौराहामा बिताए । आयोजक संस्थाले सबै सुन्दरीहरूलाई शुक्रबार दिउँसो फिल्ड भिजिटका लागि सौराहा पुर्‍याएको थियो । निर्णायक प्रतियोगिताको टप टेनबाट टप फाइभ चरणमा प्रवेश गर्नका लागि उनीहरूले सौराहाकै थारू संग्रहालयको अध्ययन गरे । भोलिको कार्यक्रममा उनीहरूले संग्रहालयमा जे देखे, त्यसलाई छोटो समयमा प्रस्तुत गर्नेछन् । प्रतियोगितामा एञ्जल-२०१० को उपाधि जित्ने सुन्दरीले नगद १ लाख रुपैयाँ तथा एउटा स्कुटर प्राप्त गर्नेछिन् ।

प्रतियोगितामा सबैभन्दा बढी सहभागिता काठमाडौंबाटै भएको छ । काठमाडौंका विभिन्न स्थानका सात जना सुन्दरी प्रतिस्पर्धा गर्दैछन् । ललितपुरबाट छ जना सुन्दरी भिड्दैछन् । यसैगरी राजधानी-बाहिरबाट भने आठ जना सुन्दरीले प्रतिस्पर्धा गर्दैछन् । भक्तपुरबाट प्रतिनिधित्व गर्ने प्रतियोगी एकजना मात्र छिन् ।




## हङकङमा जम्यो राजु र अञ्जनाको जोडी

**निर्मल श्रेष्ठ**

हङकङ- तेस्रो पटक हङकङ आएका लोकदोहोरी गायक राजु परियारलाई सुन्ने तिर्सना अझै पनि उस्तै दखियो । आइतबार याउमा तेइस्थित हेनरी जी ल्योङ हलमा आयोजित गीत गुञ्जन साँझमा राजुसँगै गायिका अञ्जना गुरुङ पनि प्रस्तुत भइन् । पहिलो पटक हङकङ आएकी अञ्जनाले समेत दर्शकको मन जितिन् । 'म त काली सुन्दरी..' गीतबाट चिनिएकी अञ्जनाले उक्त गीतसँगै 'बदनाम भए म तिम्रै कारणले...', 'तिमी मेरो हौ...' जस्ता गीत गाइन् । अञ्जनाले गाएको देशभक्ति गीत 'आँखैमा राख्छु मेरो देश...' ले सात समुद्रपारि रहेकाहरूलाई केहीबेर स्वदेशको सम्झना गरायो ।

टप माउन्टेन तेक्वान्दो डोजाङद्वारा आयोजित उक्त साँझमा स्थानीय कलाकारहरू पनि कम देखिएनन् । स्थानीय गायक टोपराज लामाले पनि उत्तिकै ताली बटुले । लामा गत वर्ष पहिलो पटक आयोजित भ्वाइस अफ पोखरेली झ्यालका उप-विजेता हुन । आफ्नै गीतबाहेक उनले अन्य नेपाली कलाकारका चल्तीका गीत गाए । मिल पर्ल हङकङ नेपाल दीपा गुरुङ र स्थानीय सञ्चारकर्मी प्रदीप माल्बोलको उद्घोषणले कार्यक्रममा थप रौनक दियो । गीत गुञ्जन साँझमा अर्की सुन्दरी ज्योति गुरुङले नृत्य प्रस्तुत गरिन् । उनी मिस पर्ल हङकङ नेपालकी सेकेन्ड रनर्सअप हुन् । पछिल्लो डान्स आइडलकी विजेता सिर्जना गुरुङ, प्रिया गुरुङ, धीरज लिम्बू, सन्ध्या गुरुङले पनि आ-आफ्ना नृत्य प्रस्तुत गरे । सिर्जनाले लोकभाकामा बारुली कम्मर मर्काउँदा ताली नपिट्ने कमै देखिए । 'माया तिमीलाई छोडेर...' मा धीरज र सन्ध्याले प्रस्तुत गरेको आकर्षक नृत्यले हललाई केहीबेर बाँधेर राख्यो ।

कार्यक्रमको बिट मार्न राजु र अञ्जनासँगै मञ्चमा उक्लिए । पर्दापछाडिबाटै चर्चित भाका 'लालुपाते नुघ्यो भुइँतिर...' भाका हाल्दै आएका राजुलाई अञ्जनाले पनि उसैगरी जवाफ फर्काइन् । परम्परागत मौलिक लोकधुन र गाउँठाउँका भाकामा गायक-गायिकासँगै दर्शकहरूले पनि नाचगान गर्दै साथ दिए ।



# जाबुलानी रन्कियो र्‍याडिसनमा



काठमाडौं- विश्वकप फुटबलको फाइनल हेर्न राजधानीका अधिकांश जनता उत्सुक थिए । कहाँ र कसरी हेर्ने भन्ने तयारी भने फाइनलको एक साताअघिदेखि भैरहेको थियो । इफो इन्टरटेन्मेन्टले त्यो साँझलाई अविस्मरणीय बनाउने पूरा तयारी गरेको थियो, पाँचतारे होटल र्‍याडिसनमा । आकर्षक र ग्ल्यामरस कार्यक्रम हेरेर 'वार्मअप' भएपछि अफ्रिकी भाषामा जाबुलानी अर्थात् उत्सवको उत्कर्ष भनिएको फुटबलको विश्वकप फाइनल राति सवा १२ बजे देखाइने सम्पूर्ण तयारी भैसकेको थियो । दर्शकहरूको बाक्लो उपस्थिति भैसकेपछि महेश शाक्यको कोरियोग्राफीमा मोडलहरू र्‍याम्पमा देखिए जसमा पहिलो सिक्वेन्सलाई 'म्यारिज पार्टी'का रुपमा ढालिएको थियो । पार्टी गाउन लगाएका युवती र सुटमा सजिएका युवकहरूले हातमा वाइन लिएर क्याटवाक गरेर विवाह पार्टीको सम्झना गराए । दोस्रो सिक्वेन्समा युवतीहरू वान पिस ड्रेसमा बिरालो चाल मार्दै आए । तेस्रो सिक्वेन्स 'ह्याम्प'बाट बनाइएका पहिरनको थियो । टिनएजरहरूका लागि बनाइएका पार्टी वेयरहरूको चौथो सिक्वेन्सपछि वर्ल्डकप फुटबलको थिममा पाँचौं सिक्वेन्स प्रस्तुत गरियो । विश्वकप फुटबलमा यसपटक सहभागी भएका देशहरूमध्ये एघारवटा टिमको जर्सी लगाएर हातमा फुटबल लिएर र्‍याम्पमा आएका युवा-युवतीलाई देखेर दर्शक खुसीले चिच्याउन थाले ।

अनुहारमा स्पेन र नेदरल्यान्डको झन्डा पोतेका दर्शक त्यतिबेला अझ खुसी भए, जब पृष्ठभूमिमा साकिराको वर्ल्डकप थिम गीत 'वाका..वाका' बज्न थाल्यो, त्यही सिक्वेन्समा अर्को वर्ल्डकप गीत 'गिभ मी फ्रिडम्..' पनि बजेपछि दर्शकहरू उठेर बाजा बजाउँदै नाच्न थाले । फेसन सोलाई बेला-बेलामा धीरज राई, मिग्मा शेर्पा, सुमन श्रेष्ठ, प्रशंसा श्रेष्ठ आदिले सांगीतिक विश्राम प्रदान गरेका थिए । सुष्मा कार्कीको आइटम डान्सले पनि दर्शकहरूलाई उत्तेजित बनायो । यसैसाता सम्पन्न 'वार अफ डिजे'का विजेता डिजे फ्लोले फाइनल सुरु नभएसम्म डिजेइङ गरेर दर्शकहरूलाई नचाए भने फुटबल सकिएपछि पनि खान-पिउन मग्न दर्शकको मागमा बिहानको झिसमिसेसम्म फेरि डान्स पार्टी चलिरह्यो ।

















# मैनाली भइन् प्रियंका कार्की

साप्ताहिक समाचार

काठमाडौं- अमेरिकाको नर्थ अल्बामा युनिभर्सिटीमा अध्ययन गरिरहेकी २००५ की मिस टिन नेपाल प्रियंका कार्कीले अध्ययन कार्यमा अघि बढ्दै जाँदा आफ्नो जीवनसाथीलाई त्यही युनिभर्सिटीमा भेटेकी थिइन् । संयोग कस्तो भयो कि उनको सिउँदो रंगाउने युवक रोचक मैनालीको घर र प्रियंकाको घरको दूरी ५ सय मिटरजति होला । ज्ञानेश्वरको ओरालोस्थित घरमा हुर्किएकी प्रियंकाको अबको घर ज्ञानेश्वरमै सहिद स्मारक विद्यालय जाने बाटोमा छ । रोचकका परिवार पनि स्थानीय बासिन्दा हुन् । नजिकै घर भए पनि उनीहरूको भेट भने तीन वर्षअघि ज्ञानेश्वरबाट हजारौं कोस टाढा अमेरिकामा भयो र पिरती बस्यो । मंगलबार स्वयंवर गरेर रोचकलाई आफ्नो वर रोजेपछि त्यही साँझ आर्मी अफिसर्स क्लबमा उनीहरूले एउटा भव्य रात्रिभोजको आयोजना गरे । कान्तिपुर टेलिभिजनकी पूर्व कार्यक्रम सञ्चालिका तथा म्युजिक भिडियोमा एकताका निकै छाएकी मोडल प्रियंका कार्कीको वैवाहिक भोजमा चर्चित अनुहारहरूको बाक्लो उपस्थिति थियो ।

प्रियंकाका अनुसार उनीहरू विवाहको केही समयपश्चात् अध्ययन पूरा गर्न अमेरिका फर्कनेछन् । रोचक हाल टेक्सासस्थित एक सफ्टवेयर कम्पनीमा प्रोग्रामर छन् भने प्रियंका डिजिटल मिडिया प्रोडक्सन विषयमा स्नातक गर्दैछिन् ।


VISWA NIKETAN
HIGHER SECONDARY SCHOOL




ADMISSION OPEN
+2 SCIENCE MANAGEMENT HUMANITIES EDUCATION

Regional Award by HSEB 2065
A Model +2 Recognized by HSEB 2064
Regional Award by HSEB 2062

Full Scholarship

| Faculty | No | Minimum Requirement |
|---|---|---|
| Science | 40 | 70% |
| Management | 40 | 65% |
| Humanities | 10 | 65% |
| Education | 10 | 65% |

Morning & Day Shift

Entrance Date: 2067/4/7
Time: 8:00 a.m.

New Admission

| Faculty | Monthly Fee | No | Min. Req. |
|---|---|---|---|
| Science | 1500/- | 120 | 60% |
| Management | 700/- | 200 | 45% |
| Humanities | 600/- | 40 | 45% |
| Education | 600/- | 40 | 45% |

VISWA NIKETAN HIGHER SECONDARY SCHOOL
Tripureswor, Kathmandu, Tel: 4266306, 4248838, 4265235



रोजगारमूलक तालिममा भर्ना
१. मेडिकल C.H.W. (टेष्टपास)
२. केयर गिभर (+2)
(विदेश जानेका लागि)
३. क्लिनिक सहायक
४. चाइल्ड केयर
जन स्वास्थ्य विकास केन्द्र
(प्रहरी चौकी देखि करिब १०० मि. भित्र)
कोटेश्वर, काठमाडौं, ०१६२१८९३४
९८४१०१४१९१, ९८५१०६८३५४
E-mail: phdc_org@yahoo.com



आकर्षक व्यक्तित्व
Acupuncture, अक्युप्रेसर, (VASTU) उपकरणहरु
• अनुहार गोरो बनाउन (Roop Amrit)
• डण्डीफोर, चायाँपोतो, चारीपना हटाउन
• स्तन घटाउन, बढाउन, टाईटमर्न (Cream)
• YOKO (height) बढाउन
लिङको लम्बाई, मोटाई बढाउन
स्खलन रोक्न handsum Up
• केश झर्न रोकी उमार्ने (OIL)
• रक्सी, चुरोटको कुलत छुटाउन
• मोटापा घटाउन, बढाउन
• ढाड दुखाई कम गर्ने चुम्बकीय (belt)
Abking Pro
Suna Belt, Home Jogger
Free Home Delivery
TELE-SHOP INTERNATIONAL
सम्पर्क Thamel, Galkopakha (ओरालोमा)
9721319662, 9808272692



सान्डा तेल
लिङ्ग मोटो लामो खडा गर्ने
शीघ्रपतन रोक्ने No. 1 सान्डा तेल
चायाँ पोतो डण्डीफोर Wrinkle ग्यारेन्टी हटाउने क्रिम
स्तन सानो, ठूलो, टाईट गर्ने जेल -CAPSULE
गुप्ताङ्ग ग्यारेन्टी टाईट गर्ने -DROPS
मोटोपना घटाउने B-SLIM, बढाउने B.D.P.
H.T.H.-नयाँ बसपार्क
9721539235, 9803436438
जस्तो सुकै यौन दुर्वलताका लागि Herbal Levitra
खुनी/बादी पाईल्स ग्यारेन्टी निकोपार्ने जडिबुटि चूर्ण

# प्लस टु कलेजहरू




## ओमेगा इन्टरनेसनल कलेज

**कुमारीपाटी, ललितपुर**
**स्थापना- २०६७**
**संकाय तथा भर्नासंख्या**
**विज्ञान- २ सय ४०**
**व्यवस्थापन- २ सय ३०**
**मानविकी- ३०**

कुमारीपाटीस्थित हरियाली र शान्त वातावरणमा यही शैक्षिक सत्रदेखि ओमेगाले कक्षा सञ्चालन गर्दैछ। २०४४ सालमा शिखर एकेडेमीको नाममा स्थापित कलेजले नयाँ शिक्षण विधि र व्यवस्थापन परिवर्तनसँगै आफूलाई ओमेगामा रूपान्तरण गरेको हो। १८ जना विषयविज्ञ शिक्षकको जगमा उभिएको छ यो कलेज। विभिन्न विषयमा विज्ञ शिक्षकहरूको समूहले कलेज सञ्चालनको जिम्मेवारी लिएको छ। कडा अनुशासनमा गुणस्तरीय शिक्षा प्रदान गर्ने यो कलेजको योजना छ। यो कलेजमा अत्याधुनिक पूर्वाधारयुक्त भवन, विज्ञान प्रयोगशाला, पुस्तकालय तथा पर्याप्त खेलमैदानको सुविधा उपलब्ध छ। गुणस्तरीय शिक्षाबाटै सुसंस्कृत समाज निर्माण गर्न सकिन्छ भन्ने विश्वास लिएको कलेजले विश्वविद्यालयसम्मको यात्रा तय गर्ने लक्ष्य लिएको छ।

## नासा इन्टरनेसनल कलेज

**तीनकुने, गैरीगाउँ**
**स्थापना- २०६७**
**संकाय तथा भर्नासंख्या**
**विज्ञान- ४ सय ८०**
**व्यवस्थापन- ३ सय २०**
**मानविकी- ४०**

प्रदर्शनीमा आधारित प्रयोगात्मक शिक्षा दिने उद्देश्यका साथ यो वर्षदेखि नासा इन्टरनेसनल कलेजले कक्षा सञ्चालन गर्दैछ। अत्याधुनिक भवनमा सम्पूर्ण भौतिक सुविधा उपलब्ध गराएको यो कलेजले शिक्षण विधिमा नयाँपन दिने दाबी गरेको छ। वातानुकूलित कक्षाकोठा, प्रत्येक कक्षाकोठामा मिनी प्रयोगशाला रहनेछ यो कलेजमा। अन्तर्राष्ट्रिय स्तरको शिक्षा प्रदान गर्न कलेजले सोहीअनुरूपको तयारी पनि गरेको छ। कलेजमा विज्ञान प्रयोगाशाला, पुस्तकालय तथा इलेक्ट्रोनिक पुस्तकालयको सुविधा छ।

## ब्रिज वाटर इन्टरनेसनल कलेज

**सिनामंगल**
**स्थापना- २०६७**
**संकाय तथा भर्नासंख्या**
**विज्ञान- ४ सय**
**व्यवस्थापन- ३ सय ५०**
**मानविकी- ४०**

विद्यार्थीको सर्वाङ्गीण विकासमा जोड दिँदै यही शैक्षिक सत्रदेखि ब्रिज वाटरले कक्षा सञ्चालन गर्ने भएको छ। डाक्टर, इन्जिनियर, पाइलटजस्ता क्षेत्रका जनशक्ति उत्पादन गर्ने आमकलेजको भीडमा यसले पृथक् लक्ष्य बनाएको छ। दक्ष र सभ्य नागरिक उत्पादन गर्नु कलेजको एकमात्र ध्येय हो। यसका लागि कलेजले नियमित रूपमै व्यक्तित्व विकासका कार्यक्रम सञ्चालन गर्नेछ, जहाँ विभिन्न क्षेत्रमा विशिष्ठता हासिल गरेका व्यक्तित्वहरूसँग साक्षात्कार गर्न पाइनेछ। यसबाट विद्यार्थीको लिडरसिप, कम्प्युनिकेसन स्किल, पोजिटिभ एटिच्युट तथा डिसिप्लेनमा सहयोग पुग्ने कलेजले विश्वास लिएको छ। पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब एवं पर्याप्त खेल मैदानको सुविधा छ यो कलेजमा।

## पिरामिड इन्टरनेसनल कलेज

**गौशाला, पिंगलास्थान**
**स्थापना-२०५८ (काठमाडौं सामुदायिक कलेजका नाममा)**
**संकाय तथा भर्नासंख्या**
**विज्ञान- ४ सय ८०**
**व्यवस्थापन- ४ सय ४०**
**मानविकी- ८०**

अन्तर्राष्ट्रिय मापदण्डको शिक्षण विधि अपनाउने लक्ष्यसहित करिब एक दशकअघि खुलेको काठमाडौं सामुदायिक कलेजले आफूलाई पिरामिड इन्टरनेसनलमा बदलेको छ। दक्ष एवं अनुभवी शिक्षक समूहद्वारा सञ्चालित यो कलेजले अन्तर्राष्ट्रिय र नेपालको शिक्षण प्रणालीबीचको खाडल कम गर्ने दाबी गरेको छ। कलेजले प्रयोगात्मक एवं व्यावहारिक शिक्षामा जोड दिने छ। यो कलेजमा पिरामिडले नयाँ अवधारणाका साथ शिक्षणशैलीमा फरकपन ल्याउने बताएको छ। वातानुकूलित कक्षाकोठा, अत्याधुनिक विज्ञान प्रयोगशाला तथा पुस्तकालयको सुविधा उपलब्ध छ।

## पिनाकल एकेडेमी उच्च मावि

**लगनखेल**
**स्थापना- २०५५**
**संकाय तथा भर्नासंख्या**
**विज्ञान- ४ सय**
**कमर्स- २ सय ६०**
**मानविकी- ४०**

विगतदेखि नै पिनाकल कलेजले शैक्षिक क्षेत्रमा उत्कृष्ट नतिजा हासिल गर्दै आएको छ। यो कलेज इनपुटमा होइन आउटपुटमा विश्वास गर्छ। त्यसैले उत्कृष्ट विद्यार्थीलाई भर्ना गरेर मात्र कलेजको स्तरवृद्धि हुन्छ भन्ने मान्यता राख्दैन यो कलेजले। शैक्षिक पूर्वाधारले पूर्ण यो कलेजले खेलकुदलगायत अतिरिक्त क्रियाकलापमा पनि उत्तिकै जोड दिएको छ। विद्यार्थीहरू शारीरिक रूपले स्वस्थ भए नै मानसिक रूपमा स्वस्थ हुन्छन् भन्ने कुरालाई आत्मसात् गर्दै यो कलेजले विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापमा पनि सरिक गराउँदै आएको छ। पुस्तकालय तथा विज्ञान प्रयोगशालाको सुविधा उपलब्ध छ यो कलेजमा।

## टेक्सास इन्टरनेसनल कलेज

**मित्रपार्क, चाबहिल**
**स्थापना-२०६७**
**संकाय तथा भर्नासंख्या**
**विज्ञान- १ सय २०**
**व्यवस्थापन- ३ सय २०**
**मानविकी- ६०**

शैक्षिक क्षेत्रमा विशिष्टता हासिल गरेका अनुभवी शिक्षकहरूको समूहले टेक्सास इन्टरनेसलनलाई गति प्रदान गर्दैछ। टेक्सासले आधुनिक एवं विद्यार्थीमा केन्द्रित शिक्षण विधिलाई आत्मसात् गरेको छ। 'पूर्ण मानव बन्नका लागि शिक्षा' भन्ने नारा लिएको यो कलेजले विद्यार्थीलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने बन्न प्रेरित गर्नेछ। अन्तरक्रियात्मक अध्यापनले विद्यार्थीको क्षमता अभिवृद्धिमा सहयोग पुग्छ भन्ने कलेजले विश्वास लिएको छ। त्यसो त बाहृय वातावरणवाट समेत विद्यार्थीले सकारात्मक ऊर्जा लिन सक्छन् भनेर कलेजले सोहीअनुरूपको भौतिक संरचना तयार गरेको छ। कलेजमा विद्यार्थीले प्रविधिको पर्याप्त प्रयोग गर्न सक्नेछन्। कलेजमा साइबर क्लबको अवधारणा अघि सारिएको छ, जहाँ हरबखत इमेल इन्टरनेट आदिको सुविधा उपलव्ध हुनेछ। यहाँ विज्ञान प्रयोगशाला एवं पुस्तकालयको पनि सुविधा छ।

## साउथ वेर्स्टन स्टेट कलेज

**वसुन्धरा**
**स्थापना- २०६७**
**संकाय तथा भर्नासंख्या**
**विज्ञान- २ सय**
**व्यवस्थापन- ४ सय**
**मानविकी- १ सय**

यही शैक्षिक सत्रदेखि पठन-पाठनको तयारी गरेको साउथ वेस्टर्न स्टेट कलेजले हरेक कुरामा अन्तर्राष्ट्रिय मापदण्डलाई आधार बनाएको छ। शिक्षण विधिदेखि भौतिक संरचनामा समेत अन्तर्राष्ट्रिय मापदण्डलाई आधार मानेको कलेजको दाबी छ। फराकिलो क्षेत्रफलमा अवस्थित साउथ वेर्स्टन स्टेट कलेजमा विज्ञान प्रयोगशाला,

**बाँकी पृष्ठ २२ मा**
















# प्लस टु कलेजहरू

पृष्ठ २१ बाट जारी

होटल म्यानेजमेन्ट प्रयोगशाला, कम्प्युटर ल्याब तथा पुस्तकालयको सुविधा उपलब्ध छ। यहाँ वातानुकूलित कक्षाकोठा, ओहोरदोहोर गर्नका लागि लिफ्ट र सबै कोठामा सिसिटिभीको व्यवस्था गरिएको छ। दुई दशकभन्दा बढी समयदेखि शिक्षा क्षेत्रमा क्रियाशिल शिक्षकहरूले यो कलेजलाई हाँकिरहेका छन्। अनुसन्धानमा आधारित शिक्षण प्रणाली नै यो कलेजको आकर्षण हो। शैक्षिक गुणस्तर कायम गर्न हरेक महिना शिक्षक तालिम आयोजना गर्ने कलेजले जनाएको छ।




## नोबेल एकेडेमी

**नयाँ बानेश्वर**
**स्थापना– २०५५**
**संकाय तथा भर्नासंख्या**
**विज्ञान– २ सय**
**व्यवस्थापन– ४ सय**
**मानविकी– ५०**

समयसापेक्ष शिक्षण विधि अपनाएकाले नै नोबेल एकेडेमी विद्यार्थीहरूको मन जित्न सफल भएको छ। कलेजले समयसापेक्ष शैक्षिक प्रणालीमा जोड दिएको छ। सक्षम नागरिक उत्पादन गर्ने लक्ष्यका साथ कलेजले वैज्ञानिक एवं प्रयोगात्मक शिक्षा दिँदै आएको छ। खासगरी विद्यार्थीको सर्वांगीण विकासमा कलेजले महत्त्वपूर्ण योगदान दिएको छ। विद्यार्थीको प्रतिभामा मलजल गर्ने काममा सधैं नै यो कलेजले अग्रसरता देखाउँदै आएको छ। यस्ता विद्यार्थीलाई छात्रवृत्ति दिएर थप अध्ययनको बाटो खोल्ने काम गरिरहेको छ नोबेलले। अनुभवी शिक्षकहरूको स्तरीय शिक्षणसँगै सबल व्यवस्थापनले कलेजलाई सफलतातर्फ डोहोर्‍याएको हो।

## इन्फिनिटी कलेज

**चाबहिल**
**स्थापना– २०६७**
**संकाय तथा भर्नासंख्या**
**विज्ञान– २ सय ३०**
**व्यवस्थापन– २ सय ५०**
**मानविकी– ३०**

आम प्लस टु कलेजको भीडमा इन्फिनिटी फरक रूपमा उभिएको छ। यही शैक्षिक सत्रदेखि कक्षा सञ्चालनको तयारीमा रहेको यो कलेजले विद्यार्थीलाई किताबी ज्ञान मात्र दिनेछैन, व्यावहारिक रूपमै सक्षम नागरिक बन्न प्रेरित गर्नेछ। त्यति मात्र नभई कलेजमा अध्ययनरत विद्यार्थीले आफ्नो खर्चको जोहो गर्ने अवसरसमेत पाउनेछन्। कलेजमा अध्ययनरत विद्यार्थीले कलेजभित्रै वा बाहिर रोजगारीको समेत अवसर पाउँछन्। विद्यार्थीलाई व्यावहारिक ज्ञान दिन र कमाइको महत्त्व दर्साउन यस्तो व्यवस्था गरिने कलेजले जनाएको छ। अत्याधुनिक भवनमा अध्यापन गराउने इन्फिनिटीमा विज्ञान प्रयोगशाला तथा पुस्तकालयको सुविधा पनि उपलब्ध छ। उच्च शैक्षिक वातावरणमा विद्यार्थीलाई जीवनोपयोगी शिक्षा दिने कलेजले जनाएको छ। विद्यार्थीको रुचि र बौद्धिक क्षमतालाई प्राथमिकता दिएर अध्ययनमा अग्रसर गराउने कलेजको नीति छ।

## एसएम कलेज

**डिल्लीबजार, पीपलबोट**
**स्थापना– २०५७**
**संकाय तथा भर्नासंख्या**
**विज्ञान– १ सय २०**
**व्यवस्थापन– १ सय ६०**
**मानविकी– ४०**

जीवनोपयोगी गुणस्तरीय शिक्षा दिँदै आएको छ एसएम कलेजले। अनुसन्धानात्मक शैक्षिक विधि अपनाइएको यो कलेजमा अध्ययनका लागि स्थलगत भ्रमण पनि गराइन्छ। सौर्यमण्डलसम्बन्धी अध्ययन गर्ने विद्यार्थीहरूका लागि कलेजमा शक्तिशाली टेलिस्कोप जडान गरिएको छ। एसएम कलेजमा विज्ञान तथा कम्प्युटर प्रयोगशाला, पुस्तकालयको सुविधा उपलब्ध छ। पढाइका साथै विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापमा पनि लाग्न प्रेरित गरिन्छ। खेलकुद, साहित्यजस्ता विधामा सफलता पाउन विद्यार्थीले अनुकूल वातावरण प्राप्त गर्न सक्छन् यो कलेजमा। दक्ष तथा अनुभवी शिक्षकहरूको प्रयासबाटै कलेजले उत्कृष्टता हासिल गर्दै आएको हो।

## सौर्य इन्टरनेसनल कलेज

**गैरीगाउँ**
**स्थापना– २०६६**
**संकाय तथा भर्नासंख्या**
**विज्ञान– ३ सय ५०**
**व्यवस्थापन– १ सय २०**
**मानविकी– ५०**

गत वर्षदेखि सञ्चालनमा आएको सौर्य इन्टरनेसनलले अनुसन्धानमा आधारित शिक्षण विधि अपनाएको छ। अध्ययनका क्रममा विद्यार्थीलाई स्थलगत भ्रमण गराइन्छ। त्यस्तै प्लस टु पछि स्टुडेन्ट एक्स्चेन्ज कार्यक्रम पनि सञ्चालन गरिन्छ। यो कार्यक्रमअन्तर्गत ब्याचलर अफ इन्जिनियरिङका विद्यार्थीहरू जापानको कलेजमा अध्ययनका लागि जान्छन् भने उक्त कलेजका विद्यार्थी सौर्यमा आउँछन्। कलेजले खेलकुदलाई पनि उत्तिकै प्राथमिकतामा राखेको छ। यो कलेजले गल्फ खेललाई बढावा दिएको छ। इन्टरनेट पुस्तकालय, पुस्तकालय, विज्ञान तथा कम्प्युटर प्रयोगशाला यहाँका अन्य सुविधा हुन्। फराकिलो बगैंचासहितको यो कलेजले प्रत्येक कक्षाकोठामा सिसिटिभी जडान गरेको छ।

## प्रिमियर कलेज

**नयाँ बानेश्वर**
**स्थापना– २०५६**
**संकाय तथा भर्नासंख्या**
**विज्ञान– १ सय २५**
**व्यवस्थापन– ४ सय**
**मानविकी– ३०**

२०५६ सालमा स्थापना भएको प्रिमियर कलेजलाई चार वर्षयता नयाँ व्यवस्थापन टिमले हाँकिरहेको छ। अनुभवी शिक्षकहरूको सार्थक प्रयासबाट कलेजले उत्कृष्टता हासिल गर्दै आएको छ। कलेजले प्रयोगात्मक शिक्षण विधि अपनाएको छ। 'लर्न टु बी अ लिडर' भन्ने नाराका साथ कलेजले विभिन्न क्रियाकलापमा विद्यार्थीलाई अघि सार्ने गरेको छ। सामाजिक तथा शैक्षिक नेतृत्वमा विद्यार्थीहरू सक्षम बन्न सकून् भन्ने कलेजको उद्देश्य हो। कलेजले अध्ययनका साथै अतिरिक्त क्रियाकलापमा उत्तिकै महत्त्व दिने गरेको छ। विद्यार्थीलाई अनुशासित वातावरणमा राखिएको छ। नियमित हाजिर हुनुपर्ने व्यवस्था छ यो कलेजमा। यहाँ कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, इन्टनेट सुविधाका साथै र खेलकुदका लागि पर्याप्त स्थान र सामग्री उपलब्ध छ।

## ट्रिटन कलेज

**सुविधानगर, तीनकुने**
**स्थापना– २०५६**
**संकाय तथा भर्नासंख्या**
**विज्ञान– २ सय**
**व्यवस्थापन– २ सय**
**मानविकी– १ सय**

पारिवारीक वातावरण दिइने भएकाले नै ट्रिटन कलेज विद्यार्थीको रोजाइमा पर्दै आएको छ। कलेजले विद्यार्थीको व्यक्तिगत हेरचाह पनि गर्ने गरेको छ। त्यसैले कलेज पठाइएका आफ्ना छोराछोरीका बारेमा अभिभावकले खासै टाउको दुखाउनुपर्दैन। प्रत्येक विद्यार्थीलाई छुट्टाछुट्टै परामर्श दिने व्यवस्था गरिएको छ। प्रयोगात्मक एवं अनुसन्धानमा आधारित शिक्षा दिँदै आएको यो कलेजले नियमित सेमिनार पनि गर्दै आएको छ। प्रविधिको पनि पर्याप्त प्रयोग गरेको छ ट्रिटनले। यहाँ चौबीसै घण्टा इन्टरनेट सुविधा उपलब्ध छ। फराकिला यहाँका प्रत्येक कक्षाकोठामा सिसिटिभी जडान गरिएको छ। खुला खेलकुद मैदानसहितको कलेजले अतिरिक्त क्रियाकलापलाई पनि प्राथमिकतामा राखेको छ।

## मेरील्यान्ड उच्च माध्यमिक विद्यालय

**विराटनगर**
**स्थापना– वि.सं. २०५९**
**संकाय तथा भर्नासंख्या**
**व्यवस्थापन– ३ सय**

थोरै लगानीमा गुणस्तरीय शिक्षा हासिल गर्न चाहने विद्यार्थीको रोजाइमा पर्ने गरेको छ विराटनगरस्थित मेरील्यान्ड उच्च माध्यमिक विद्यालय। सभ्य एवं अनुशासित नागरिक उत्पादन गर्ने लक्ष्यका साथ कलेजले शैक्षिक भ्रमण तथा विषयगत ज्ञानका निम्ति स्थलगत अध्ययनमा विद्यार्थीलाई सहभागी गराउँदै आएको छ। यहाँ तीनवटा पुस्तकालय, फराकिला खेलमैदानको सुविधा छ। शिक्षक र विद्यार्थीबीच मित्रवत् सहसम्बन्ध, मर्यादायुक्त अनुशासनले कलेजलाई उत्कृष्टताको नमुनाका रूपमा प्रस्तुत गर्दै आएको छ। कलेजका विद्यार्थीले पुस्तक किन्नुपर्दैन। ग्रुप डिस्कसन, अडियो भिज्युअल कक्षा, गेस्ट लेक्चर्स, पावरप्वाइन्ट प्रेजेन्टेसन एवं सेमिनारहरू आयोजित गरेर विद्यार्थीसित प्रत्यक्ष अन्तर्क्रिया गर्दै अध्यापन गराउनु मेरिल्यान्डको विशेषता हो।



# पुरुषोत्तमले नचाए सबैलाई

**विमल खतिवडा**

कुस्मा- कुस्माबजारस्थित आदर्श आवासीय माध्यमिक विद्यालयले गत सोमबार धौलागिरि अञ्चलमै छात्रातर्फ प्रथम र छात्रतर्फ पश्चिमाञ्चलमै तृतीय स्थान ल्याउन सफल भएको खुसी साट्न र संगीतका भोका आमदर्शकलाई सांगीतिक मज्जा दिन विशेष कार्यक्रमको आयोजना गर्‍यो। उद्योग वाणिज्य संघको सभाहलमा विद्यार्थीको बिदाइ भनेर आयोजित कार्यक्रममा कसैलाई केही थाहा नै नदिई एक्कासि चर्चित लोकगायक पुरुषोत्तम न्यौपाने देखा परे। पर्वतजस्तो सानो ठाउँमा पनि आफ्ना धेरै प्रशंसक भेटिएपछि गायक न्यौपानेले हर्षित हुँदै सबैलाई धन्यवाद दिए।

गायक न्यौपानेले आधा दर्जनजति आफ्ना चर्चित गीत सुनाए। सधैंभरि सरकारी काममै व्यस्त कार्यालय प्रमुखहरूसमेत गायक न्यौपानेको सुरिलो स्वरको भाकामा कम्मर हल्लाइ रहेका थिए। एसएलसीमा सर्वोकृष्ट अंक ल्याएका विद्यार्थीहरूले समेत आफूलाई रोक्न सकेनन्।लोकदोहोरी प्रतिष्ठानका उपाध्यक्ष गायक न्यौपानेले साँझसम्मै गीत गाएर बालबालिकादेखि बूढापाकालाई आफ्नो संगीतको नशामा भुलाउन सफलता प्राप्त गरे।

"विगत वर्षहरुको गहिरो अनुभव र हाम्रो सफलता"
प्राइभेट
TEST/SLC–067
कक्षा–१०मा भर्ना खुल्यो !
कक्षा ८ पास, भर्खरै 9/Test फेल भएका तथा SLC फेल भएर निराश भई बसेका तथा अवसर खोजी गर्दै अध्ययन निरन्तर गर्न चाहनेहरुका लागि सूवर्ण अवसर ... !
भर्खरै SLC दिएर बसेका विद्यार्थीहरुलाई English Language र Computer Training मा विशेष छुट, सिट सिमित छ ।
हाम्रा विशेषताहरु
- अनुभवि तथा दक्ष शिक्षक–शिक्षिका
- नि:शुल्क शैक्षिक सामग्री
- उचित शैक्षिक परामर्श तथा प्रोत्साहन
- कमजोर विद्यार्थीहरुको लागि नि:शुल्क छुट्टै कक्षाको व्यवस्था
- Weekly, Monthly र Terminal परीक्षा तथा पृष्ठपोषण
- उत्पीडित वर्ग, गरिब तथा जेहेन्दार विद्यार्थीहरुको लागि विशेष छात्रवृत्ति प्याकेज,
- विगत वर्षहरुमा १००% विद्यार्थीहरु पास गराउन सफल ।
कक्षा समय: बिहानी/ दिवा
जि.शि.का. तथा EIA नेपालद्धारा मान्याता प्राप्त
विस्तृत जानकारीका लागि :
नववुद्ध OPEN SCHOOL
चाबहिल ४४७५३००/०१६२१२३५७ (चावहिल चोकदेखि गणेशथान जाने बाटो)
शोभाभगवती, ढल्कुचोक ४२५०५३३, ९८४९१६९०६७ (इन्द्रेणी मन्दिरको अगाडि)

के तपाईमा यौन सम्बन्धी समस्या छ ?
पुरुषहरूमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।
महिलाहरूमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।
मानसिक
निराशा उदासिपन, मानसिक डर, भय, दिमागको वोधोपन ।
महिला वा पुरुषहरुमा हुने बाँझोपन (नि:सन्तान) को गोपनियताका साथ उपचार
सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
पोखरा – ०६१–५३९१९४
बुटवल – ०७१–५४८८९३
भरतपुर – ०५६–५२०९६८
इटहरी – ०२५–५८४०८८
दाङ– ०८२–५६२९८३,
हरिओन सर्लाही – ०४६–५३०४८४
हेटौडा – ०५७–५२६०४६
सप्तरी, फत्तेपुर – ०३१–५५०११२

के तपाई Math, Science/ Test नदिई S.L.C. तथा १ वर्षमा +2 पास गर्न चाहानु हुन्छ ?
यदि चाहनु हुन्छ भने NIOS Board मा April 2011 को लागि Admission खुल्यो !
- 5 Subjects पढे पुग्ने । 
- Class 10 मा Math, Science तथा Test दिनु नपर्ने ।
- नेपाल तथा world wide equivalent
- नेपालीबाट पनि Exam दिन पाईने ।
- SLC पास गरेको १ वर्ष Gap भए सिधै +2 पढ्न पाईने ।
- 6/6 महिनामा Exam दिन पाईने ।

Milu Shrestha
78% in Mgt.(+2)
92 in Business
WISDOM EDUCATION FOUNDATION
PH. 4238086
Bagbazar (एसिया पब्लिकेशनको अगाडि)

# विश्व कीर्तिमानी दीपक

पृष्ठ १ बाट जारी

१ सय १० घण्टा निरन्तर आवाज निकालेर पढेका थिए। हिल्टनको यही कीर्तिमान तोड्न दीपकले ५ रात ५ दिन राजधानीको टुँडिखेलमा बिताए। फलतः १ सय १२ घण्टाको कीर्तिमान बनाउँदै उनले हिल्टनलाई उछिने। यतिका समय आँखा झिमिक्क नगरी आवाज निकालेर पाठ गर्नु चानचुने कुरा हो र ? 'अवश्य होइन,' उनले भने- 'तर मेरो आत्मविश्वासले काम सम्भव भयो।'

आवश्यक प्रक्रिया पूरा गरिसकेपछि गिनिज बुक अफ वर्ल्ड रेकर्डले 'नयाँ कीर्तिमान बनाएको' बधाईसहित प्रमाणपत्र पठाइदियो। त्यसपछि हौसिएका दीपकले त्रिपुरेश्वरस्थित कभर्ड हलमा टेबुल टेनिस बललाई ४ घन्टा ३९ मिनेट ५२ सेकेन्ड ब्याटले हावामा नियन्त्रणमा लिइराखे। त्यो २०६६ साल मंसिर १६ को दिन थियो। सोही दिन उनले युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको डिइसिसी हलमा ५८ सेकेन्डमा ३४ वटा लसुनको पोटी खाए। दुवै विधामा यो नयाँ कीर्तिमान थियो। यसअघि अमेरिकी नागरिक अशिरता फर्मानले टेबलटेनिस बललाई ३ घण्टा ७ सेकेन्ड ब्याटले हावामा नियन्त्रणमा लिएका थिए भने १ मिनेटमा २२ वटा लसुनको पोटी खाएको कीर्तिमान पनि उनैको नाममा थियो। पछिल्ला दुई विधाका 'विश्व कीर्तिमान' प्रमाणपत्र हालै हात पारेका छन् दीपकले।

यी त भए सफलताका कुरा, यसपछाडि संघर्षको कथा पनि कम रोचक छैन। एउटा सामान्य परिवारमा हुर्केबढेका अल्लारे युवकले 'विश्व कीर्तिमान बनाउँछु' भन्दा कसले पत्याउने ? उनको कुरालाई सुन्नेजतिले हावामा उडाइदिए। परिवारको समेत विश्वास जित्न गाह्रो भयो। अरूको विश्वास जित्न नसके पनि उनीचाहि विश्व कीर्तिमानसम्बन्धीका सन्दर्भ-सामग्रीहरू इन्टरनेटमा खोजिरहेका हुन्थे, प्रक्रिया आदिका सम्बन्धमा जानकारी लिइरहेका हुन्थे। विश्व कीर्तिमान त बनाउने तर कुन विषयमा ? यो अर्को टाउको दुखाइ थियो। विश्व कीर्तिमान बनाउने सोचमै घोत्लिइरहेका बेला एक साथीले परीक्षाको तयारीमा पुस्तक पाठ गरिरहेको उनले देखे। 'ओहो, यसरी नै लामो समय पुस्तक पाठ गर्नेमा पनि त विश्व कीर्तिमान होला नि ?' यस्तै सोचेर उनी त्यसको कीर्तिमान खोज्न थाले। इन्टरनेटबाटै थाहा भयो, यसअघि बेलायतका नागरिकले १ सय १० घण्टा पुस्तक पाठ गरेर विश्व कीर्तिमान बनाएका रहेछन्। अब, यही कीर्तिमान तोड्ने अभिलाषाले पच्छ्याउन थाल्यो उनलाई। 'एक दिन संयोगले द रिर्डस क्लबका अध्यक्ष आमोदजाग तामाङसँग भेट भयो,' प्रसन्न भावमा उनले सुनाए- 'उहाँलाई आफ्नो योजना बताएपछि सहयोग गर्ने वचन दिनुभयो।' द रिर्डस क्लबले संस्थागत रूपमा व्यवस्थापन गर्ने भएपछि उनी ढुक्क भए। त्यसपछि उनले आफ्नै परिवारलाई साक्षी राखेर घरमा लगातार पुस्तक पाठ गर्न थाले। यो उनको पूर्वतयारी थियो। पाँच दिन पाँच रातसम्म गिनिज बुक अफ वर्ल्ड रेकर्डको प्रक्रियाअनुसार पाठ गरिसकेपछि उनको आत्मविश्वास अझ मौलायो।

२०६५ असोज ३ गते सैनिक मञ्चनजिकै टुडिँखेलमा टेन्ट टाँगियो। दुईवटा क्यामेरा, अत्याधुनिक डिजिटल घडी र एउटा एम्बुलेन्स स्ट्यान्डवाई राखियो। चिकित्सक तथा नर्स सर्तक अवस्थामा बसे। विश्व कीर्तिमानको प्रक्रियाअनुसार राष्ट्रिय स्तरमा चिनिएका व्यक्तिहरू साक्षीका रूपमा त्यहाँ भेला भए। त्यसपछि सुरु भयो उनको अग्निपरीक्षा। 'साँझ ६ बजेदेखि मैले पढ्न सुरु गरें,' उनले सम्झिए-'यतिबेला मेरो हातमा 'नेपोलियन महान् योद्धा' शीर्षकको पुस्तक थियो।' यो काम सुरु हुनुअघि पत्रकार सम्मेलनमा उपस्थित चिकित्सकले भनेका थिए- 'यसरी निरन्तर शरीरलाई आराम नदिई पुस्तक पाठ गर्दा स्वास्थ्यलाई गम्भीर असर पुग्न सक्छ, ब्रेन ह्याम्ब्रेज हुन सक्छ।' मानवअधिकारकर्मीहरूले पनि आयोजकहरूलाई यो कार्य रोक्न भनेका थिए। 'यो केटो मऱ्यो भने कसले जिम्मा लिने ?' मानवअधिकारकर्मीहरूको प्रश्नले आयोजकहरूलाई समेत गम्भीर भएर सोच्न बाध्य बनाएको थियो।

उनका लक्ष्यसामु यी चुनौती साना भए। 'समस्त संसारको विजय भनेको कल्पनाले गर्छु,' नेपोलियनको यही वाक्यांशबाट सुरु भएको उनको पढ्ने क्रम पहिलो, दोस्रो, तेस्रो हाुदै चौथो दिन पार गऱ्यो। पाँचौं दिन साँझ आठ बजेपछि आयोजक द रिडर्स क्लब र साक्षीहरूको सल्लाहबमोजिम उनले पुस्तक पाठ गर्ने कार्य स्थगित गरे। यतिबेलासम्म उनले १ सय १२ घण्टा पाठ गरिसकेका रहेछन्। विगतको कीर्तिमान तोड्न यति नै पर्याप्त थियो। यस अवधिमा योजना आयोगका पूर्वउपाध्यक्ष मोहनमान सैजु, प्रा. डीपी भण्डारी, सशस्त्रका डीआईजी सनतकुमार बस्नेत, गायिका आनी छोइङ डोल्मालगायत ८० जना प्रतिष्ठित व्यक्ति साक्षीका रूपमा उपस्थित भए। दिपक भन्छन्- '१ सय १२ घण्टामा ५५ वटा पुस्तक पढिएछ।' यसबीचमा उनले बिस्कुट र झोल पदार्थ खाएका थिए।

गिनिज बुक अफ वर्ल्ड रेकर्डले २०६६ साल असार ३१ गते उनको उनको कीर्तिमानलाई प्रमाणित गऱ्यो। प्रमाणपत्र हात लागेपछि उनको महत्वाकांक्षा झाँगिएर गयो। त्यसपछि टेबलटेनिस बललाई ब्याटले लामो समय हावामा नियन्त्रणमा लिने र १ मिनेटमा सबैभन्दा बढी लसुनको पोटी खाने विधामा उनले विश्व कीर्तिमान बनाए। 'एक-दुई पोटी लसुन औषधीका रूपमा प्रयोग गर्न सकिन्छ,' दीपकले भने- 'तर त्यसभन्दा बढी लसुन एकै समयमा चपाएर खान चिकित्सकको अनुमति चाहिन्छ।' लसुन खानु सामान्यजस्तै लागे पनि छोटो समयमा धेरै लसुन चपाएर निल्नु जोखिमपूर्ण हो। लसुनमा एली मिथाइल सल्फाइड हुने भएकाले मस्तिष्क, रगत र फोक्सो समेत नराम्रोसँग प्रभावित हुन सक्ने सम्भावना हुन्छ।

विश्व कीर्तिमान राख्ने दौडमै उनले पछिल्लो समय प्लास्टिकको चम्चाले छोटो अवधिमा धेरै अंगुर खाए। चितवनको सौराहमा आयोजित कार्यक्रममा उनले १ सय ५९ दाना अंगुर खाएका थिए। यसअघि अशिरता फरमानले १ सय ५१ दाना अंगुर खाएको कीर्तिमान थियो। 'यसमा पनि मैले पुरानो कीर्तिमान तोडेको छु र प्रक्रियाका लागि पठाइसकेका छौं,' दीपक भन्छन्।

दीपक आफूलाई आत्मविश्वासले भरिपूर्ण मान्छन्। 'म अलि भिन्न स्वभावको थिएँ,' दुई भाइ र बहिनीका दाजु दीपक भन्छन्- 'नयाँ-नयाँ कुराप्रति तीव्र चासो हुन्थ्यो मलाई।' नयाँ विषयप्रतिको चासो र दह्रो आत्मविश्वासले नै 'विश्व कीर्तिमान बनाउने' सोचमा मोडिए उनी, अनि विश्व कीर्तिमानका सम्बन्धमा विभिन्न जानकारी लिन थाले। इन्टरनेट र अन्य स्रोतबाट जानकारी हासिल गरिसकेपछि आफूले पनि कुनै न कुनै क्षेत्रमा विश्व कीर्तिमान राख्ने अठोट गरे।

उनले पाटन क्याम्पसबाट समाजशास्त्रमा स्नातक तह उत्तीर्ण गरिसकेका छन्। दीपक वातावरण र वन्यजन्तु संरक्षणका क्षेत्रमा क्रियाशील छन्। अबको योजना ? 'विश्वका टप टेन कीर्तिमानीका रूपमा आफ्नो नाम लेखाउने।' त्यसपछि भने आफ्नो बेग्लै पहिचान बन्ने र राजनीतिमा लाग्ने सोच उनको छ।







## विश्व कीर्तिमानमा नेपाल

नेपालीहरूले हिमाल आरोहणको क्षेत्रमा सबैभन्दा बढी विश्व कीर्तिमान बनाएका छन्। यसमा सेर्पा समुदायको बाहुल्य छ। हिमाल आरोहणसहित विभिन्न विधामा १५ जना नेपालीले गिनिज बुक अफ वर्ल्ड रेकर्डमा आफ्नो नाम दर्ता गराएका छन्।

**आङरिता शेर्पा (हिम चितुवा)**
बिनाअक्सिजन सबैभन्दा बढी सगरमाथा आरोहण - १० पटक

**आप्पा सेर्पा (सुपर शेर्पा)**
सबैभन्दा बढी सगरमाथा आरोहण - २० पटक

**स्व. बाबुछिरी शेर्पा (हिमसम्राट्)**
लामो समय सगरमाथामा बसाइ - २२ घण्टा
सबैभन्दा छिटो सगरमाथा आरोहण - १६ घण्टा ५६ मिनेट

**पेम्बा दोर्जे शेर्पा**
सबैभन्दा छिटो सगरमाथा आरोहण - ८ घण्टा १० मिनेट
एकै सिजनमा दुवै मोहडाबाट सगरमाथा आरोहण

**काजी शेर्पा**
सबैभन्दा छिटो सगरमाथा आरोहण - २० घण्टा २४ मिनेट

**पेम्बाछिरी शेर्पा**
सबैभन्दा कम उमेरमा सगरमाथा आरोहण - १६ वर्ष

**लाक्पा घेलु शेर्पा**
सबैभन्दा छिटो सगरमाथा आरोहण - १० घण्टा ५६ मिनेट ४६ सेकेन्ड

**लाक्पा थार्के शेर्पा**
३ मिनेटसम्म -४० डिग्री सेन्टिग्रेडमा शरीरको माथिको भाग नाङ्गै राखी सगरमाथामा बसेको

**कुशाङ शेर्पा**
सगरमाथाको चारै मोहडाबाट आरोहण गर्ने एक मात्र आरोही

**अमात्य विष्ट**
सबैभन्दा बढी वस्तु सम्झिने - ५७ वटा

**मीनबहादुर शेरचन**
सबैभन्दा बढी उमेरमा सगरमाथा आरोहण - ७६ वर्ष ११ महिना ६ दिन

**हरिबहादुर रोकाय**
सर्वाधिक उचाईमा आयोजना हुने एभरेष्ट म्याराथन कम समयमा पूरा गर्ने - ३ घण्टा ५० मिनेट २३ सेकेन्ड

**शम्भु तामाङ**
सबैभन्दा कम उमेरमा सगरमाथा आरोहण - १८ वर्ष

**मेहबुब आलम**
अन्तर्राष्ट्रिय एक दिवसीय क्रिकेटमा सबैभन्दा बढी विकेट - १० विकेट

**रोहित तिमल्सिना**
सबैभन्दा बढी टेनिस बल हातमा राख्ने - २१ वटा
एक मिनेटमा धेरैजनालाई चुम्बन गर्ने - १ सय १६ जना

**खगेन्द्र थापा मगर**
विश्वका सबैभन्दा होचा व्यक्ति - २० इन्च

**दीपक शर्मा बजगाईं**
लामो समयसम्म निरन्तर आवाज निकालेर पढ्ने -१ सय १२ घण्टा
लामो समयसम्म टेबलटेनिस ब्याटबल नियन्त्रण गर्ने -४ घण्टा ३९ मिनेट ५२ सेकेन्ड
एक मिनेटमा सबैभन्दा बढी लसुन खाने- ३४ वटा
तीन मिनेटमा प्लास्टिकको चियाचम्चाद्वारा अंगुर खाने- १ सय ५९ वटा (दाबी गरिएको)



## ● सन्देश ●

सबनम, तिम्रो साथ पाउने मीठो आशा बुनेको थिएँ, तर किनारा भेट्ने आशामा दौडिएको सागर भयो जीवन। यो संसारबाट तिमी गयौ– मलाई एक्लै छाडेर, तर म तिमीलाई कहिल्यै बिर्सनेछैन। तिम्रो माया मेरो मुटुमा हरपल रहनेछ।

**हरि**

डेन्जर ग्रुपका साथीहरू टासी, साम्पा, डिन्डु, माया तथा निमालाई मेरो धेरै सम्झना एवं माया।

**साङ्गे**

नानु, म तिमीलाई पवित्र माया गर्छु। तिमीले मेरा बारेमा के सोचेकी छयौ ? तिमी र मेरो बोलचाल भएको धेरै भैसक्यो। मेरो त तिमी नै हौ पहिलो मन पर्ने साथी। म तिम्रो उत्तरोत्तर प्रगति चाहन्छु। मलाई तिमीले साथ दिन्छौ भन्ने लाग्छ।

**राकेश**




साथीहरू, पढाइको वितृष्णा र जवानीको उन्मुक्तताले हामीलाई समयको सदुपयोगभन्दा मोजमस्ती, घुमफिर र रमाइलोतर्फ उत्प्रेरित गऱ्यो। समय अझै छ, आफ्नो ट्र्याकमा आउन। हामीले सबैलाई देखाउनु छ, आफूलाई साबित गर्नु छ।

**विपीन**

वर्षा, भन्थ्यौं यो मुटुभरि हजुरकै मात्र तस्बिर सजाएर राखेकी छु, तर वस्तविक मेरो नभै अरू कसैको फोटो सजाएर राखेकी रहेछौ। ठीकै छ, मेरो चोखो मायालाई लत्याएर गए पनि सधैं सुखी रहनु।

**बादल**

तिमीबिनाको जीवन मेरा लागि मुटुबिनाको शरीरसरह हो। तिमी जेजस्तो परिस्थितिमा छयौ मेरा लागि असह्य छ। स्वतन्त्र जीवन जिउन तिमीले अघि बढ्नु आवश्यक छ। मेरो साथ हरपल तिमीप्रति समर्पित छ।


**राम**

आईई तथा बीईको परीक्षा दिने सम्पूर्ण साथीहरूलाई सफलताको मंगलमय शुभकामना।

**विजय राउत**

## ● जीवनको गोरेटोमा ●

# स्मृतिको यादमा



कुरा २०६३ फागुन महिनाको हो। म आफ्नो घरमा रेडियो सुन्दै काम गरिरहेकी थिएँ। अनाचक रेडियोको समाचारमा साथी स्मृतिको बेलसोत भन्ने ठाउँमा ट्रक दुर्घटनामा परी मृत्यु भएको खबर पाएँ। त्यसपछि म हतारहतार कटारी गएँ। कटारी गएर स्मृतिका आफन्तहरूसँग यथार्थ बुझेँ। लास पोस्टमार्टमका लागि लहानको नर्सिङ होममा पुऱ्याइएको रहेछ। साँझको ६ बजेतिर देवीधाप भन्ने ठाउँमा एम्बुलेन्सद्वारा लास ल्याइयो।

मृतकका बुबा आफ्नी छोरी स्मृतिलाई अँगाल्दै रुँदै कराउँदै एम्बुलेन्स बसेरी लैजान चालकलाई अनुरोध गर्नुभयो। त्यसपछि एम्बुलेन्स बसेरीतर्फ हुइँक्याइयो। यात्रा रातको थियो त्यसमाथि अझ टाढा पनि।

एम्बुलेन्सभित्र हामी लाससहित आठ जना थियौं। एम्बुलेन्स ककुर खोलाको बाटो हुँदै बसेरीतर्फ दौडिरहेको थियो। रातको ९ बजेको होला एम्बलेन्स बसेरी खोलामा रोकियो। हामी सबैजना ओर्लियौं। लासलाई मृतककी बुबा र छिमेकी दाइले झिक्नुभयो। म र अर्की साथी लासभन्दा केही पर बस्यौं। एकैछिनपछि लास उठाएर घरमा पुऱ्याएका मात्र के थिए घरका सम्पूर्ण परिवारजन डाँको छोडी रुन थाले। त्यो रात निदाउनै सकिनँ। खाली आँखाभरि झलझली स्मृतिको तस्बिर आइरहन्थ्यो। यसरी नै बित्यो त्यो रात...।

भोलिपल्ट बिहान म र साथी रेजिना सँगै उठ्यौं। बिहान लासलाई हेरी आँसु खसाल्नुबाहेक अरू केही गर्न सकेनौं।

बिहानीको मिर्मिरे उज्यालोको आगमनसँगै स्मृतिको मृत शरीर माटोमुनि राख्ने तरखर भयो। स्मृतिको मृत शरीरभरि विभिन्न पुष्पगुच्छाहरू र अविरले शिरदेखि पाउँसम्म सजाइयो। उनलाई हेर्न बसेरी स्कुलका सम्पूर्ण शिक्षक एवं विद्यार्थीहरू ताँती लागेर आएका थिए। उनको मृत शरीरलाई अन्तिम संस्कार गर्ने क्रममा काठको बाकस बनाई खाल्टो खनेर राखियो। तत्पश्चात् उनको मुखमा दागबत्ती दिई माथिबाट माटोले पुरियो।

त्यो दृश्य हेर्ने सबैका आँखाबाट आँसुका धारा बगेका थिए। स्मृतिका बुबाआमा, बहिनीहरू त्यो दृश्य हेर्न नसकी रोइरहेका थिए। त्यो पीडा सहन नसकी मैले केही आँसुका थोपा र दुई थुँगा फूल समर्पण गरी उनीबाट बिदा लिएँ। त्यसपछि म आफ्नै घर मरुवातर्फ लागेँ। बाटोभरि र मनभरि उनकै यादले सताइरह्यो। आज उनी मरेको तीन वर्ष भयो तैपनि कहीं कतै जाँदा अर्थात् यात्रा गर्दा यो दुःखी आत्मालाई स्मृतिको यादले झस्काइरहन्छ, चस्काइरहन्छ।

**चण्डिका**

## ● साथी ●



५ फिट ८ इन्च अग्ला सन्जित भट्टराई 'बन्धु' हाल एमबीबीएस अध्ययनरत छन्। २१ वर्षीय भट्टराई जिज्ञासु तथा सहयोगी स्वभावका छन्। अविवाहित सन्जित गहुँगोरो वर्णका छन्। अध्ययन तथा संगीतमा लगाव राख्ने सन्जित भरतपुर-१०, चितवनका बासिन्दा हुन्। हँसिलो, परिपक्व, गम्भिर, सरलतामा रमाउने, मीतव्ययी, भावना र कल्पनामा हराउने साथीको खोजीमा रहेका संञ्जितलाई sanjeetbhattarai@yahoo.com मा इमेल गर्न सकिन्छ।

कलाकारितामा रुचि राख्ने लीला रोहित सुनुवार ५ फिट २ इन्च अग्ला छन्। १८ वर्षीय यी युवक भ्रमण गीत-संगीत एवं भावक प्रकृतिका छन्। दुःखीको मर्म बुझेर त्यहीअनुसार सहयोग गर्न रुचाउने रोहितलाई मनमैजु-२, शिवनगर, काठमाडौंमा पत्राचार गर्न सकिन्छ।





सानैदेखि आफ्नै खुट्टामा उभिएका बिज्जु सुवेदी 'प्रयास' २३ वर्षका भए। उनी अहिले भैरहवामा व्यापार गर्छन्। ५ फिट २ इन्च अग्ला बिज्जु गम्भीर स्वभावका छन्। उनी धेरै बोल्नेभन्दा केही गरेर देखाउने कुरामा विश्वास गर्छन्। पत्रमित्रता तथा क्रिकेटमा रुचि भएका बिज्जु अविवाहित हुन्। एउटी आकर्षक युवतीको खोजीमा रहेका बिज्जुलाई अभि कोल्ड स्टोर सिद्धार्थनगर नगर पालिका-९, बुद्धचोक, कठौतीयामा पत्राचार गर्न सकिन्छ।




# जातीय आधारमा राज्य बनाउनु कति उपयुक्त हुन्छ ?

बनाए हुन्छ, किनभने दसवर्षे जनयुद्ध र आन्दोलनपछिको जनचाहना नै त्यतैतिर मोडिइसकेको छ।

**काफ्ले, केशव (३५), धनकुटा**

उपयुक्त नभए पनि बनाइहाले, मान्नैपर्‍यो नि।

**अविनाश (१७), सिन्धुपाल्चोक**

हुँदैन, यसले जातिजातिमा अहम् जगाउँछ र जातीय राज्य नपाएकाहरूको अपहेलनासमेत हुन्छ।

good_deepak20@yahoo.com

हुन्छ नि गर्न नहुने भन्ने केही चिज छ र ? तै पनि बुद्धि त अवश्य पुर्‍याउनुपर्छ।

**राजेन्द्र कुँवर, तम्घास, गुल्मी**

उपयुक्त हुँदैन नेपालमा भएका जाति जति सबैले आ-आफ्नो राज्य बनाउने हो भने त कुखुराले चल्ला हेरचाह गर्न नसके जस्तै हुन्छ।

**पेशल दाहाल**

गम्भीर भएर उत्तर दिँदा जातीय राज्य एकदमै अनुपयुक्त कुरा हो, नेपालजस्तो बहुल जातीय देशमा। जातीय राज्य बन्नुभन्दा पहिल्यै जातिविशेषले गरेका बन्द हड्तालका नमुना देखिसकेका छौं हामीले।

**प्रकाश श्रेष्ठ (२५), खुर्कोट**

उसै त नेपालमा हत्या हिंसा बढिरहेको छ अझ बढी हुने हो कि ?

**मल्लिका मल्ल (१८), धादिङ**

एकदम ठीक हुन्छ किनभने हाम्रो नेपाल राम्रो नेपाल बनाउने बेलामा पुरानो नेपाललाई बोकी हिँड्नु ठीक होइन।

**शिव बक्राङ (२२), गोरखा**

पहिलेकै जस्तै बाइसे, तेइसे र चौबीसे राज्य बनाउनु छ भने हुन्छ। देशलाई टुक्र्याएर राज्य चलाउने कि सिंगो रूपमा चलाउने ?

**वसन्त खत्री**

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
२. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
३. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
४. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
५. तपाईं एक्लै हुँदा के सोच्नुहुन्छ ?
६. राजनीति राम्रो कि समाजसेवा ? किन ?
७. तपाईंले पछिल्लो पटक कहिले झूटो बोल्नुभयो ?
८. साप्ताहिकको ब्लो-अप तपाईंलाई कस्तो लाग्छ ? किन ?
९. के तपाईंलाई नेपालमा राजतन्त्र फर्किन्छ जस्तो लाग्छ ?
१०. नेपालबाट रूढिवाद र अन्धपरम्पराको अन्त्य किन नभएको होला ?



## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भद्रा

**म २१ वर्षीय विवाहित पुरुष हुँ। मेरो विवाह भएको सात महिना भयो। मेरी श्रीमतीको उमेर १७ वर्ष छ। मेरी श्रीमती ज्यादै कामुक छिन्। हामीबीच दिनको कम्तीमा पाँच पटकसम्म सम्पर्क हुँदै आएकोमा अहिले मैले त्यसलाई घटाएर दिनको ३ पटकमा झारेको छु। यसो गर्दा श्रीमतीको चाहना पूरा भएको पाउँदिनँ। सम्पर्क गर्दा श्रीमती धेरै बेरमा मात्र पूर्ण सन्तुष्टि हुन्छिन् भने मेरो स्खलन चाँडै हुन्छ। त्यसैले यौनसम्पर्क राख्नुपहिले उनको स्तनका साथै अन्य यौनांगहरू चलाउने, सुमसुम्याउने गर्छु र यौनरस निस्किएपछि मात्र सम्पर्क गर्छु। यसो गर्दा हामी एकैसाथ सन्तुष्ट पनि हुँदै आएका छौं। यसरी नियमित रूपमा दिनको पाँच-छ पटकसम्म यौनसम्पर्क राख्दा पछि यसले कुनै हानि त गर्दैन ? श्रीमती यसरी धेरै उत्तेजित भएर धेरै पटक सम्पर्कमा भाग लिनुका पछाडि के कारण होला ? के विवाहपूर्व अन्य कसैसँग यौनसम्पर्क गर्दै आएको भएर यस्तो भएको हो ? मैले आफूलाई भन्दा उनलाई सन्तुष्ट पार्न के गर्नुपर्छ ?**

– बी.आर.

**उत्तर : अत्यधिक चाहना**

किशोरावस्थादेखि प्रस्ट रूपमा देखिने यौनचाहना सबै सामान्य व्यक्तिमा हुन्छ, तर यो सबै व्यक्तिमा एकनासको हुँदैन, कसैमा बढी हुन्छ त कसैमा कम। कुनै व्यक्तिमा यति नै यौनचाहना हुनुपर्छ भन्ने छैन। हुनुपर्नेभन्दा बढी यौनचाहना भएको स्थितिलाई अंग्रेजीमा excessive sexual desire भनिन्छ, यसका लागि hyperactive sex वा hypersexuality शब्द प्रयोग गरिन्छ। यस्तो स्थिति चिकित्सकीय दृष्टिकोणले ध्यान दिनुपर्ने गरी बढी नै भएको हुनुपर्छ। पहिले-पहिले महिलामा nymphomania र पुरुषमा satyriasis भनिने यो स्थितिलाई अहिले hypersexuality शब्दले विस्थापित गर्न थालेको छ। केहीले यस्तो स्थितिलाई सेक्सुअल एडिक्सन अर्थात यौन लत भन्ने गरेका छन्। कति यौनचाहनालाई बढी भन्ने कुरामा अझै पनि विवाद नै छ। एक व्यक्तिले सामान्य मानेको यौनचाहनालाई अर्को व्यक्तिले कम वा बढी मान्न सक्छ। दैनिक सामाजिक जीवन नै बिग्रने वा तनावपूर्ण हुने यौनव्यवहार देखिन थालेको स्थितिमा भने यौनचाहना बढीको स्थिति भन्न सकिने कुरामा प्रायः सबैजसो सहमत देखिन्छन्।

**कतिपटकसम्म गर्नु हुन्छ ?**

आफूमा भएको यौनचाहनालाई पूरा गर्न वा भनौं सन्तुष्टिको उपायका रूपमा हामी यौनसम्पर्क गर्छौं। यौनसम्पर्क गरेर चरमसुख पाएपछि यौन तनावमा कमी आउँछ। यो आनन्द नै यसलाई पुनः दोहर्‍याउने उत्प्रेरणाको स्रोत बन्छ। कतिपयले यसलाई बारम्बार दोहर्‍याउँछन्, जुन सामान्य नै हो। माथि भनिएजस्तो दैनिक जीवन नै बिग्रने स्थितिमा भने त्यसलाई असामान्य मानिन्छ। तपाईंले खासै त्यस्तो कुनै कुरा लेख्नुभएको छैन।

यौन चाहना किशोरावस्था तथा युवावस्थामा तीव्र हुन्छ। तपाईंकी श्रीमतीको उमेर १७ वर्ष मात्र भएकाले यौनचाहना तीव्र हुनु कुनै आश्चर्य होइन। विवाह भएर तपाईंसँगको यौनसम्पर्कको अवसर प्राप्त हुनुले यो आनन्दलाई अझ बढाएको हुनुपर्छ। त्यसैले उहाँ चरमसुख प्राप्त गर्न सक्दो लालायित भएको हुनुपर्छ।

अब कतिपल्टसम्म गर्नु हुन्छ त ? सजिलो रूपमा भन्नुपर्दा जति चाहनुहुन्छ। यहाँ त्यस्तो कुनै संख्या छैन, जसलाई आदर्श मान्न सकियोस्। यो दुवैको सहमति र सहकार्यमा हुने कुरा हो। दुवैको यौनेच्छा अनि एक अर्काको अपेक्षाजस्ता कुरामा फरक पर्छ। एकपल्ट पानीको तिर्खा लागेको व्यक्तिलाई सम्झनुहोस्। उसले कतिपटक वा कति गिलास पानी पिउनुपर्ला। यहाँ यतिपटक भन्नुपर्दा पनि तिर्खा नभेटिएसम्म पानी पिउने हो। जब तिर्खा मेटिन्छ तब पानी पिउने चाहना हुँदैन। जब फेरि तिर्खा लाग्छ मानिसले पुनः पानी पिउँछ। त्यसैगरी यौनसन्तुष्टि भएपछि यसलाई स्वाभाविक रूपमै कम गर्छ र पुनः चाहना भएपछि यौनसम्पर्कका लागि अग्रसरता देखाउँछ।


**के विवाहअघि अरूसँग सम्पर्क थियो ?**

यो छुट्टै विषय हो। अत्यधिक यौनेच्छा राख्नुको अर्थ विवाहअघि अन्य व्यक्तिसँग यौनसम्बन्ध थियो होला भन्ने हुँदैन। यस्तो शंका गर्न सुहाउँदैन। यसको सकारात्मक पक्ष हेर्न अनुरोध गर्छु। उहाँ विवाह भएको छोटो समयमै तपाईंसँग अन्तरङ्ग सम्बन्ध बनाउन र एक किसिमको अपेक्षा व्यक्त गर्न सक्षम हुनुहुन्छ। हुनसक्छ, तपाईंको अपेक्षा लजालु र यौनसम्पर्कमा तपाईंले धेरै कर गरेपछि मात्र संलग्न हुने स्वभाव भएकी श्रीमतीको होस्। तपाईंले पाक्कक्रिडामा अनि अन्य क्रियाकलापमा संलग्न भएर श्रीमतीलाई यौन चरमसुख प्राप्त गर्ने अवसर दिन गर्नुभएको प्रयास सराहनीय छ। त्यसलाई अनाहकमा शंका-उपशंका गरेर सुखमय यौन अनि वैवाहिक जीवनलाई अमिलो बनाउने कार्य नगर्नुहोस्।

**उनको यौन सन्तुष्टिका लागि के गर्नुपर्ला ?**

तपाईंको प्रश्नले सम्बन्धलाई प्रगाढ बनाउन र श्रीमतीलाई सुख दिन तपाईंको प्रतिबद्धताको आभास दिन्छ। यो प्रयासलाई निरन्तता दिनुहोस्। तपाईंको शीघ्र स्खलनप्रति तपाईंकी श्रीमतीको कुनै आशंका भए त्यसलाई पनि निराकरण गरिदिनुहोस्। यो स्तम्भ नियमित पढ्नुभएको भए शीघ्र स्खलन कम गर्ने उपायका बारेमा त जानकारी होला नै।

पाक्क्रीडालाई नियमितता दिनुहोस्। सक्नुहुन्छ भने त्यसमा सक्दो नयाँपन ल्याउनुहोस्। नयाँ-नयाँ प्रयोगले सम्बन्धमा ताजापन थप्छ। यदि तपाईंमा यौनसम्पर्क राख्ने इच्छा छैन भने पनि श्रीमतीमा समर्पित भएर उसैको चरमसुख प्राप्तिका लागि यौनक्रियाकलापमा संलग्न हुनुहोस्। उहाँसँगको सल्लाहमा नयाँ आसनहरू प्रयोग गर्नुहोस्। पुरुष माथि र महिला तल रहेर गरिने यौनसम्पर्कमा महिलाको सबैभन्दा यौन संवेदनशील अङ्ग भगांकुरमा कुनै घर्षण हुँदैन, त्यसैले उक्त आसनबाट धेरैजसो महिलाले यौन चरमसुख प्राप्त गर्न सक्दैनन्। विशेष गरेर महिला माथि रहेर यौनसम्पर्क गर्दा महिलाले आफ्नो यौन उत्तेजनाको स्थिति हेरेर धक्काको गति र चाललाई नियन्त्रित गर्न सक्छन्, ताकि भगांकुरको घर्षण राम्रोसँग होस् र यौन चरमसुखको स्थितिमा सहज रूपमा पुगियोस्। कतिपय व्यक्तिलाई यो कुरा केही असामान्य लाग्न सक्छ, तर यी सामान्य र प्राकृतिक हुन् भन्ने कुरा बुझ्नुपर्छ। यौन चरमसुख प्राप्त गर्न पाउनु महिलाको नैसर्गिक अधिकार हो भन्ने कुरा बिर्सनु हुँदैन।




What after Exam ?
उद्घोषण/ANCHORING
(RJ / VJ / STAGE / NEWS / TECHNICIAN)
Public Speaking / Speech Art
Personality & Confidence Development
(Mass को अगाडी बोल्न नसक्नेको लागि)
The Media's Collection
Bagbazar (Opp. to Petrol Pump) Ph: 4233042
Chardobato, Banepa (opp. to Red Cross):-011-664506
Also in Pokhara and Itahari Rs. 1000/- Discount
Job opportunity for the best





मुहार केश तौल उचाई स्तन
सम्वन्धी सम्पुर्ण समस्याको समाधान
प्राकृतिक उपचार पद्धती द्वारा
मिराकल फाउण्डेशन नेपाल
The Health & Beauty Solution
बिजुलीबजार, नयाँबानेश्वर, काठमाडौं
(सगरमाथा टेलिभिजन अगाडी) 4780678
9851016824, 9808594757

पासहुनेनैगरी पढ्न आउनुहोस्।
भर्ना खुल्यो - 2067
समय: बिहान/दिउँसो/बेलुका
माध्यम: अंग्रेजी/नेपाली
PRIVATE/OPEN REGULAR Tuition & Coaching
TEST/SLC/Exempted/पुरक परीक्षा
I.A, I.Com, B.A, M.A, M.P.A
SLC,PCL,+2, Bachelor & Master
गृहिणी/उमेर नाघेका/जागिर खाँदा खाँदै पढ्ने इच्छा भएका समेत बेलैमा शैक्षिक परामर्शकासाथ अभिभावक-विद्यार्थी-अनुभवी शिक्षकहरूको प्रयासबाट छोटो समयमै पासहुनेगरी Capsule कक्षामा पढ्न आउनुहोस्।
प्राइभेट एकेडेमी
पुतलीसडक, काठमाडौं, 01-4422105

कस्मेटिक सर्जरी
- शरिरमा भएको दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा आगोले पोलेर भएको समस्याको लागी
- नाक, कान, आाखा सम्बन्धि कस्मेटिक सर्जरी
- मंगोलियन आाखाको उपचार
- टाउकोमा केश उमार्न
- अनुहारको चाउरीपन हटाउन
- स्तनसम्बन्धि कस्मेटिक सर्जरी
नेपाल प्लाष्टिक सर्जरी अस्पताल
हरिशिद्धी, ललितपुर
५२५०६६५, ९८०३८८३५७७

हाईट बढाउने ?
३ महिनामा ४" उचाई बढाउने
- केश झर्न तुरुन्तै रोकी उमार्ने
- १ महिनामा चाहेजती ब्रेष्ट बढाउने र घटाउन
- जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
- तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
- १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
- प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल, (पाटन हस्पिटल अगाडी)
फोन : 5004046, 5550195
मोवाइल : 9851112675

LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more ........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service : 9841549320

सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत
Rs. 1650/- मात्र
Anti Pimple (Rose Sunscream Free)
*मुहारको दाग धाँया पोतो हटाउने Dr. Japan - Rs.350/-
*मुहारको चाउरीपन हटाउने Cream - Rs.1250/-
*स्तन घटाउने तथा बढाउने Cream - Rs.1650/-
*शरिरको Weight घटाउने Dr. Slim Tea - Rs.1250/-
शरीरको तौल + उचाई बढाउने
जाँड-रक्सीको कुलत बाट छुटाउने
No side effect 100% Garantee
सफल आयुर्वेदिक प्राकृतिक उपचार
केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Harbal 44 Rs. 750/-
आस्था हेल्थ केयर
काठमाडौं, गाशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, 9842083409 इटहरी

100% Guarantee
यौन: यौन समस्या, यौनाङ्ग विकास, गुप्त रोगको समस्या
अनुहार: कालोपोतो, चाँया, डण्डीफोर हटाउन
चाहेजति शारिरिक तौल घटाउन वढाउन
जाँड-रक्सीको कुलत छुटाउन
Breast घटाउन वढाउन टाइट गर्न, मधुमेह, ग्याष्ट्रिक, दम बाथ एलर्जी
सम्पर्क:महारुद्र आयुर्वेद
With Home Delivery
2291316, 9851115833
9849117597, 9751011098

100% फिट्नेस
जाँड-रक्सीको कुलत छुटाउने
"डिफ्यूज-एल" हर्वल चूर्ण
विशुद्ध किफायती ब्रान्डेड प्राडक्ट
स्तन घटाउन तथा बढाउन
Elevation Bust Cream
गुप्ताङ्ग टाईट महिला यौन ईच्छाजागृत
शरीरको मोटोपना घटाउन/तौल वढाउन
ग्यारेण्टी कपाल झर्न रोक्ने SBL तेल
उत्तेजना तथा लिङ्गको विकास गर्न
Kirtipur 01-4336701 9803502259
Kalimati 01-4276068 9841981976
Free Home Delivery



# तोडियो परम्परा

राजु घिसिङ

दुई वर्षअघिको युरोपेली विजेता तेह्रौंपल्टको प्रयासमा बल्ल विश्वकप विजेता भएको छ। यस क्रममा उसले थुप्रै कीर्तिमान पनि बनाएको छ। आफ्नो महादेशबाहिर विश्वकप ट्रफी चुम्ने स्पेन पहिलो युरोपेली मुलुकसमेत बन्यो। सन् १९६२ मा ब्राजिलले उपाधि रक्षा गरेयता ट्रफी युरोपेली तथा दक्षिण अमेरिकी टिमले पालैपालो कब्जा गर्दै आएका थिए। स्पेनले त्यो क्रम पनि भंग गरेको छ। उसको जितले युरोपेली टिम लगातार दुईपल्ट विश्वविजेता बन्यो। चार वर्षअघि इटालीले चौथोपटक विश्वकप जितेको थियो।

उपाधि यात्रामा स्पेनले सात खेल खेल्यो र जम्मा आठ गोल मात्र गर्‍यो। सबैभन्दा कम गोल गर्ने विश्वकप विजेताको कीर्तिमान पनि स्पेनले बनायो। नकआउट चरणका चारै खेल स्पेनले १-० को गोलअन्तरले जितेको थियो। यसअघि यस्तो नतिजा कुनै पनि टिमले निकालेका थिएनन्। पहिलो खेल स्विट्जरल्यान्डसँग १-० ले हारेपछि उत्कृष्ट पुनरागमन गर्दै स्पेनले उपाधि उचालेको हो। स्पेन पहिलो खेल हारे पनि उपाधि जित्ने पहिलो देश पनि भएको छ।

फाइनलमा नेदरल्यान्डसलाई स्पेनले १-० ले हराएको थियो। त्यो नतिजाले स्पेनलाई विश्वकप जित्ने आठौं टिम बनायो। यसअघिका १८ संस्करणको उपाधि सात देशले मात्र जितेका थिए। विश्वकपको फाइनल खेल्ने नयाँ अर्थात् १२ औं टिम हो, स्पेन। अहिलेसम्म ११ देशले मात्र फाइनलमा प्रतिस्पर्धा गरेका थिए।

नयाँ विश्वविजेता स्पेनका कारणले मात्र होइन, यो विश्वकप विगतका संस्करणको तुलनामा निक्कै पृथक रह्यो। दक्षिण अफ्रिका नकआउट चरण पुग्न नसक्ने पहिलो आयोजक बन्यो। यो विश्वकप फुटबलमा धेरै अविश्वसनीय नतिजा निस्किए। विश्व फुटबलका परम्परागत शक्ति मानिएका टिमहरू एकपछि अर्को गर्दै घर फर्किए। कमजोर मानिएका टिमले उत्कृष्ट प्रदर्शन गरे। कठिन प्रतिस्पर्धा र अविश्वसनीय नतिजाले विश्वकप फुटबल रोमाञ्चक रह्यो।

अघिल्लो संस्करणका विजेता इटाली र उपविजेता फ्रान्स पहिलो चरणबाटै घर फर्किए। दुवै टिमले एउटै खेल पनि जितेन। उनीहरूको असफलताको कारण कमजोर प्रदर्शन मात्र होइन, प्रतिद्वन्द्वीको बढेको स्तर पनि हो। इटालीलाई अन्तिम खेलमा स्लोभाकियाले ३-२ ले हरायो। आन्तरिक समस्याबाट गुज्रिरहेको फ्रान्सले मेक्सिको र दक्षिण अफ्रिकासामु घुँडा टेक्यो।

विश्वकपको पूर्वसन्ध्यामा उपाधिका प्रमुख दाबेदार ब्राजिललाई नेदरल्यान्डसले क्वाटरफाइनलमै २-१ ले रोक्यो। त्यसमा ब्राजिलियन टिमको प्रदर्शन बिर्सनलायक पनि भन्न मिल्दैन, तर खेलाडीको अनुशासनहिनताले पराकाष्ठा नाघेको थियो। पोर्चुगल पनि अन्तिम-१६ भन्दा माथि उक्लन सकेन।

इंग्ल्यान्डको प्रदर्शन सम्झनलायक रहेन। मुस्किलले स्लोभेनियालाई हराएर समूह चरण पार गरेको इंग्ल्यान्डलाई चिरपरिचित प्रतिद्वन्द्वी जर्मनीले ४-१ को नमिठो हार चखायो। अर्जेन्टिनाले पनि जर्मनीसँग ४-० को अन्तरले हार्ने कुरा सोचेको थिएन। यो विश्वकपमा नहारेको टोली हो, न्युजिल्यान्ड। न्युजिल्यान्डले समूहका तीनवटै खेल बराबरीमा टुंग्याएको थियो। तैपनि ऊ नकआउट चरणमा प्रवेश गर्न सकेन।

तेस्रो स्थानमा विश्वकप टुंग्याए पनि जर्मनीले समूहको दोस्रो खेलमा सर्बियासँग १-० को अनपेक्षित हार बेहोर्‍यो। सन् १९८६ यता समूह चरणमा जर्मनी हारेको यो पहिलोपल्ट हो। रहस्यमय मानिएको उत्तर कोरियाले केही चमत्कार देखाउने अपेक्षा गरिएको थियो, तर त्यस्तो भएन। सबैभन्दा ठूलो ७-० गोल अन्तरको हार बेहोर्ने देशका रूपमा उसको परिचय बन्यो।

उरुग्वे अन्तिम चारसम्म पुग्ने कसैले सोचेका थिएनन्। उरुग्वेले ४० वर्षपछि सेमिफाइनल खेल्यो। प्ले-अफमा कोस्टारिकालाई हराएर उरुग्वे विश्वकपमा छनोट भएको थियो। जर्मनी पनि नियमित कप्तान/प्लेमेकर माइकल बालाक र थप चार खेलाडीलाई चोटका कारण घरमै छाडेर दक्षिण अफ्रिका पुगेको थियो, तर २१ वर्षमुनिका आधा दर्जन खेलाडीले परिपक्व खेल प्रदर्शन गरेपछि जर्मनीले पनि अविश्वसनीय रूपमा महारथीहरूलाई ठूलो अन्तरले हराएर विश्वकपमा तेस्रो स्थान हात पार्‍यो।

उरुग्वेका लुइस सुआरेजले अन्तिम सेकेन्डमा हातले बल नरोकेको भए घाना सेमिफाइनल पुग्ने पहिलो अफ्रिकी टिम हुने थियो। समूह चरण पार गर्ने एक्लो अफ्रिकी देशघानाले उत्कृष्ट प्रदर्शन गर्दै विश्वकपमा सबैको मन जित्यो। जापान र दक्षिण कोरियाले पनि विश्व फुटबलमा राम्रो टिमका रूपमा आफूलाई उभ्याए। उत्कृष्ट खेल देखाउँदै उनीहरूले घरबाहिर पहिलोपल्ट नकआउट चरणको यात्रा गरे।

यो विश्वकपमा दबदबा भने युरोप र दक्षिण अमेरिकी टिमकै रह्यो। समूह चरण र दोस्रो चरणसम्म दक्षिण अमेरिकी टिमको आधिपत्य थियो। दक्षिण अमेरिकाका पाँचै प्रतिनिधि अन्तिम-१६ मा पुगे। चिली ब्राजिलविरुद्धको खेलमा रोकियो भने क्वाटरफाइनलका आठमध्ये चार टिम दक्षिण अमेरिकी थिए। त्यसमा युरोपमा तीन र अफ्रिकाका एक टिम थिए।

क्वाटरफाइनलमा युरोपेली टिमको भाग्य चम्कियो। तीनवटै टिम अन्तिम चारमा पुगे। दक्षिण अमेरिकी टिमको प्रतिनिधि उरुग्वे मात्र रह्यो। ब्राजिल, पाराग्वे र अर्जेन्टिना अन्तिम आठभन्दा माथि उक्लन नसकेपछि दक्षिण अमेरिकीहरूका लागि यो विश्वकप दुर्भाग्यपूर्ण यात्रामा परिणत भयो। फाइनलमा स्पेन र नेदरल्यान्डसको भेटले नै दसौंपल्ट युरोपेली टिम विश्वविजेता बन्ने पक्का भैसकेको थियो।

## • तालुमा आलु •



प्रकाश ओझा

एउटा मानिस हुलाक गयो र भन्यो– 'यो चिठी आज मैले हालें भने दुई दिनमा विराटनगर पुग्छ।'

'दुई दिन किन ? एक दिनमै पुग्छ,' हुलाकीले भन्यो

'मेरो विचारमा दस दिनमा पनि पुग्दैन।'

'किन ?'

'मैले यसमा धरानको ठेगाना लेखेको छु।'

०००

एउटा व्यक्ति टेन्सनमा यताउता हेर्दै उभिएको थियो....

'के भयो ?' एउटा परिचित आएर सोध्यो।

'पर्स हरायो।'

'ए त्यसो भए तिमीले पर्स खोजेको ?'

'होइन...त्यो त मेरो भाइले भेटिसक्यो।'

'अनि फेरि के खोजेको त ?'

'भाइ खोजेको ?'

०००

ट्राफिकले गाडी रोक्यो र लाइसेन्स माग्यो। ड्राइभरले लाइसेन्स निकाल्यो र देखायो। ट्राफिकले लाइसेन्स हेर्‍यो र भन्यो– 'धन्न रहेछ जानुस् नभएको भए देखाउनुपर्थ्यो।'

०००

एउटा मानिसले चुरोट सल्काउन सलाई झिक्यो र कोर्‍यो। काँटी बलेन फालिदियो, अर्को काँटी झिक्यो र कोर्‍यो। त्यो पनि बलेन र फालिदियो। यसरी नै उसले धेरै काँटी कोर्दै गयो, नबलेपछि फालिदियो। अन्त्यमा एउटा काँटी बल्यो तुरुन्त बलेको काँटीलाई फुकेर निभायो र भन्यो- 'यो काँटीचैं बल्ने खालको रहेछ, यसलाई जोगाएर राख्छु।' उसले त्यो काँटी डिब्बाभित्र राख्यो।

०००

'नेपालमा कुनै खेल मन पराइन्छ भने त्यो फुटबल हो', एउटा युवक साथीसँग भन्दै थियो– 'मैले यो खेलबाट दाम नकमाए पनि नाम भने धेरै कमाएको छु। अस्ति दुई साता अघि फुटबल खेल्न विराटनगर जाँदा एयरपोर्टमा मलाई स्वागत गर्न हजारौं मानिस थिए। सबैले करतलध्वनिका साथ ताली बजाएर स्वागत गरे।'

'तँलाई ?' साथीले छक्क पर्दै सोध्यो- 'तेरो स्वागत गरे ? अचम्म।'

'हो, मेरो स्वागत गरे,' युवकले गर्व साथ भन्यो- 'तँलाई विश्वास लाग्दैन भने गएर राजेश हमालसँग सोध, जो मेरो छेउमा हुनुहुन्थ्यो।'

०००

'मैले जुन युवतीसँग विवाह गरें नि उसलाई मैले पत्रिकामा विवाहको विज्ञापनमार्फत विवाह गरेको हुँ।'

'अनि के त ?' साथीले सोध्यो।

'म जब-जब पत्रिका पढ्छु ऊ म उसलाई धोका दिन खोज्दैछु भन्ने सोच्छे।'

०००

## • कविता •

### मन मेरो आधी भयो



फुल्न खोजें तिमीसँग, पतझर बने बगैंचाहरू
भुल्न खोजें वर्तमानसँग, बल्झिदिन्छन् अतीतहरू
डुल्न खोजें तिमीसँग, संकुचित रहेछन् समयहरू
रम्न खोजे तिमीसँग, निष्ठुरी रहेछन् ती पलहरू
आँखाभित्र राखिरहें, आँसु बनी बग्यौ तिमी
फूल भनी टिप्न खोजें, काँडा बनी बिझायौ पनि
चन्द्रजस्तै उदाउँथें तिम्रो साथ पाउँदाखेरि
ग्रहण बनी छोपिदियौ मेरो जीवन सधैंभरि
आशा मेरो फुल्यो आफैं ओइलाएर झरी गयो
तिम्रो साथ नपाउँदा मन मेरो आधी भयो।

रीमा उप्रेती

### कहिले होला ?

तिम्रो खाली सिउँदोमा सिन्दूर घस्ने कहिले होला ?
अब हामी दुईको घरबार बस्ने कहिले होला ?
तिमीलाई देखेदेखि अन्त मन डुल्या छैन
दुईटै मनलाई गाँठो पारी माया कस्ने कहिले होला ?
जति हेर्छु तिम्रो मुहार अघाउन्न कसैगरी
सधैं मुहार देखाउन घरमा पस्ने कहिले होला ?
कुरा गरी प्रणयका बस्न पाए दुवैजना
मीठामीठा कुरा गरी प्रेममा खस्ने कहिले होला ?
रातभरि सपना पनि तिमी सामु भा'को देख्छु
त्यै सपनाको संसार जस्तै सँगै बस्ने कहिले होला ?

प्रकाश खतिवडा

### चाहिँदैन मलाई

दुःखैदुःखको जिन्दगी हो
आँसुले कसैलाई नभिजाइदिनु
आशैआशको जिन्दगी हो
बीचमै कसैलाई न छुटाइदिनु
बगरको यात्री हुँ म
चाहिँदैन मलाई हिमाली छहरा
एक्लै यात्रा गरिदिन्छु
चाहिँदैन मलाई स्वार्थीको सहारा।

सुजिता पौडेल

### आऊ न आऊ माया

आऊ न आऊ माया
तिम्रै पर्खाइमा छन् यी आँखा
गाऊ न गाऊ माया
तिम्रै लाग्छ मीठो भाका
रोदन छ छातीभित्र
न छन् कोही साथी मित्र
आऊ न आऊ माया
न्यानो मायाका साथ बास बस
यो दुःखीको मुटुभित्र।


केशवराज जोशी

### कुन बाटो रोजौं

मुसुक्क मुस्कुराउँछे मलाई हेर्दै गीता पनि
नजिकै आउँछे सधैं त्यो मोरी रीता पनि
बाल्यकाल गुजार्दै चढेछ कि बैंस कतै
माया-प्रेम गासौं भन्छे हिस्सी परेकी सीता पनि
नराम्री त होइन मोरी, उत्ताउली पो हो कि
अँगालोमा बाँध भन्छे लाजै पचाई नीता पनि
कुन बाटो रोज्ने होला देख्दा सबै उस्तै
झिमझिम पार्छे परेली मलाई हेर्दै अस्मिता पनि
माया-प्रेम दुःख मात्रै बरु झ्याप्पै आँटम
भन्छे डोली ल्याऊ राजा काली अंकिता पनि।

सौगात मिश्र

## • लघुकथा •



### गुरु दक्षिणा

एसएलसी परीक्षाको अन्तिम दिन। परीक्षा सुरु भयो। एउटा विद्यार्थीले केही समयपछि नै चिट सार्न थाल्यो। त्यो देखेर गार्ड बसेका शिक्षकले चिट मागे। हट्टा-कट्टा विद्यार्थीले चिट दिन मानेन। शिक्षकले पनि आवेशमा नआई भने, 'हेर म शिक्षक हुँ, तिमी विद्यार्थी। यो चिट तिमीले गुरुदक्षिणा सम्झेर पनि दिनुपर्छ।' यति सम्वादपछि सबैको ध्यान उनीहरूतिर आकृष्ट भयो। विद्यार्थीले मन अमिलो पार्दै चिट फर्कायो।


परीक्षा सकियो। चिट चोर्ने विद्यार्थी शिक्षकलाई पर्खेर बस्यो। केही क्षणपछि चिट माग्ने शिक्षक पनि बाहिर निस्किए। विद्यार्थीले शिक्षकलाई बोलाएर भन्यो, 'सर अघि तपाईंले माग्नुभएको गुरुदक्षिणा मलाई मन परेन। ल लिनुहोस्, मलाई मनपर्ने गुरुदक्षिणा।' यति भन्दै उसले शिक्षकको मुखमा एक मुक्का हिर्कायो। शिक्षकको नाकबाट रगत बग्न थाल्यो तर उनका पक्षमा कसैले बोलेनन्। त्यसपछि विद्यार्थीले औंलो ठड्याएर भन्यो, 'अबदेखि गुरुदक्षिणा माग्ने प्रयास नगर्नुहोला।' त्यसपछि शिक्षकको अनुहारमा निराशा व्याप्त भयो।

अगिम बनेपाली




# विश्वकपका बाहिरी सम्झनाहरु

विश्वकपलाई फुटबलको सर्वाधिक ठूलो प्रतियोगिता मानिए पनि कहिलेकाँही  मैदान बाहिरका घटनाहरूले यसलाई अझ रोमाञ्चक बनाउँछ। यसपटक दक्षिण अफ्रिकामा सम्पन्न विश्वकप प्रतियोगितामा मैदान भित्रका नतिजाहरूले दर्शकलाई जति रोमाञ्चकता दिए मैदान बाहिर भएका घटनाहरु पनि त्यति अविस्मरणीय रहे।



## भुभुजालाको भुनभुन

विश्वपमा भुभुजाला बाजाले मनोरञ्जनभन्दा आतंक सिर्जना गर्‍यो । दक्षिण अफ्रिकामा हुने अधिकांश खेलकुद प्रतियोगितामा प्रयोग हुँदै आएको भुभुजालाले विश्वकपको यो अवसरमा पर्याप्त चर्चा पायो । रंगशालामा भेला भएका अधिकांश दर्शकले एकै पटक बजाउँदा टेलिभिजनमार्फत विश्वकप हेरिरहेका दर्शकको कानले निकै सास्ती भोग्नुपर्‍यो । टेलिभिजन इन्जिनियरहरूले यो बाजाको आवाजलाई रोक्ने प्रयास गरे पनि पूर्णरूपमा सफलता भने पाउन सकेनन्।

## पेरिसको तहल्का



सेक्स टेप सार्वजनिक र जेल सजाय जस्ता कारणले चर्चामा आउने हलिउड नायिका पेरिस हिल्टन विश्वकपको समयमा पक्राउ परिन्। हिल्टन ब्राजिल र नेदरल्यान्डबीच भएको खेलपछि गाँजा सेवन गरेको अभियोगमा पक्राउ परेको प्रारम्भिक प्रहरी प्रतिवेदन आएको थियो तर पछि उनलाई शंकाका आधारमा पक्राउ गरेको जनाएर तुरुन्तै रिहा गरियो । आफ्ना प्रेमि जेनिफर रोभेरोसँग दक्षिण अफ्रिका गएकी हिल्टनको गिरफ्तारीको समाचार अन्तर्राष्ट्रिय समाचार बन्यो ।




## म्याराडोनाको खैरो सुट

रंगशालाभित्र सधैं ट्र्याक सुटमा छिर्ने म्याराडोनाले आफूलाई खैरो रंगको सुटमा प्रस्तुत गरे । दुवै नाडीमा घडी, बायाँहातमा धार्मिक माला, सेतो दाह्री तर कालो जुँगामा प्रस्तुत म्याराडोनालाई देख्नेहरू छक्कै परे । विश्वकप जित्ने मनसायका साथ दक्षिण अफ्रिका पुगेका प्रशिक्षक म्याराडोनाले गोल गर्दा व्यक्त गरेको हाउभाउ, पराजित हुँदा उनले मुहारमा देखाएको आक्रोश निकै चर्चित भयो । म्याराडोना र ब्राजिलका पेलेबीच भएको वाकयुद्धले पनि यो विश्वकपलाई अविश्मरणीय बनायो ।

## वर्ल्डकप छुन खोज्दा

जिम्मी जम्प लेखेको टिसर्ट लगाएर वर्ल्डकपको बल उचाल्न खोज्ने एक दर्शकले सुरक्षाकर्मीको मुक्का खाएका छन् । वर्ल्डकप समाप्त हुनुभन्दा एक मिनेट अघि दर्शक दीर्घाबाट सुरक्षाकर्मीलाई छक्याउँदै वर्ल्डकप उचाल्न आएका ती दर्शकलाई प्रहरीले पक्राउ गरेर १ सय ७५ पाउन्ड जरिवनासमेत गरेको छ ।

जाउमी मार्केट कोट नाम गरेका ती व्यक्तिमाथि वर्ल्डकप चोरी गर्न लागेको अभियोगमा मुद्दा दर्ता गरिएको छ। ३४ वर्षीय ती व्यक्ति सुरक्षाकर्मीको ५० मिटरको घेरालाई छक्याएर ट्रफीको नजिक पुगेका थिए । कपलाई हात लगाउने क्रममा सुरक्षाकर्मीले मुक्का प्रहार गर्दा उनी ढलेका थिए। कोटले पक्राउपछि आफूले वल्डकप ट्रफी चोरी गर्ने मनसाय नराखेको बरु त्यसलाई बोकेर उचाल्न मात्र चाहेको बताए । उनले आफूले स्पेनमा हुने फुटबल प्रतियोगितालगायत अन्य खेलकुद प्रतियोगितामा पनि यस्तै किसिमको कार्य गरे पनि पक्राउ भने नपरेको कारण विश्वकपमा पनि त्यस्तै गर्न चाहेको बताए ।




## घरको झगडा बाहिर

विश्वकप उपविजेताको हैसियतमा दक्षिण अफ्रिका पुगेको फ्रान्सले पहिलो चरणको खेलमा नराम्रो पराजय भोग्नुपर्‍यो । उरुग्वेसँगको पहिलो खेल गोलरहित बराबरीमा सकेको फ्रान्स मेक्सिकोद्वारा शून्यकाविरुद्ध २ गोलले पराजित भयो । यो नतिजा पछि खेलाडी र प्रशिक्षकबीच मनमुटाव उत्पन्न भयो । यो घटनापछि प्रशिक्षकप्रति बढी रुष्ट भएका स्ट्राइकर निकोलास एलेन्कालाई टिमबाट निष्कासन गरेर घर फर्काइयो । प्रशिक्षकको यस्तो निर्णयका विरुद्ध प्याट्रिक इभेराको नेतृत्वमा खेलाडीहरूले अभ्यास बहिष्कार गरे । लिग चरणकै अन्तिम खेलमा फ्रान्स आयोजक दक्षिण अफ्रिकाद्वारा १ गोलकाविरुद्ध २ गोलले पराजित भएर घर फर्कियो । खेलाडी र प्रशिक्षकबीचको यो विवाद यतिमै मात्र सीमित भएन। फ्रान्स पुगेर पनि उनीहरूको विवाद जारी रह्यो । फ्रेन्च सरकारले यो विषयमा हस्तक्षेप गर्ने घोषणा गरेपछि फिफाले फ्रान्सेली टिमलाई निलम्बन गर्ने चेतावनी दिएको थियो ।

## पाराग्वेकी लारिसा

विश्वकप विश्वकै सर्वाधिक लोकप्रिय खेल भएकै कारण यो खेलसँग नजोडिने कमै होलान् । रंगशालामा गएर आफ्नो टिमलाई समर्थन गर्ने दर्शक जति रहे त्योभन्दा बाहिर आफ्नै देशमा बसेर आफ्नो टिमको हौसला बढाउने दर्शकको संख्या अझ बढी रह्यो । रंगशाला बाहिर बसेर आफ्नो टिमको हौसला बढाउनेमा पाराग्वेकी मोडल लारिसा रिक्विल्मिको नाम अग्रस्थानमै आयो । विश्वकप अघि डिएगो म्याराडोनाले आफ्नो टिमले विश्वकप जिते नाङ्गै ब्यूनर्सआयर्समा दौडने कसम खाएकै शैलीमा लारिसाले पनि पाराग्वेले विश्वकप जिते आफू निवस्त्र भएर दौडने घोषणा गरेकी थिइन् । स्लिभलेस भेस्टमा स्तनको बीचमा आइफोन राखेर आफ्नो टिमको हौसला बढाइरहेका उनका तस्बिरहरू यो विश्वकपकै सर्वाधिक लोकप्रिय चियर्सगर्लका रूपमा समेत देखापर्‍यो । परागवे क्वाटरफाइनलबाटै घर फर्कनु परेका कारण लारिसाले आफ्नो बचन पूरा गर्न सकिनन् ।






# प्रशिक्षकहरूको घमन्ड तोडियो

● राजु घिसिङ

१३ पल्ट विश्वकप फुटबलको उपाधि चाखेका ब्राजिल, इटाली, अर्जेन्टिना, इङ्ल्यान्ड र फ्रान्सले दक्षिण अफ्रिकामा असफलता बेहोर्नुको कारण के हुन सक्छ ? धेरैले सोच्लान्, स्टार खेलाडीको कमजोर प्रदर्शन र महत्त्वकांक्षा । खासमा त्यसो होइन । टिम हाँक्ने प्रशिक्षक हुन्छन्, खेलको पटकथा रच्ने र दृश्यका निर्देशक पनि प्रशिक्षक हुन्छन् । त्यसैले चार पूर्वविजेता चुक्नुको मुख्य दोषी पनि प्रशिक्षक नै मानिन्छन् । ब्राजिल, इटाली, इङ्ल्यान्ड र फ्रान्सको असफलतामा देखिएको प्रशिक्षकको कमजोरी :

## डुंगा, ब्राजिल

**कमजोरी**

● विश्वकै स्टार भए पनि एसी मिलानका रोनाल्डिन्हो र एलेक्जेन्डर पाटोलाई टिममा राखेनन् । एएस रोमाका नयाँ फरवार्ड एड्रियनो र रियल म्याड्रिडका मार्सेलोप्रति पनि बेवास्ता गरे । यी चार खेलाडीले ब्राजिललाई बलियो बनाएर लक्ष्यतर्फ डोर्‍याउन सक्थे ।

● क्लब फुटबलमा खराब प्रदर्शन गरिरहेका फेलिप मेलोभन्दा उत्कृष्ट लयमा रहेका रोनाल्डिन्हो विश्वकप खेल्नका लागि योग्य थिए ।

● ब्राजिलले आफ्नो स्तर र कौशल उत्कृष्ट नभए पनि डिफेन्स भताभुंग पार्दै शारीरिक खेल र काउन्टर एट्याकमा जोड दिएको थियो । नेदरल्यान्ड्सँग खेल्नुअघि ब्राजिलले बलियो टिमको सामना गर्नुपरेन । त्यसैले डुंगाको टिमले सही दिशा लिन सकेन ।

● बेन्चका खेलाडी साह्रै कमजोर रहे । आक्रमणका सब्स्टिच्युट ग्राफिटे, निल्मर र बाप्टिस्टा विश्वकपका लागि योग्य थिएनन् । डुंगाले सही खेलाडी छनोट गरेको दाबी गरे पनि पहिलो रोजाइका ११ खेलाडीको विकल्प टिममा थिएन ।

**नतिजा**

अन्तिम आठमै ब्राजिल नेदरल्यान्डसँग २-१ ले हार्‍यो । उसले ब्राजिलीयन शैलीको स्वाभाविक खेल पनि देखाउन सकेन ।





## डिएगो म्याराडोना, अर्जेन्टिना

**कमजोरी**

● बार्सिलोनाका प्लेमेकर लियोनल मेसीमा अत्यधिक भरोसा गरे । त्यो म्याराडोनाको ठूलो भूल थियो । 'टिम गेम' मा कहिल्यै एक खेलाडीमा निर्भर हुनु हुँदैन । म्याराडोनाको मेसी मोहले उनीमाथि कुनै पनि हालतमा गोल गर्ने दबाब थियो । हरपल मेसीलाई जोड दिइएपछि अन्य खेलाडीमा निराशा उत्पन्न हुँदै गएको थियो ।

● म्याराडोना विश्व फुटबलका महान् खेलाडी हुन । उनी अहिले उत्तिकै अयोग्य प्रशिक्षक पनि ठहरिए । उनको तुच्छ बोली, उच्छृंखल व्यवहार र योग्यताको अभाव अर्जेन्टिनाका लागि घातक सिद्ध भयो । विश्वकप जित्न म्याराडोना योग्य प्रशिक्षक थिए/थिएनन्, अर्जेन्टिनाले अघि नै सोच्नुपर्थ्यो ।

● जर्मनीविरुद्ध बेहोरेको लज्जास्पद हारमा उनको रणनीति सही थिएन । सुरुमै गोल खाएपछि आक्रामक खेल्नु स्वाभाविक हो, तर त्यो स्थितिमा काउन्टर एट्याकमा प्रतिद्वन्द्वीले चुनौती दिने विषयमा उनले सोचेनन् र त्यो गल्तीको फाइदा उठाउँदै जर्मनीले गोलमाथि गोल थप्यो । राम्रो खेल्न नसकेका खेलाडीलाई परिवर्तन गर्नुपर्छ । त्यसमा पनि म्याराडोना चुके । प्रभाव देखाउन असफल खेलाडीलाई पनि उनले मैदानमा राखिरहे । वाल्टर सामुयलजस्ता अनुभवी र उच्च लयमा रहेका खेलाडीलाई भने खेलाएनन् ।

● म्याराडोनाले सन्तुलित टिम चयन गरेनन् । फरवार्ड र मिडफिल्डमा राम्रा खेलाडी रहे पनि डिफेन्स र गोलकिपरको छनोट सही थिएन । विश्वकप छनोटमा पनि म्याराडोनाले सयभन्दा धेरै खेलाडी प्रयोग गरेका थिए । राम्रा प्रशिक्षकले सन्तुलित र सीमित खेलाडी छान्छन् । त्यसैले पहिलोपल्ट प्रशिक्षक भएका म्याराडोना खेलाडीको प्रतिभा पहिचान गर्नबाट चुके ।

**नतिजा**

अर्जेन्टिना क्वाटरफाइनलमा जर्मनीसँग ४-० को फराकिलो अन्तरले पराजित भयो । ३० वर्षअघि नेदरल्यान्डसँग ४-० ले हारेयता अर्जेन्टिनाका लागि यो नतिजा विश्वकपमा सर्वाधिक खराब हो ।

## सर्वाधिक 'म्यान अफ दि म्याच'

**४ पटक**

वेस्ले स्नाइडर (नेदरल्यान्ड)

**३ पटक**

केइसुकि होन्डा (जापान), क्रिस्टियानो रोनाल्डो (पोर्चुगल), डिएगो फोर्लान (उरुग्वे), आन्द्रेस इनिस्टा (स्पेन)

**२ पटक**

भिन्सेन्ट इनिमा (नाइजेरिया), पार्क जी सुन (दक्षिण कोरिया), ल्यान्डन डोनोभान (अमेरिका), रोबर्ट भिटेक (स्लोभाकिया), आसामोह ज्ञान (घाना), लुइस स्वारेज (उरुग्वे), थोमस मुलर (जर्मनी), जाभी (स्पेन)

**हार र जित**

**सर्वाधिक जित्ने टिम–** नेदरल्यान्ड र स्पेन ६-६ खेल

**एउटै खेल नजित्ने टिम–** अल्जेरिया, क्यामरुन, फ्रान्स, होन्डुरस, इटाली, उत्तर कोरिया, न्युजिल्यान्ड र नाइजेरिया

**सर्वाधिक पराजित –** क्यामरुन र उत्तर कोरिया ३ पटक

**कम पराजित–** न्युजिल्यान्ड र नेदरल्यान्ड (०)

**सर्वाधिक बराबरी–** न्युजिल्यान्ड र पराग्वे (३)

**कम ड्र गर्ने टिम–** अर्जेन्टिना, क्यामरुन, चिली, डेनमार्क, जर्मनी, ग्रिस, उत्तर कोरिया, नेदरल्यान्ड, सर्बिया, स्पेन (०)

**९ अंक हासिल गर्ने टिम–** अर्जेन्टिना र नेदरल्यान्ड

**० अंक हासिल गर्ने टिम–** क्यामरुन र उत्तर कोरिया

## रेमन्ड डोमेनेक, फ्रान्स

**कमजोरी**

● डुंगा र लिप्पीले जस्तै डोमेनेकले पनि आफूले मन पराएका २३ खेलाडी छानेका थिए । टिमका कमजोर खेलाडीभन्दा उत्कृष्ट करिम बेन्जेमा र समिर नसरीलाई घर फर्काए । जर्सी नम्बर १० सिड्नी गोभाउलाई दिइएको थियो, तर उनको जिम्मेवारीमा टिम अघि बढ्न सकेन ।

● सिरी 'ए' लिग खेल्ने फ्रान्सेली खेलाडीलाई डोमेनेकले बेवास्ता गरे । फियोरेन्टिनाका सेबास्टिन फ्रेइ फ्रान्सका सर्वोत्कृष्ट गोलकिपर हुन् । उनलाई अवसर दिइएन । नियमित रूपमा क्लबमा अवसर नपाएका रोमाका फिलिप मेक्सेसलाई, सेन्टरब्याकमा उतारिएको थियो ।



● दुई डिफेन्सिभ मिडफिल्डर सही रणनीति र राम्रो लयमा कहिल्यै थिएनन् । डोमेनेकको यस्तो शैली सर्वत्र आलोचित छ । खेलाडी परिवर्तनमा पनि उनको निर्णयलाई सही मानिएन ।

● ड्रेसिङ रुमको वातावरणसमेत तनावपूर्ण रह्यो । खराब नतिजा बेहोरेकाले टिमका आधा खेलाडी डोमेनेकको चरित्र र व्यक्तित्व मन पराउँदैनथे, सम्मान गर्दैनथे । सञ्चारमाध्यमसँग बोलेकाले डोमेनेकले फ्लोरेन्ट मलोउडा र विलियम गालाससँग झगडा नै गरे । कप्तान प्याट्रिस एभरालाई अन्तिम खेलमा बाहिरै राखे । अपशब्द प्रयोग गर्दै गाली गरेका निकोलस एनेल्कालाई घर फर्काए ।

**नतिजा**

बलियो नमानिएका उरुग्वे, मेक्सिको र दक्षिण अफ्रिका सम्मिलित समूहबाट पनि फ्रान्सले अन्तिम-१६ मा स्थान बनाउन सकेन । एक गोल मात्र गरेको फ्रान्सले एक अंक मात्र जोड्यो र समूहको अन्तिम स्थानमा रहदै घर फर्कियो ।

## मार्सेलो लिप्पी, इटाली



**कमजोरी**

● लिप्पीको निर्णयमा राजनीति हाबी थियो । उनले व्यक्तिगत कारणले एन्टोनियो कासानोलाई टिममा राखेनन् । लुसियनो मोज्जविरुद्ध लागेकाले पालेर्मोका फाब्रिजियो मिकोलीका सम्बन्धमा पनि सोचेनन् । चार वर्षअघिको आत्मीयताका आधारमा ६२ वर्षे लिप्पीले रिनो गटुसोजस्ता खेलाडीलाई चुने ।

● लिप्पीले खेलाडीसँग व्यक्तिगत सम्बन्ध बढाएनन् । त्यसले खेलाडीको कौशल र प्रविधि एवं योग्यताको विकास भएन । उनले शक्ति, शरीर र संख्यामा मात्रै जोड दिए । घाइते आन्द्रे पिर्लोलाई पनि टिममा राखे । तैपनि निर्णायक खेलमा उनलाई खेलाइएन । कासानो, मिकोली, फ्रान्सेस्को टोट्टी र मारियो बालोटेलीजस्ता उच्चकोटीका फरवार्डप्रति बेवास्ता गरे । त्यो फुटबलविरुद्धको अपराध हो । उनीहरू इटालीलाई अघि बढाउन योग्य थिए ।

● नयाँ खेलाडी ल्याउन र स्थापित गर्न लिप्पीले दुई वर्ष समय पाएका थिए । विश्वकप छनोट र २००९ को कन्फेडेरेसन्स कपको असफलता लिप्पीका लागि टिममा परिवर्तन ल्याउने राम्रो अवसर भयो, तर उनले सधैं युवा खेलाडीप्रति बेवास्ता गरे ।

● दोस्रोपल्ट राष्ट्रिय टिम सम्हाल्दा लिप्पीको ४-३-३ को रणनीति धेरैपल्ट असफल रह्यो । लगातार लामो समय त्यो रणनीति पछ्याउनु उनको अज्ञानता हो । विश्वकप लामो समयपछि आउँछ । उनले के खेल्ने र कस्तो खेल्ने भन्ने निर्णय गर्न सकेनन् ।

**नतिजा**

कमजोर प्रतिद्वन्द्वी पाराग्वे, स्लोभाकिया र न्युजिल्यान्डको समूहमा पनि पुच्छरमा रहँदै इटाली घर फर्कियो । दुई अंक जोडेको इटालीले एउटै खेल पनि जितेन ।

## फाबियो कपेलो, इङ्ल्यान्ड



**कमजोरी**

● विश्वकप छनोटमा ४-२-३-१ को रणनीतिमा निकै प्रभावशाली देखिएको इङ्ल्यान्ड फेरि ४-४-२ को पुरानै लयमा फर्कियो । त्यसमा एक जना खेलाडीले मात्र राम्रो खेले । स्टेभेन जेरार्ड र फ्रान्क लाम्पार्डको संयोजन भएन । यस्तो शैलीमा जर्मनीजस्तो उत्कृष्ट प्रतिद्वन्द्वीले जमेर खेल्ने मौका पाउँछ । सेन्टर-ब्याकमा पनि ढिलो खेल्ने दुई खेलाडी राखिएका थिए ।

● खेलाडीहरू पोजिसनमा थिएनन् । चार मिडफिल्डरमध्ये जेरार्डलाई प्रभाव नदेखिने बायाँ साइडबाट खेलाइएको थियो । यस्तो स्थितिमा टिम असन्तुलित भयो । दायाँ साइडका विङ्गर आरोन लेनोन र सन राइट फिलिप्सलाई पनि बायाँतर्फ खेलाइएको थियो । कपेलोले खेलाडीलाई क्लबकै पोजिसनमा उपयोग गरेनन् ।

● स्तरभन्दा संख्यामा जोड दिइयो । इङ्ल्यान्डमा धेरै प्रतिभाशाली खेलाडी छन् । जो कोललाई हटाएर जर्मनीविरुद्ध जेम्स मिल्नरलाई छनोट गरेको सार्वजनिक घोषणा पनि सही ठहरिएन ।

● क्लब फुटबल, विशेषतः लिगमा कपेलो आर्मीका सर्जेन्ट अनुशासनमा कठोर देखिन्थे । विश्वकपजस्ता ठूला प्रतियोगितामा सुन्दर खेल धेरै महत्त्वपूर्ण हुन्छ । नकआउट फुटबलको विशेषता इंग्ल्यान्डले कहिल्यै जानेन । उनकै सैन्य संरचना पनि दक्षिण अफ्रिकी मैदानमा काम लागेन ।

**नतिजा**

कमजोर टिमहरू अमेरिका, स्लोभेनिया र अल्जेरिया सम्मिलित समूहबाट दोस्रो चरणमा छनौट हुन पनि इङ्ल्यान्डले कडा संघर्ष गर्नुपर्‍यो । एक मात्र खेल जितेको इंग्ल्यान्डले दोस्रो चरणमा जर्मनीसँग ४-१ को नमीठो हार बेहोर्‍यो ।




# विश्वकपका उत्कृष्ट खेलाडीहरू



## थोमस मुलर (गोल्डेन बुट)

जर्मनीले यसपटक सबैभन्दा कम उमेरका खेलाडीलाई मैदानमा उतार्‍यो । विश्वकप जित्ने महत्त्वाकांक्षा राखेर दक्षिण अफ्रिका पुगेको जर्मनीले सोचेअनुरूप सफलता पाउँदै गए पनि तेस्रो स्थानमा चित्त बुझाउनुपर्‍यो । जर्मनीलाई तेस्रो स्थान दिलाउने क्रममा थोमस मुलरको योगदान अतुलनीय रह्यो । भर्खर २० वर्षको उमेरमा दौडिरहेका मुलरले जर्मनीलाई तेस्रो स्थान दिलाउने क्रममा सर्वाधिक ५ गोल गरेका थिए । हुनत यो विश्वकपमा मुलरले जत्तिकै ५ गोल स्पेनका डेभिड भिल्ला, उरुग्वेका डिएगो फोर्लान तथा नेदरल्यान्डका वेस्ले स्नाइडरले पनि गरेका थिए । यद्यपि मुलरले गोलमा बराबरी गरे पनि गोल गर्नका लागि तीन पटक आफ्ना साथीहरूलाई सहयोग गरेका थिए । यही सहयोगले उनलाई गोल्डेन बुटको हकदारसमेत बनायो ।

जर्मनीको ब्रायन म्युनिख क्लबबाट मिडफिल्डर र फरवार्ड पोजिसनबाट खेल्ने मुलरले यो विश्वकपको पहिलो चरणमा अस्ट्रेलियाविरुद्ध जित हात पार्ने क्रममा १ गोल मात्र गरेका थिए । नकआउट चरणमा पुगेपछि भने उनी चम्किए । विश्वकप जित्ने महत्त्वकांक्षाका साथ दक्षिण अफ्रिका पुगेको इंग्ल्यान्डलाई १ का विरुद्ध ४ गोलले पराजित गर्ने क्रममा मुलरले २ गोल गरेका थिए । विश्वकप जित्ने महत्त्वाकांक्षा राख्ने अर्को टिम अर्जेन्टिनालाई शून्यका विरुद्ध ४ गोलले पराजित गर्ने क्रममा मुलरले १ गोल गरेका थिए । सेमिफाइनलमा जर्मनीले कुनै गोल नगरेपछि तेस्रो स्थानका लागि भएको खेलमा उनले जर्मनीका तर्फबाट १ गोल गरेर आफ्नो टिमलाई रित्तो हात घर फर्कन दिएनन् । त्यसबाहेक थोमस मुलरले फिफाका विश्वकपका बेस्ट योङ प्लेयरको उपाधि पनि हात पारे । यो प्रतियोगितामा सिल्भर बुट स्पेनका डेभिड भिल्लाले र ब्रन्ज बुट नेदरल्यान्डका वेस्ले स्नाइडरले हात पारे ।



## डिएगो फोर्लान (गोल्डेन बल)

पाब्लो फोर्लानले सन् १९६६ र १९७४ को विश्वकप उरुग्वेले खेलेको दृश्य डिएगो फोर्लानले धेरै वर्षपछि मात्र टेलिभिजनमा हेरे । आफ्ना बुबाले फुटबल खेलेको देखेर डिएगोले पनि फुटबललाई नै माया गरे । बुबाको पदचिह्न पच्छ्याएकै कारण उनी उरुग्वेका लागि मात्र नभएर विश्वकै फुटबलमा चर्चित फुटबलर हुन सफल भएका छन् ।

दक्षिण अफ्रिकामा सम्पन्न १९ औं विश्वकपमा डिएगोले आफ्नो नशामा फुटबलको बगिरहेको प्रमाणित गर्दै यसपटक आफूलाई सर्वोकृष्ट खेलाडीका रूपमा प्रस्तुत गरे । सन् २००२ को विश्वकपमा पहिलो चरणबाट बाहिरिने क्रममा पनि डिएगोले आफ्नो प्रतिभा देखाएका थिए । प्ले अफ खेलमा कोस्टारिकालाई पराजित गरेर फाइनलको सिट सुरक्षित गरेको उरुग्वे तुलनात्मक रूपमा कमजोर मानिएको थियो । पहिलो चरणबाटै बाहिरिने अनुमान गरिएको उरुग्वेले पहिलो खेलमा सन् २००६ को विश्वकपको उपविजेता फ्रान्ससँग बराबरी खेलेको थियो । दोस्रो खेलमा आयोजक दक्षिण अफ्रिकालाई शून्यका विरुद्ध ३ गोलले पराजित गर्दा डिएगोले २ गोल गरेका थिए । प्रि-क्वाटरफाइनलमा उत्कृष्ट खेल प्रदर्शन गरे पनि गोल गर्न नसकेका डिएगोले क्वाटरफाइनलमा घानाविरुद्ध १ गोल गरेर खेललाई पेनाल्टी पुर्‍याएका थिए, जसमा उनको पनि पेनाल्टी गोलको मद्दतले उरुग्वेले सेमिफाइनलको यात्रा सुनिश्चित गरेको थियो । सेमिफाइनलमा नेदरल्यान्डसँग पराजित हुने क्रममा पनि उनले १ गोल गरेका थिए भने टिमलाई गोलका अवसर पनि सिर्जना गरे । तेस्रो स्थानका लागि भएको खेलमा उनले ५१ औं मिनेटमा गरेको गोलले उरुग्वेलाई केही समय अग्रतासमेत दिलाएको थियो ।

सन् २००२ देखि अन्तर्राष्ट्रिय खेलकुदमा प्रवेश गरेका डिएगो फोर्लान अहिले स्पेनको एट्लेटिको मेड्रिड क्लबसँग आबद्ध छन् । अर्जेन्टिनाकी फेसन मोडल जइरा नारासँग प्रेम गरिरहेका डिएगोले सन् २००९ मा एक म्युजिक भिडियोमा अभिनयसमेत गरेका थिए । यो प्रतियोगितामा सिल्भर बल नेदरल्यान्डका वेस्ले स्नाइडर र ब्रन्ज बल स्पेनका डेभिड भिल्लाले पाए ।

## इकर कासिलास (गोल्डेन ग्लोब)



लिग चरणको पहिलो खेलमा स्पेन स्वीजरल्यान्डबाट पराजित भएपछि इंग्ल्यान्डका सञ्चारमाध्यमले इकरको खिल्ली नै उडाए । स्पेनिस टेलिभिजन च्यानलका तर्फबाट स्पोर्ट्स रिर्पोटिङ गर्न दक्षिण अफ्रिका पुगेकी प्रेमिका सारा कार्बोनेरोतर्फ ध्यान दिएका कारण युरोपियन च्याम्पियन स्पेन पराजित भएको बेलायती पत्रपत्रिकाका दाबी थियो । इंग्ल्यान्डका सञ्चारमाध्यमको यो चर्चाले त्यो समयमा दुई देशबीच विवाद उत्पन्न गराए पनि इकरले आफूलाई निखार्दै लगे, जसका कारण स्पेनले त्यसपछिका कुनै पनि खेलमा पराजित हुनुपरेन ।

लिग चरण पार गरेपछि इगर पोर्चुगलको आक्रमण रोक्न सफल भए, जसका कारण नतिजा शून्यका विरुद्ध १ मा समाप्त भयो । त्यसपछि क्वाटरफाइनलमा स्पेनले पाराग्वेलाई शून्यका विरुद्ध १ गोलले पराजित गर्‍यो भने सेमिफाइनलमा जर्मनीलाई पनि त्यही गोल अन्तरमा पराजित गर्‍यो । विश्वकप पहिलो पटक उचाल्ने क्रममा स्पेनले त्यही गोल अन्तरलाई दोहोर्‍यायो । पूर्वसोभियत संघका महान् गोलकिपर लेभ यासिनको सम्झनामा फिफाले सन् १९९४ को विश्वकपदेखि दिँदै आएको यासिन पुरस्कारलाई यसपटक परिवर्तन गरेर गोल्डेन ग्लोब एवार्डमा परिणत गर्‍यो, जसको पहिलो हकदार इकर भए ।

स्पेनको रियल म्याड्रिडका इगरले यसपटक स्पेनको कप्तानी पद पनि सम्हालेका थिए । एक कप्तानका रूपमा उनले आफ्नो भूमिका राम्रोसँग निर्वाह गरे भने विश्वकपमार्फत आफ्नो प्रेम विश्वसामु प्रस्तुतसमेत गरे । फाइनल खेल जितेपछि स्पोर्ट्स जर्नलिस्ट साराले टेलिभिजनका लागि लिएको अन्तर्वार्ताका क्रममा उनलाई चुम्बन गरेर इगरले आफ्नो प्रेम सार्वजनिक गरेका थिए ।

### खेल नम्बर-५७
**नेदरल्यान्डविरुद्ध ब्राजिल**

विश्वकप-२०१० को क्वाटरफाइनलको पहिलो खेलमा नेदरल्यान्डले ब्राजिललाई १ का विरुद्ध २ गोलले पराजित गरेर सेमिफाइनलमा प्रवेश गर्‍यो । यो खेलमा नेदरल्यान्डका लागि वेस्ले स्नाइडरले ५३ र ६८ औं मिनेटमा गोल गरेका थिए भने ब्राजिलका लागि रोबिन्होले १० औं मिनेटमा गोल गरेका थिए । यो खेलमा ब्राजिलका फिलिप मेलोलाई रातो कार्ड देखाइएको थियो भने ब्राजिलकै मिसेल बास्टोस तथा नेदरल्यान्डका ग्रेगोरी भान डर विल, जोन हेटिन्गा, आन्द्रे ओजर र निगेल डे जोङ्गलाई पहेंलो कार्ड देखाइएको थियो । यो खेलका लागि नेदरल्यान्डका वेस्ले स्नाइडर म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर-५८
**उरुग्वेविरुद्ध घाना**

विश्वकप-२०१० को क्वाटरफाइनलको दोस्रो खेलमा उरुग्वेले घानालाई निर्धारित समयको खेल १-१ गोलको बराबरीमा टुङ्गिँदा टाइब्रेकरका आधारमा २ का विरुद्ध ४ गोलले पराजित गरेर सेमिफाइनलमा प्रवेश गर्‍यो । यो खेलमा उरुग्वेका लागि डिएगो फोर्लानले ५५ औं मिनेटमा र घानाका लागि सुलेमान मुन्तरीले पहिलो हाफको अतिरिक्त समयमा गोल गरेका थिए । यो खेलमा उरुग्वेका लुइस स्वारेजलाई रातो कार्ड देखाइएको थियो भने उरुग्वेकै जर्ज फुसिल, डिएगो पेरेज र जिडियो रेभालो तथा घानाका जोन पेन्टसिल, जोन मेन्सा र हान्स सार्पेइलाई पहेलो कार्ड देखाइएको थियो । यो खेलका लागि उरुग्वेका डिएगो फोर्लान म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर-५९
**अर्जेन्टिनाविरुद्ध जर्मनी**

विश्वकप-२०१० को क्वाटरफाइनलको तेस्रो खेलमा जर्मनीले अर्जेन्टिनालाई शून्यका विरुद्ध ४ गोलले पराजित गरेर सेमिफाइनलमा प्रवेश गर्‍यो । यो खेलमा जर्मनीका लागि मिरोस्लाभ क्लोसले ६८ र ८९ औं मिनेटमा, थोमस मुलरले तेस्रो मिनेटमा र आर्ने फ्रेडरिकले ७४ औं मिनेटमा गोल गरेका थिए । यो खेलमा अर्जेन्टिनाका निकोलास ओटामेन्डी र जाभियर मास्चेरानो तथा जर्मनीका थोमस मुलरलाई पहेंलो कार्ड देखाइएको थियो । यो खेलका लागि जर्मनीका बास्टियन स्वेनस्टेगर म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर-६०
**पाराग्वेविरुद्ध स्पेन**

विश्वकप-२०१० को क्वाटरफाइनलको चौथो खेलमा स्पेनले पाराग्वेलाई शुन्यका विरुद्ध १ गोलले पराजित गरेर सेमिफाइनलमा प्रवेश गर्‍यो । यो खेलमा स्पेनका लागि एकमात्र गोल डेभिड भिल्लाले ८३ औं मिनेटमा गरेका थिए । यो खेलमा पाराग्वेका एन्टोलिन अल्कारेज, क्लाउडियो मोरेन, भिक्टर कासेरस, जोनाथन सान्ताना तथा स्पेनका जेरार्ड पिक र सर्जियो बास्क्वेटलाई पहेलो कार्ड देखाइएको थियो । यो खेलका लागि स्पेनका आन्द्रेस इनिस्टा म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर-६१
**उरुग्वेविरुद्ध नेदरल्यान्ड**

विश्वकप-२०१० को पहिलो सेमिफाइनलमा नेदरल्यान्डले उरुग्वेलाई २ का विरुद्ध ३ गोलले पराजित गरेर फाइनलमा प्रवेश गर्‍यो । यो खेलमा नेदरल्यान्डका जियोभानी भान ब्रोङखोस्टले १८ औं मिनेटमा, वेस्ले स्नाइडरले ७० औं मिनेटमा र आर्जेन रोबेनले ७३ औं मिनेटमा तथा उरुग्वेका डिएगो फोर्लानले ४१ औं मिनेटमा र म्याक्सि परेराले अतिरिक्त समयमा गोल गरेका थिए । यो खेलमा उरुग्वेका म्याक्सि परेरा, मार्टिन कासेरस तथा नेदरल्यान्डका खालिद बोलाहोज, मार्क भान बोमेल र वेस्ले स्नाइडरलाई पहेंलो कार्ड देखाइएको थियो । यो खेलका लागि नेदरल्यान्डका वेस्ले स्नाइडर म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर-६२
**स्पेनविरुद्ध जर्मनी**

विश्वकप-२०१० को दोस्रो सेमिफाइनलमा स्पेनले जर्मनीलाई शून्यका विरुद्ध १ गोलले पराजित गरेर फाइनलमा प्रवेश गर्‍यो । यो खेलको एकमात्र गोल ७३ औं मिनेटमा स्पेनका कार्लेस पुयोलले गरेका थिए । यो खेलका लागि स्पेनका जाभि म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर-६३
**उरुग्वेविरुद्ध जर्मनी**

विश्वकप-२०१० को तेस्रो स्थानका लागि भएको खेलमा जर्मनीले उरुग्वेलाई २ का विरुद्ध ३ गोलले पराजित गर्‍यो । यो खेलमा जर्मनीका थोमस मुलरले १९ औं मिनेटमा, मार्केल जान्सेनले ५६ औं मिनेटमा र सामी खेदिराले ८२ औं मिनेटमा तथा उरुग्वेका एडिन्सन काभानीले २८ औं मिनेटमा र डिएगो फोर्लानले ५१ औं मिनेटमा गोल गरेका थिए । यो खेलमा उरुग्वेका डिएगो पेरेज र जर्मनीका आर्ने फ्रेडरिक, डेनिस आोगो र काकाउलाई पहेंलो कार्ड देखाइएको थियो । यो खेलका लागि जर्मनीका थोमस मुलर म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर-६४
**स्पेनविरुद्ध नेदरल्यान्ड**

विश्वकप-२०१० को उपाधिका लागि भएको फाइनल खेलमा स्पेनले नेदरल्यान्डलाई शून्यका विरुद्ध १ गोलले पराजित गर्‍यो । यो खेलमा स्पेनका आन्द्रेस इनिष्टाले अतिरिक्त समयको २६ औं मिनेटमा एक मात्र तथा विजयी गोल गरेका थिए । यो खेलमा नेदरल्यान्डका जोन हेटिङ्गालाई दुई पहेंलो कार्डसहित रातो कार्ड देखाइएको थियो । त्यसैगरी यो विश्वकपमा सर्वाधिक पहेंलो कार्ड देखाइएको यो खेलमा नेदरल्यान्डका ग्रेगोरी भान डेर विल, जोरिस माथिजसेन, जियोभानी भान ब्रोन्क्रोष्ट, मार्क भान बोमेल, निजेल डे जोङ्ग, आर्जेन रोब्बेन र रोबिन भान पर्सेलाई तथा स्पेनका सार्जियो रामोस्, कार्लेस पुयोल, जोन क्यापडेभिला, जाभी र आन्द्रेस इनिष्टालाई पहेंलो कार्ड देखाइएको थियो । यो खेलका लागि स्पेनका आन्द्रेस इनिष्टा 'म्यान अफ दि म्याच' घोषित भए ।




# चलेन यिनीहरूको सिक्का



**लियोनल मेसी**

**अर्जेन्टिना**

क्लब फुटबलमा गरेको सनसनीपूर्ण प्रदर्शन लियोनल मेसीले विश्वकपमा पनि दोहोऱ्याउने धेरैको विश्वास थियो, तर उनी चम्कन सकेनन् । बार्सिलोनाका लागि गरिरहेको जादु उनले अर्जेन्टिनाका लागि गर्न सकेनन् । मेसीले आफूलाई महान् खेलाडीका रूपमा स्थापित गर्ने सुनौलो अवसर गुमाए ।

यो सिजनमा बार्सिलोनाका लागि ४७ गोल गरेका मेसीले विश्वकपमा कुनै गोल गर्न सकेनन् । २३ वर्षी यी फरवार्डको उपस्थिति जर्मनीसँग ४-० ले हारेको क्वाटरफाइनलमा शून्यसरह नै थियो । ३ सय ३७ पास खेल्दै ३० पल्ट पोस्ट आक्रमण गरे पनि उनले गोलको खाता खोल्न सकेनन् । विश्वकै सर्वाधिक पारिश्रमिक थाप्ने मेसी अन्ततः विश्वकपमा असफल भए । तैपनि उनकै पासमा अर्जेन्टिनाले १० मध्ये ८ गोल गरेको थियो ।

**क्रिस्टियानो रोनाल्डो**

**पोर्चुगल**

संसारकै सबैभन्दा महँगा खेलाडी हुन्, क्रिस्टियानो रोनाल्डो । गएको वर्ष मात्र स्पेनी क्लब रियल म्याड्रिडले उनलाई म्यानचेस्टर युनाइटेडबाट कीर्तिमान १३ करोड २० लाख अमेरिकी डलरमा अनुबन्ध गरेको थियो । घुँडाको चोटका बाबजुद पनि रियलका लागि यो सिजनमा ३३ गोल गरेकाले पनि उनले विश्वकपमा पोर्चुगललाई सफलता दिलाउने धेरैको विश्वास थियो ।

दक्षिण अफ्रिकामा उनको कुनै जादु चलेन । उनी पूर्णता फ्लप भए । चार वर्षअघि सेमिफाइनल पुगेको पोर्चुगल यसपल्ट अन्तिम-१६ बाटै घर फर्कियो । पोस्ट आक्रमण २१ पल्ट गरे पनि २५ वर्षीय रोनाल्डोको एउटा प्रहारले मात्र जाली चुम्यो । त्यो पनि उत्तर कोरियालाई ७-० ले हराएको खेलमा । बाँकी तीन खेलमा पोर्चुगलले गोल नै गर्न सकेन ।

**वायन रुनी**

**इंग्ल्यान्ड**

यो विश्वकपको सबैभन्दा खराब प्रदर्शन गरेका वायन रुनीले 'सुपर-फ्लप' का रूपमा नयाँ परिचय बनाएका छन् । म्यानचेस्टर युनाइटेडका लागि क्लब फुटबलमा देखाएको जादु उनले इंग्ल्यान्डका लागि कहिल्यै प्रस्तुत गर्न सकेका छैनन् । त्यो क्रम विश्वकपमा पनि दोहोरियो ।

बलियो शरीरका २४ वर्षीय फरवार्ड रुनी लगातार आठ अन्तर्राष्ट्रिय खेलमा गोल गर्न चुके । यस्तो तथ्यांक असफल फरवार्डको नाममा मात्र जोडिन्छ । यो सिजन म्यानचेस्टरका लागि ३४ गोल गरेकाले पनि रुनीले इंग्ल्यान्डलाई विश्वकपमा सफलता दिलाउने आशा गरिएको थियो । मैदानमै हराएजस्तो देखिएका रुनीले एकैपल्ट पनि पोस्टमा बल प्रहार गर्न सकेनन् ।

**काका**

**ब्राजिल**

विश्वकपअघि ब्राजिललाई उपाधिको प्रमुख दाबेदार मानिएको थियो । छैटौंपल्ट विश्वविजेता बन्ने ब्राजिलको योजनाको नेतृत्व काकाले गर्ने अपेक्षा गरिएको थियो, तर उनी कुनै पनि खेलमा जमेनन् । अपेक्षा गरेजस्ते प्लेमेकरको छाप उनमा कतै देखिएन ।

रियल म्याड्रिडका यी २९ वर्षीय स्टार भलाद्मी खेलाडीका रूपमा चिनिन्थे, तर यो विश्वकपमा उनको छविमा पनि कालो दाग लागेको छ । उनले निरन्तर फल खेले । उनलाई एक-एकवटा रातो र पहेंलो कार्ड देखाउन रेफ्री बाध्य भए । ब्राजिल क्वाटरफाइनलबाटै बाहिरिनुमा उनको असफलता पनि एउटा कारण हो ।

**फाबियो कानाभारो**

**इटाली**

इटालीले चार वर्षअघि चौथोपल्ट विश्वकप उपाधि जित्दाका नायक थिए, कप्तान फाबियो कानाभारो । उपाधि रक्षा गर्ने अभियानमा भने उनी खलनायकका रूपमा उभिए । उनले राष्ट्रिय टिमबाट सर्वाधिक १ सय ३६ खेल खेलेको कीर्तिमान बनाए पनि इटालीले समूह चरण पार गर्न सकेन । कानाभरोकै व्यक्तिगत गल्तीले २ गोल खाएपछि इटालीले पाराग्वे र न्युजिल्यान्डसँग बराबरी खेल्यो । अन्तिम खेलमा स्लोभाकियासँग ३-२ ले इटाली चुक्दासमेत कानाभारोले टिममा चार वर्षअघिको जस्तो ऊर्जा थप्न सकेनन् ।

**प्याट्रिस एभरा**

**फ्रान्स**

फ्रान्सेली प्रशिक्षक रेयमन्ड डोमेनेकले म्यानचेस्टर युनाइटेडका लेफ्ट-ब्याक प्याट्रिस एभराप्रति पूर्ण भरोसा गरेका थिए । त्यसैले यी २९ वर्षीय स्टारलाई उनले फ्रान्सको कप्तान बनाए, तर विभाजित फ्रान्सेली राष्ट्रिय टिमलाई यिनै एभराले संकटमा पार्ने काम गरे ।

अनुशासनहीन फरवार्ड निकोलस एनेल्काको समर्थन गर्दै अन्तिम र निर्णायक खेलअघिको प्रशिक्षण पूरै टिमलाई त्याग्न लगाएर एभराले विश्वकपमा खलनायकको भूमिका निर्वाह गरे । त्यसैले प्रशिक्षक डोमेनेक उनलाई दक्षिण अफ्रिकाविरुद्धको अन्तिम खेलमा नखेलाउने निर्णय गर्न बाध्य भएका थिए ।

**डिडियर ड्रोग्बा**

**आइभरिकोस्ट**

युरोपेली ठूला क्लबमा व्यस्त स्टार खेलाडीले भरिएको टिम लिएर आइभरिकोस्ट दक्षिण अफ्रिका पुगेको थियो । इङ्लिस क्लब चेल्सीबाट व्यावसायिक फुटबल खेल्ने डिडियर ड्रोग्बाको नेतृत्वमा ब्राजिल, पोर्चुगल र उत्तर कोरिया सम्मिलित 'ग्रुप अफ डेथ' बाट दोस्रो चरण पुग्ने विश्वास गरिएको थियो, तर ड्रोग्बाले आइभरिकोस्टका निम्ति गोल गर्ने कौशल देखाउन सकेनन् र मुलुक समूह चरणबाटै घर फर्कियो । यो सिजन चेल्सीका लागि उनले ४४ गोल गरेको स्तर विश्वकपमा कायम राख्न सकेनन् । सम्भवतः अन्तिमपल्ट विश्वकपमा सहभागी यी ३२ वर्षीय फरवार्डले १ गोल मात्र गरे । त्यस क्रममा उनले १० पल्ट पोस्टमा बल प्रहार गरेका थिए ।

**सामुएल एटो**

**क्यामरुन**

तीन खेलमा पूरै २ सय ७० मिनेट मैदानमा रहे पनि सामुयल एटोले २ गोल मात्र गरे । त्यसले क्यामरुनलाई नकआउट चरणमा पुऱ्याउन सकेन । एक पेनाल्टीको सहयोगमा गरेको गोलसँगै उनले हरियो जर्सीको ९५ खेलमा आफ्नो गोलसंख्या ४४ पुऱ्याए । उनको गोलले क्यामरुनको लगातार तीन हार टार्न सकेन ।

तेस्रोपल्ट विश्वकप खेलेर पनि २९ वर्षीय फरवार्ड एटो असफल रहे । रियल मालोर्का, बार्सिलोना र इन्टरमिलानमा जस्तै उनले विश्वकपमा गोल गर्न सकेनन् । नाइजेरियालीले उनीप्रति गरेको विश्वास खेर गएको छ ।

**ओबाफेमी मार्टिन्स**

**नाइजेरिया**

नाइजेरियाका तर्फबाट विश्वकपमा सहभागी २३ जनै खेलाडी युरोपेली क्लबहरूसँग आबद्ध छन् । स्टार फरवार्ड ओबाफेमी मार्टिन्स सबैभन्दा प्रतिभावान् हुन् । त्यसैले उनले नाइजेरियालाई विश्वकपको समूह चरण पार गराउने अपेक्षा गरिएको थियो ।

इटालीको रेजिना र इन्टरमिलान तथा इंग्ल्यान्डको न्युक्यासल युनाइटेडपछि अहिले जर्मनीको उल्फबर्गजस्ता ठूला क्लबमा जमेका २५ वर्षीय मार्टिन्सले विश्वकपमा स्वाभाविक खेल देखाउन सकेनन्, न त गोल नै गरे । त्यसैले नाइजेरिया दुई हार र एक बराबरी खेल्दै समूह चरणबाटै बाहिरिन बाध्य भयो ।

● राजु घिसिङ

---

# फेरिएको दक्षिण अफ्रिका

**हिमेशरत्न बज्राचार्य**

आलोचकहरूले कति चाँडै रंग फेर्दा रहेछन्, यसको उदाहरण विश्वकप-२०१० र दक्षिण अफ्रिका रहे । जून ११ भन्दा अघिसम्म पनि दक्षिण अफ्रिकाले सफलतापूर्वक विश्वकप आयोजना गर्नेमा शंका गर्ने धेरै थिए । अझ एक वर्षपछाडि फर्कने हो भने दक्षिण अफ्रिकालाई विश्वकप आयोजना गर्ने अवसर दिएकोमै गुनासो गर्ने पनि धेरै थिए ।

जुलाई ११ पछि ती सबै आलोचक शान्त भएका छन्, जसरी भुभुजुएला शान्त भएको कस्तीमा केही समयका लागि । बरु आलोचकहरूको मुखबाट दक्षिण अफ्रिकाका लागि प्रशंसाका शब्द निस्कन थालेका छन् । पहिलोपल्ट विश्वकप अफ्रिकी महादेशमा सम्पन्न भयो र उक्त आयोजनलाई लिएर गुनासो गर्ने कमै भए ।

स्पेन र नेदरल्यान्डबीचको फाइनलका दिन लगभग सबै दक्षिण अफ्रिकी पत्रपत्रिकाले विश्वकपको समीक्षामा आफ्ना पाना खर्च गरे । सबैको निचोड थियो, विश्वकप-२०१० को आयोजना सफल रह्यो । दक्षिण अफ्रिकामा सर्वाधिक बिक्ने पत्रिका स्टार हो र उसको त्यस दिनको पहिलो पृष्ठको शीर्षक थियो, 'हो, हामी सक्छौं ।'

अमेरिकी राष्ट्रपति बाराक ओबामाले चुनाव जितेलगतै भनेका थिए, 'एस, वि क्यान ।' बारामाको भनाइ स्टार पत्रिकाले गर्वका साथ सापटी लिएको थियो । सम्भवतः विश्वकप-२०१० लाई लिएर दक्षिण अफ्रिकी राष्ट्रपति ज्याकोब जुमाको भनाइ सर्वाधिक सटीक छ । उनले भनेका थिए, 'अब दक्षिण अफ्रिकी हुनुमा सबैलाई गर्व हुनेछ ।'

'दक्षिण अफ्रिका बाँकी विश्वका लागि अब नयाँ रहेन । प्रत्येक पुस्ताले दक्षिण अफ्रिकामा जन्मिकोमा खुसी मनाउनेछन्', राष्ट्रपतिको भनाइ थियो, 'राष्ट्रिय भावना जागृत हुनु यो विश्वकपको सर्वाधिक ठूलो उपलब्धि हो ।' हुन पछि पछिल्ला केही वर्ष दक्षिण अफ्रिकाको परिचय धेरैका लागि सकारात्मक हुन सकेको थिएन ।

दक्षिण अफ्रिका, अफ्रिकाको अत्यधिक हिंसादर भएको देश हो, त्यहाँको सार्वजनिक यातायात सेवा विश्वमै सर्वाधिक खराब छ । बलात्कार यही देशमा बढी हुन्छ, एड्स रोगी र एचआईभीबाट पीडितको संख्या यो देशमा जस्तो अरू कतै छनैन् । त्योभन्दा पनि ठूलो कुरा यो कुनै समय रंगभेदी श्वेत सरकारले चलाई रहेको देश हो ।

विश्व इतिहासमा रंगभेदी सरकार पछिल्लो समयसम्म टिकेको दक्षिण अफ्रिकामै हो । दुई दशक अघिसम्म पनि दक्षिण अफ्रिका बाँकी विश्वबाट धेरै टाढा थियो । अहिले यो दरी कम भएको छ भने केहीका लागि समाप्त समेत भएको छ । त्यसैले जुमाले पनि भन्न सके, 'अफ्रिकी महादेशमा भएको पहिलो विश्वकप कुनै अर्थमा कमजोर रहेन ।'

राष्ट्रपति जुमाको भनाइ छ, 'विश्वकप आयोजनाका लागि करोडौं डलर खर्च भयो । यसले देशमा विकासको वातावरण बन्यो । हामीले जति लगानी गऱ्यौं, त्यसको प्रतिफल पाएका छौं ।' दक्षिण अफ्रिकाले विश्वकपका लागि भनेर पाँच नयाँ रंगशाला बनाएको थियो । यस्तै पाँच अरू रंगशालाको पुनर्निर्माणसमेत गरिएको थियो ।

फाइनल भएको सकरसटीको दर्शक क्षमता ९४ हजार ५ सय छ र यो अफ्रिकाकै सर्वाधिक ठूलो फुटबल रंगशालासमेत भएको छ । विश्वकपलाई ध्यानमा राखेर दक्षिण अफ्रिकाले तीव्र गतिका रेल सेवा सुरु गऱ्यो भने राजमार्गहरू पुनर्निर्माण भए । यस्तै नयाँ विमानस्थल, बस र ट्रेन स्टेसनसमेत बनाइएका थिए ।

विश्वकपताका विदेशीले १ अर्ब १० करोड डलर खर्च गरेको अनुमान छ । दक्षिण अफ्रिकी नेताहरू भने आर्थिक पक्षभन्दा विश्वकपले देशको सामाजिक पक्षमा पुऱ्याएको योगदानलाई ठूलो मान्छन् । विश्वकपकै क्रममा धेरैले दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति नेल्सन मन्डेलालाई सम्झिए । फाइनलमा उनी देखा पनि परे ।



पूरा विश्वकपमा मन्डेलाले शान्त रहन रुचाए, किनभने विश्वकपकै पूर्वसन्ध्यामा उनका नातिको दुर्घटनामा मृत्यु भएको थियो । फेरि मन्डेला ९० वर्ष पुगिसके, उनी पहिलेजस्ता पनि रहेनन् तर विश्वकप दक्षिण अफ्रिका भित्र्याउन सर्वाधिक ठूलो भूमिका उनकै थियो । उनकै नेतृत्वमा दक्षिण अफ्रिकाले विश्वकप आयोजनाको अवसर जितेको थियो, सन् २००४ मा ।

मन्डेलाकै नेतृत्वमा दक्षिण अफ्रिका विकासतर्फ अग्रसर भएको थियो । रंगभेदी सरकारको अन्त्यसँगै उनले देशका श्वेत र अश्वेतमा कुनै भेदभाव गरेनन् । विकासको मुद्दालाई प्रमुख प्राथमिकता दिए । त्यही विकासले अन्ततः दक्षिण अफ्रिकालाई फेर्ने काम गऱ्यो । वास्तवमै विश्वकपसँगै धेरैले अनुभव गरे, फेरिएको दक्षिण अफ्रिकालाई ।





स्पेनको विजयमा खुशियाली मनाइरहेका राजधानीका समर्थकहरु

## तथ्यांकमा विश्वकप- २०१०

- १ सय ४५ गोल भयो । समूह चरणमा मात्र १ सय १ गोल भए ।
- प्रतिखेल २ दशमलव २७ को औसतमा गोल भयो ।
- एक मात्र ह्याट्रिक अर्जेन्टिनाका गोन्जालो हिग्विनले दक्षिण कोरियाविरुद्ध गरे ।
- १५ वटा पेनाल्टी किकको अवसर दिइयो, जसमा ९ वटामात्र गोल हुन सके ।
- टिमका रूपमा सर्वाधिक १६ गोल जर्मनीले गर्‍यो ।
- व्यक्तिगत रूपमा सर्वाधिक ५ गोल स्पेनका डेभिड भिल्ला, नेदरल्यान्डका वेस्ले स्नाइडर, जर्मनीका थोमस मुलर र उरुग्वेका डिएगो फोर्लानले गरे ।
- अल्जेरिया र होन्डुरसले एक गोल पनि गर्न सकेनन् ।
- उत्तर कोरियाले सर्वाधिक १२ गोल खायो ।
- पोर्चुगल र स्वीजरल्यान्डले सबैभन्दा कम १ गोल मात्र खाए ।
- सबैभन्दा बढी गोल अन्तरको खेल पोर्चुगल र उत्तर कोरियाबीच भयो । उक्त यो खेलमा पोर्चुगलले उत्तर कोरियालाई शून्यका विरुद्ध ७ गोलले पराजित गरेको थियो ।
- टिमका रूपमा स्पेन अनुशासित देखियो । स्पेनले ४ वटा खेलमा एउटै पनि कार्ड पाएन ।
- अस्ट्रेलिया, क्यामरुन, डेनमार्क, ग्रीस, इटाली, उत्तर कोरिया, नाइजेरिया, स्लोभाकिया र दक्षिण अफ्रिकाले आफूले खेलेका सबै खेलमा कार्डको सामना गरे ।
- उन्नाइसौं विश्वकपको पहिलो गोल दक्षिण अफ्रिकाका सिपिवे साबालालाले मेक्सिकोविरुद्ध गरे ।
- मेक्सिकोका जाभियर हर्नान्डेजले फ्रान्सविरुद्ध गरेको प्रतियोगिताको ३७ औं गोल फिफा विश्वकपको २ हजार १ सयौं गोल हुन पुग्यो ।
- नेदरल्यान्डका आर्जेन रोबेनले उरुग्वेविरुद्ध गरेको यो प्रतियोगिताको १ सय ३७ औं गोल फिफा विश्वकपको २ हजार २ सयौं गोल हुन पुग्यो ।
- सर्वाधिक चाँडो गोल जर्मनीका थोमस मुलरले अर्जेन्टिनाविरुद्ध खेल प्रारम्भ भएको २ मिनेट ३८ सेकेन्डमै गरे ।
- वैकल्पिक खेलाडीका रूपमा मैदानमा आएका जर्मनीका काकाउले अस्ट्रेलियाविरुद्ध, चिलिका रोड्रिगो मिलरले स्पेनविरुद्ध र स्लोभाकियाका कामिल कोपुनेकले इटालीविरुद्ध २ मिनेटमै गोल गरे ।
- सर्वाधिक ढिलो गोल उरुग्वेका अल्भारो पेरेराले दक्षिण अफ्रिकाविरुद्ध अतिरिक्त समयको ५ औं मिनेटमा गरे ।
- विजेता टिमका लागि सर्वाधिक ढिलो गोल अमेरिकाका ल्यान्डन डोनोभानले अल्जेरियाविरुद्ध गरे । अतिरिक्त समयको पहिलो मिनेटमै भएको उक्त गोलले अमेरिकालाई विजेता बनाएको थियो ।
- दक्षिण कोरियाका पार्क चु योङ र डेनमार्कका ड्यानियल एगरले मात्र आत्मघाती गोल गरेका थिए ।
- यो विश्वकपका सर्वाधिक पाका गोलकर्ता मेक्सिकोका काउथेमोक ब्लान्को हुन् । उनले फ्रान्सविरुद्ध गोल गर्दा उनको उमेर ३७ वर्ष १ सय ५१ दिन थियो ।
- सर्वाधिक कम उमेरमा गोल गर्ने खेलाडी जर्मनीका थोमस मुलर रहे । उनले अस्ट्रेलियाविरुद्ध गोल गर्दा उनको उमेर २० वर्ष २ सय ७३ दिन मात्र थियो ।
- अन्तिम गोल स्पेनका आन्द्रेस इनिस्टाले गरे । यी इनिस्टाले फाइनलमा अतिरिक्त समयमा २६ औं मिनेटमा गोल गरेका थिए ।

## विश्वकपमा अनुशासन

- यो विश्वकपमा प्रतिखेल ४ दशमलव ७ को औसतमा २ सय ६० वटा पहेंलो कार्ड देखाइयो ।
- यो विश्वकपमा प्रतिखेल शून्य दशमलव २६ को औसतमा १७ वटा रातो कार्ड देखाइयो ।
- यो विश्वकपमा पहिलो पहेंलो कार्ड मेक्सिकोका इफेन ज्वारेजले दक्षिण अफ्रिकाविरुद्धको खेलमा पाएका थिए ।
- यो विश्वकपमा पहिलो रातो कार्ड उरुग्वेका निकोलास लोडेरोले फ्रान्सविरुद्धको खेलमा पाएका थिए ।
- यो विश्वकपमा सबैभन्दा चाँडो पहेंलो कार्ड चिलीका हम्बर्टो स्वाजोले स्वीजरल्यान्डविरुद्ध खेल प्रारम्भ भएको १ मिनेट २० सेकेन्डमै पाएका थिए ।
- वैकल्पिक खेलाडीका रूपमा आएका अल्जेरियाका अब्देलकादेर गेजालले स्लोभानियाविरुद्ध खेल्न मैदानमा प्रवेश गरेको एक मिनेटमै पहेंलो कार्ड पाएका थिए ।
- अस्ट्रेलियाका हेन्री केवेल घानाविरुद्ध खेल प्रारम्भ भएको २४ औं मिनेटमा रातो कार्ड पाएर मैदानबाट बाहिरिएका थिए ।
- उरुग्वेका लुइस स्वारेज घानाविरुद्ध भएको खेलको १ सय २१ औं मिनेटमा रातो कार्ड पाएर सर्वाधिक ढिलो मैदानबाट बाहिरिए ।
- यो विश्वकपमा सर्वाधिक बढी २५ पहेंलो कार्ड नेदरल्यान्डका खेलाडीहरूले पाएका थिए ।
- सर्वाधिक कम २ पहेंलो कार्ड उत्तर कोरियाको टिमले पाएको थियो ।
- यो विश्वकपमा सर्वाधिक २ रातो कार्ड ब्राजिल, अस्ट्रेलिया, अल्जेरिया र उरुग्वेका खेलाडीले पाएका थिए ।
- सर्वाधिक बढी ३ पहेंलो कार्ड ब्राजिलका काका, सर्बियाका अलेकस्यान्डर लुकोभिक तथा नेदरल्यान्डका जोन हेटिन्गाले पाए ।
- नेदरल्यान्ड र स्पेनविरुद्ध भएको फाइनल खेलमा सर्वाधिक बढी १४ वटा पहेंलो कार्ड र एउटा रातो कार्ड देखाइएको थियो ।
- उत्तर कोरियाविरुद्ध आइभोरिकोस्ट र जर्मनीविरुद्ध स्पेनबीच भएको खेलमा एउटा पनि कार्ड देखाइएन ।

### सर्वाधिक गोल गर्ने खेलाडी

५ गोल : **थोमस मुलर (जर्मनी)**
वेस्ले स्नाइडर (नेदरल्यान्ड)
डेभिड भिल्ला (स्पेन)
डिएगो फोर्लान (उरुग्वे)

४ गोल : **गोन्जालो हिग्विन (अर्जेन्टिना) मिरोस्लाभ क्लोस (जर्मनी)**
रोबर्ट भिटेक (स्लोभाकिया)

३ गोल : **लुइस फाबियानो (ब्राजिल)**
ल्यान्डोन डोनोभान (अमेरिका)
लुइस स्वरेज (उरुग्वे)
आसामोह ज्ञान (घाना)



# अक्टोपसको रहस्य



**कुलचन्द्र अर्याल**

दक्षिण अफ्रिकामा भएको विश्वकप फुटबल प्रतियोगितामा पउल नाम गरेको अक्टोपसले गरेको भविष्यवाणी मिलेपछि सारा संसारमा तरंग फैलियो । अक्टोपसकै भविष्यवाणीअनुरूप यसपटकको विश्वकपको उपाधि स्पेनले हात पाऱ्यो । सेमिफाइनलमा स्पेनसँगको खेलमा जर्मनीले हार्छ भनेर अक्टोपसले गरेको भविष्यवाणी मिलेपछि जर्मनीका समर्थकहरू आगो भए र पउललाई मारेर चटनी खानुपर्छ सम्म भने, कतिले बमले उडाउनुपर्छ भने । जर्मनीमा त्यो अक्टोपसमाथिको आक्रोश बढ्दै गएपछि त्यसको जीवनरक्षाका बारेमा वन्यजन्तुविद्हरूले मात्र होइन, धेरैले चिन्ता व्यक्त गरे । स्पेनले त अक्टोपसलाई आफ्नो देशलाई हस्तान्तरणसम्म गर्नसम्म्म आग्रह गऱ्यो ।

आफूलाई फुटबल पण्डित मान्नेहरूले चालू विश्वकपमा गरेका अनुमान एकपछि अर्को गर्दै फेल खाइरहेका बेला अक्टोपसले गरेको भविष्यवाणी मिलेको कुरा सुन्दा सबै आश्चर्यमा पर्नु स्वाभाविक हो । धेरैले नामै नसुनेको समुद्रमा बस्ने जीवले मानिसले खेल्ने फुटबलको नतिजा ठ्याक्कै मिलाएपछि यो कस्तो जीव होला भनेर जान्ने उत्सुकता धेरैमा पलाएको हुनुपर्छ । के अक्टोपसमा भविष्यवाणी गर्न सक्ने क्षमता हुन्छ ? अथवा यी सबै घटना संयोग मात्रै हुन् भन्ने कुराको भेउ कसैले पाउन सकेका छैनन् । अझ विज्ञान र प्रविधिमा धेरै अगाडि मानिने युरोपेली मुलुकले फुटबलको भविष्यवाणीका लागि यही जीवको प्रयोग गरिनुले रहस्य थप



बढाएको छ । अक्टोपसको यो क्षमताका सम्बन्धमा जीव वैज्ञानिकहरू पनि अन्यौलमा छन् । यद्यपि अक्टोपस बुद्धिमान् प्राणी हो भन्ने विषयमा भने सबै सहमत छन् ।

**के हो अक्टोपस ?**

शंखेकीराको वर्ग मोलस्कामा पर्ने अक्टोपसको शारीरिक संरचना अचम्मको हुन्छ । हिँड्नका लागि टाउको सँगै जोडिएको मांसपेशीयुक्त आठवटा खुट्टा भएकाले यसको नाम अक्टोपस राखिएको हो । जीव वैज्ञानिकहरूले अहिलेसम्म ३ सय प्रजातिको अक्टोपस पत्ता लगाएका छन् जसमध्ये एउटा प्रजाति मात्र खतरनाक छ, जसले मानिसलाई आक्रमण गर्छ । अक्टोपसको आयु बढीमा चार वर्ष हुन्छ । विश्वमा पाइनेमध्ये अहिलेसम्मकै सबैभन्दा ठूलो अक्टोपस उत्तरी प्रशान्त क्षेत्रमा पाइने अक्टोपस हो, जसको तौला १५ किलो र खुट्टाको लम्बाइ ४ मिटरभन्दा बढी छ । अक्टोपसका तीनवटा मुटु हुन्छन् । सबै अक्टोपस मांसाहारी हुन् र उनीहरू आफूभन्दा ठूला सामुद्रिक जीवको समेत सिकार गर्छन् ।

सन् १९७० मा गरिएको एक अनुसन्धानले अक्टोपसको बुद्धि ढाड नभएका जनावरमध्ये सबैभन्दा बढिभएको पत्ता लगाएको थियो । केही वैज्ञानिकले त अझ यसको मस्तिष्कको क्षमता मानिसकै तहमा रहेको बताउँदै आएका छन् । वैज्ञानिकहरूका अनुसार अक्टोपसको स्नायुप्रणाली निकै जटिल हुन्छ । ठूलो तथा विकशित मस्तिष्कका कारण अक्टोपसले निकै कठिन कुरा पनि सिक्न र सम्झन सक्छ । जिव वैज्ञानिकहरूका अनुसार अक्टोपसलाई रंग र आकार छुट्याउने तालिम दिन सकिन्छ । अक्टोपसको देख्ने, स्वाद थाहा पाउने र वातावरणीय परिवर्तन अनुभव गर्ने शक्ति पनि धेरै हुन्छ । अक्टोपसमा यस्तो जैविक क्षमता भए पनि भविष्यमा हुने घटनाका विषयमा यसले गरेको भविष्यवाणीलाई पुष्टि गर्ने कुनै आधार भने फेला परेको छैन । अक्टोपसमा भविष्यवाणी गर्ने अलौकिक क्षमता छ भनेर वैज्ञानिक पुष्टि पनि भएको छैन । त्यसैले यसले गरेका भविष्यवाणी संयोग मात्र हुन् भन्ने दाबी पनि गरिँदै आएको छ । कतिपयले भने अक्टोपस भगवान् नै भएको र यसको भविष्यवाणी गर्ने अद्भुत क्षमता रहेको जिकिर गर्दै आएका छन् ।

हुनत विज्ञान र प्रविधिमा निकै प्रगति गरे पनि आफूले गर्न नसकेका कामहरू फत्ते गर्न भगवान् वा त्यस्तै अरू अलौकिक वा अनौठो शक्तिको भर पर्नु मानवीय प्रवृत्ति नै हो । त्यसैले विश्वकप फुटबलमा भएको अक्टोपसको प्रयोगलाई पनि अनौठो मान्नुपर्दैन । अक्टोपसले गरेका भविष्यवाणी किन मिले र त्यसमा मानिसहरूको यतिविधि विश्वास किन छ भन्ने कुराको चुरो खोज्नतर्फ वैज्ञानिकहरू जुट्नैपर्छ ।

## पाउलको चमत्कार



फुटबलका पण्डितहरूलाई पनि मात ख्वाउने काम समुद्री जीव पाउल नामको अक्टोपसले गऱ्यो । यो विश्वकप ब्राजिलले जित्ने अनुमान फुटबल संवाददाताहरूले विश्वकप प्रारम्भ हुनुभन्दा अघि नै गरेका थिए । इंग्ल्यान्ड, अर्जेन्टिना, जर्मनीलगायत विभिन्न देशका फुटबल विश्लेषकहरूले आ-आफ्नै ढंगले विश्वकप विजेता को हुने भनेर अनुमान गरेका थिए । कहिल्यै फुटबल खेलेको नदेखेको र पानी बाहिरको संसारमा बाँच्ने कल्पनासमेत गर्न नसक्ने पाउल नामको अक्टोपसले खेल अगाडि गरेका सबै ८ भविष्यवाणी मिलायो । पाउलले जर्मनीले जितेका ५ खेल, हारेका २ खेल, स्पेन र नेदरल्यान्डविरुद्ध भएको फाइनल खेलको पनि सही पूर्वानुमान गरेको थियो । जर्मनीको एक रेस्टुरेन्टको एक्वारियममा राखिएको पाउलले स्पेनसँग सेमिफाइनलमा जर्मनीले हार्ने पूर्वानुमान गरेपछि पाउललाई मार्ने चेतावनीसमेत आएको थियो भने स्पेनले उसको रक्षाका लागि अन्तर्राष्ट्रिय समर्थन जुटाउने प्रयास गरेको थियो ।

खेलकुदका पण्डितहरूले गरेको अनुमानलाई गलत साबित गर्दै आफू नै यो विश्वकपको पण्डित रहेको प्रमाणित गर्न सफल २ वर्षीय पाउललाई अब चाँडै नै उसको प्राकृतिक बासस्थानमा फर्काइनेछ ।

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १४ बर्षदेखि देशभर १३ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्धारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।

* * * * * * * * * * * * * * * * *
नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन् ।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-५४१४६९, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५७२१४४, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८, बागलुङ्ग ०६८-५२२७१०

Language & Computer
Software, Hardware and Networking
Language: Special & package Programs
English, Japanese, French, German, Korean, Hibrew, Chinese, Spanish, Italian.
TOEFL / IELTS / VISA/JOB INTERVIEW PRE. CLASSES
Computer Curses: Basic, Office, Web, Graphics, Programming Accounting Package
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. New Baneshwor Dept. store) Tel: 4785226 | New Baneshwor (Opp. BICC water Tank) Tel: 4483414 | Adwait Marg (Bagbazar) Tel: 4232866 | Lagankhel (Bus Park) Tel: 5004018

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
कम्प्यूटर हार्डवयेर, सफ्टवेयर
एसी/फ्रिज
हाउसवायरिङ्ग
मोटरवाईण्डिङ्ग
Guarantee
लोडसेडिङ्ग नो प्रोब्लम
१४ वर्ष पूरानो
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

एस. एल. सि.
• प्राईभेट Test/SLC 2067
• SLC पूरक Tuition कक्षा
• SLC Regular/Exampted
का कोचिङ्ग कक्षाहरु धमाधम हुँदैछन् ।
उपत्यका बाहिरका विद्यार्थीलाई SLC विशेष कक्षा
Columbia Academy
नयाँ बानेश्वर, शंखमुल झर्ने ओरालोमै
फोन नं. 4781061, 9851095070
कोलम्बस कलेजको ठिक अगाडि

Learn Job oriented
COMPUTER
Basic Windows
Graphic Designing
Web Page Designing
Accounting
Computer Operator
Load Sheding No Problem
English Language
IELTS/TOEFL
Study Abroad
MEMBER OF ECAN
Getway
Educational Consultancy P. Ltd
Bagbazar,KTM.Ph: 4239719, 4241870

रोजगारीमूलक तालिम
१५ वर्षदेखि निरन्तर...
नेपालको नं. 1 Study Center
(CTEVT द्वारा सम्बन्धनप्राप्त)
फोटोग्राफी
Digital कलर ल्याब
VISUAL EDITING & ANIMATION
भिडियोग्राफी
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

Worldwide Valid Certificate
फ्रि कुक तालिम
छैठो वर्ष पुगेको अवसरमा २ हप्ते कुक तालिम मात्र 30 जनालाई फ्रि
फर्म भर्ने अन्तिम मिति असार मसान्त सम्म
१. महिला १० जना
२. दलित जनजाति १० जना
३. अन्यमा १० जना छुट्याएको छ ।
▸ कुक १ ½ महिना रु. 3000/-
▸ कुक ३ महिना रु. 8000/-
▸ वेटर र बारमेन रु. १३००/-
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
वसुन्धरा चौकी अगाडि रिङ्गरोड संगै
Ph:016212336,9841812055

फोटोग्राफी भिडियोग्राफी
❊ फोटो/भिडियो एडिटिङ
❊ फोटो/भिडियो प्रत्रकारिता
❊ फोटो ल्यामिनेशन
अरुण दत्तद्वारा
वि.सं. २०५३ देखि निरन्तर
Hurry UP
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साझा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, 4216291

खुम्जुङ होटेल तालिम
बागबजारमा
सम्पूर्ण होटल तालीममा धमाधम भर्ना
कुक सिक्नेका लागि वेटर ,हावसकिपीङ्ग,वेकरी English languges सित्तैमा (कुनै दुई वटा वेटर सिक्नेका लागि English languges फ्री
पुस्तकालयको ब्यबस्था, दक्ष अनुभवि शिक्षकद्धारा आफ्ने होटलमा सम्पूर्ण तालीम दिइने
वार टेन्डर सिक्नेकालागि वेटर सित्तैमा
वैदेशिक रोजगारको पनि ब्यवस्था
Hotel Khumjung Pvt. Ltd.
बागबजार शाखा: रत्नपार्कबाट बागबजार छिर्दा पिके कलेजको पर्खाल छुने वित्तिक्कै दाहिने पट्टीको सुन पसलबाट भित्र छिर्ने यति प्लाजा भित्र IBM College को तेश्रो तल्लामा (लिफ्टको पनि सुविधा छ ।)
4240199, 016226791, 9841578724

Drive Your Career in 5 star Hotel
Internship & Job Opportunities
ADMISSION OPEN
Advance Level Courses Details
2 Years Hotel Management
18 Months F & B Management
1 Years Kitchen Management
6 Months Advance Cook/Bartender
5 Months Advance Bakery/Pastry
Basic Level Courses
Cook/Waiter/Bar/Front Office/ Housekeeping
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
☎ 4484098, 2134544
नयाँबानेश्वर मिनभवन शान्तिनगर गेट संगै

हरेक महिलाले जान्नै पर्ने
बेकरी/कूकिङ्ग
अत्यन्त उपयोगी, रोजगारमूलक दुई हप्ते तालिम श्रावण २ गते देखि शुरू हुँदैछ । भर्ना खुल्यो ।
| | |
|---|---|
| ● कण्टिनेण्टल कूकिङ्ग | बिहान ११:०० बजे |
| ● बेकरी | दिउँसो १२:३० बजे |
| ● चाईनिज कूकिङ्ग | दिउँसो २:०० बजे |
| ● भारतीय मिठाई बनाउने तालिम | श्रावण ८ गते देखि १ हप्ता अपरान्ह ३:१५ बजे |
जमलेश्वर इन्स्टिच्यूट
(first & the foremost)
जमल– रानीपोखरी कर्नर, कमलाक्षी टोल
फोन नं. ४२४२६७१ / ९८४००५१३६५

होटल तथा पर्यटन तालिम

* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
11th Year of Establishment
South Asia Tourism HRD Program based training
Compare our quality with the others
सम्पर्क: सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक, BICC को पश्चिम
www.shangrilatraining.com.np
©4472553/4475113
Affiliated to CTEVT
Associates HAN REBAN ATHTIN

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।